CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान कन्था

डा. क्षितीश चन्द्र चक्रवर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्त - २५१

वेदान्त

Acc. No. ८६१८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानकन्था

लेखक

श्रोत्रिय ब्रह्मनिष्ठ

डॉ० क्षितीशचन्द्र चक्रवर्ती

संस्थापक—अद्वैत संस्था;

कुलपति—अद्वैत विश्वविद्यालय, नेपाल

Acc. NO. ८६१८

प्रकाशक

श्री जगतलाल श्रेष्ठ र श्रीमती तुलसी श्रेष्ठ

भोटाहिटी, काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

□ प्रकाशक :
श्री जगतलाल श्रेष्ठ र श्रीमती तुलसी श्रेष्ठ
भोटाहिटी, काठमाडौं

□ प्रथम संस्करण : १०००

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रमशाह देवको
चौतीसौं शुभ जन्मोत्सवको महान् अवसरमा
वि० सं० २०३५ पौष १४ गते

□ सर्वाधिकार सुरक्षित : अद्वैत संस्था, नेपाल

□ मूल्य : रु० १५।- १०/-

□ मुद्रक :
श्री माहेश्वरी प्रेस
भाट की गली (गोलघर),
वाराणसी - २२१००१ (भारत)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमपूज्य श्रीगुरुदेव

श्रोत्रिय ब्रह्मनिष्ठ डॉ० क्षितीशचन्द्र चक्रवर्तीज्यू

[जन्म—सन् १८९९ वैशाख शुक्ल पञ्चमी]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतज्ञता

यो ग्रन्थको प्रतिपाद्य विषय के हो र केका निमित्त यो ग्रन्थ कसरी बन्न गयो भन्ने सम्बन्धमा स्वयं ग्रन्थका लेखक श्रीगुरुदेवबाट आफ्नो प्रस्तावनामा स्पष्ट पारिबक्सेको छ। यो ग्रन्थको महात्ताबारे श्रीगुरुदेवबाट यतिसम्म आज्ञा भएको छ— "यो ग्रन्थयति महिमापूर्ण हे ला भनी मैले ठानेको थिइन, यस्तो ग्रन्थ नभूतो नभविष्यति"।

श्रीगुरुदेवको निवासस्थान कलकत्तामा एक हप्ता बसेर यो ग्रन्थ सार्ने अवसर मलाई पनि मिल्यो। साथमा आचार्य हस्तामलक ज्यू र कुलपति सहचारी श्रीअनन्तलाल सरस्वतीज्यू पनि हुनुहुन्थ्यो। ग्रन्थ लेखाइ बक्सँदा बीच-बीचमा व्याख्यान पनि गरिबक्सन्थ्यो। यसरी यो अमूल्य ग्रन्थरत्न जो श्रीगुरुदेवका कृतिहरूमध्ये पछिल्लो कृति हो। यसको महिमा र विशेषता बारे सारांशमा यत्ति भन्न सकिन्छ—श्रद्धाभक्तिपूर्वक प्रस्तावनामा श्रीगुरुदेवबाट आज्ञाभए अनुसार नियमलाई अपनाएर पढौं आत्मज्ञान र ब्रह्मज्ञान प्राप्त गरौं। अनि फल हाम्रो हातमा आइहाल्ने छ।

यो उच्चस्तरीय पुस्तकलाई श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रमशाहदेव सरकारको पुनीत शुभ जन्मोत्सव-को महान् पर्वमा प्रकाशित गर्न आर्थिक सहायता प्रदान गर्नुहुने प्रकाशक दम्पती धन्यवादका पात्र हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तमा श्रीगुरुदेवको कृपापात्र बनेर आफ्नो परम लक्ष्यमा पुग्ने सुअवसर पाएकोमा श्रीचरण प्रति कोटि-कोटि कृतज्ञता ज्ञापन गर्नुका साथै उहाँको चिरायु र सुस्वास्थ्यका निमित्त परम पिता-परमेश्वरसित प्रार्थना गर्दछु ।

श्रीगुरुदेवचरणाश्रित
ज्ञानेश्वर सरस्वती

२०३५, पौष १४ गते

॥ पञ्चम पुष्पोपहारः ॥

"अद्वैतसंस्था"-पथिक-"मोक्षपंथ"-प्रकाशिका ।
नूनं हि ज्ञानकंथेयं शीताज्ञान निवारिणी ॥१॥

स्मृत्वा सुषुप्ति ज्ञात्वा स्वं विश्वकोषस्वरूपिणीम् ।
मत्तो नान्यत्किमस्तीति ध्यायेत् गुरुप्रसादतः ॥२॥

भिद्यते हृदयग्रंथिश्छिद्यन्ते सर्वसंशयाः ।
क्षीयन्ते कर्मवन्धाश्च "ज्ञानकंथा" निषेवणात् ॥३॥

वैद्य—विश्वनाथ पाण्डेय : "देशिकोत्तम"
आचार्य—अद्वैतमहाविद्यालय
राजमंदिर—वाराणसी

पौषकृष्ण अमावस्या
सं० २०३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

यो "ज्ञानकन्था" ग्रन्थ हो मोक्षपन्थको पञ्चम रत्न। चतुर्थ ग्रन्थ "शंकराचार्य र भगवद्दर्शन" सित सम्बन्धित। सबै मानिसले दैनिक अनुभव गरिराखेको सुषुप्तिको स्पष्टरूपले विवेचना गर्नु हो मुख्य आधार। शांकर वेदान्तको चिन्ता धारा-मा एक नया दृष्टिकोणको उद्घाटन गरिएको यि ग्रन्थलाई वेदान्तको एक मुख्य प्रकरण ग्रन्थ भन्नु अत्युक्ति हुँदैन। यस्मा नया कुरा हो सुषुप्ति रहस्यलाई सजिलोसित देखाई दिनु।

ब्रह्मज्ञान प्राप्त गर्ने एकमात्र सरल बाटो हो सुषुप्तिको विचार। ब्रह्म सुषुप्तिमा पाइन्छ र अज्ञान पनि पाइन्छ। यति-मात्र हैन। अज्ञानको विनासको लागि संकेत पनि हामीहरूलाई सुषुप्तिबाट मात्र मिलछ अरू जाग्रत् स्वप्नबाट मिल्दैन। जाग्रत् र स्वप्नमा म घट देखिराखेको छु, पट देखिराखेको छु, सुखी छु, दुःखी छु। यसप्रकार अनुभव आत्मस्वरूपबाट प्रकाशित भैरहन्छ तापनि प्रत्यगात्मालाई प्राप्त गर्नु सम्भव छैन। त्यसैले सुषुप्तिको सार सर्वस्वलाई देखाइएको यि ग्रन्थ हुन वेदान्तको मुटु। दुई अवस्थामा जगत्को ज्ञान हुन्छ र सुषुप्तिमा संसारको (चित्तका वृत्तिहरूको) ज्ञान हुँदैन त्यसोभए त्रिपुटीलाई जान्नु र नजान्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मस्वरूपदेखि पृथक् हैन। ब्रह्मस्वरूपको ज्ञान भए मात्र त्रिपुटीलाई जान्नु र नजान्नुको निवृत्ति भैहाल्छ।

भूलले गर्दा ब्रह्मस्वरूपबाट च्युत भए जगत खडा हुन्छ। जगत निरसनको लागि त्यस्को कारण भूललाई हटाउनुपर्छ। भूलको निवृत्तिको एकमात्र उपाय हो जगत्लाई ब्रह्मरूप भनी जान्नु। सुषुप्ति र जाग्रत्को बीचमा जाग्रत् र स्वप्नको माझमा अवस्थाको आधार स्वरूप ब्रह्मको अनुभव हुन्छ यसरी विचार गरे थाहा हुन्छ कि अवस्था ब्रह्मदेखि भिन्न भए दुई अवस्थाको बीचमा कहाँ थिए र पछि कसरी आउनसक्छ? त्यसकारण एक मात्र भएको वस्तु हो ब्रह्म भनी सिद्ध भयो।

चित्तका वृत्तिहरूलाई ब्रह्मस्वरूप भनी जाने र सदा यो कुरालाई याद गरीराखे बुद्धि सारा वृत्तिरहित हुन्छ र ब्रह्मस्वरूपको साक्षात्कार सजिलोसित प्राप्त हुन्छ। सार्थक र सफल वेतान्तको नया चिन्ता धारा के हो भनी बुझ्नको लागि शान्त भएर यि ग्रन्थलाई पढ्नुपर्छ तव मात्र थाहा हुन्छ। अन्तमा श्रीगुरुदेवमा वन्दना गर्दछु।

२०३५,
पौष १४ गते
वाराणसी

श्रीगुरुदेवको कृपापात्र
धर्मनिष्ठ
डिल्लीराज सरस्वती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानकन्था

(वाशिष्ठ-वैयासिक सिद्धान्त सिद्धाञ्जन)

विषय-सूची

विषय	पृष्ठ
☐ प्रस्तावना	१
☐ प्रथम भाग : परोक्षज्ञान	५
☐ प्रथम अध्याय	
ज्ञानपथको सामान्य परिचय	७
☐ द्वितीय अध्याय	
ध्यान किम्वा निदिध्यासन	
(क) सोपाधिक आत्मा	१५
(ख) निरुपाधिक आत्मा	२१
☐ द्वितीय भाग : अपरोक्षज्ञान	२५
☐ तृतीय अध्याय	
निर्विकल्प समाधि	
(चतुर्थ पञ्चम ज्ञान भूमिका)	२७
☐ चतुर्थ अध्याय	
निर्विकल्प समाधिको साधन (१)	३३
☐ पञ्चम अध्याय	
निर्विकल्प समाधिको साधन (२)	४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पृष्ठ
□ **षष्ठ अध्याय**	
निर्विकल्प समाधिको साधन (३)	५५
□ **सप्तम अध्याय**	
निर्विकल्प समाधिको परिपाक	
(षष्ठ र सप्तम ज्ञान भूमिका)	
(क) षष्ठ ज्ञान भूमिका	६३
(ख) सप्तम ज्ञान भूमिका	६७
(ग) जीवन्मुक्त र विदेहमुक्त	७०
(घ) तीन प्रकार समाधि	७२
(ङ) सोषुप्त, तुरीय र तुरीयातीत पद	७२
□ **परिशिष्ट**	७९
ब्रह्मज्ञान उत्पत्तिको साधन रहस्य	
(क) द्वैत पदार्थ हो कल्पित, आत्मा हो अकल्पित	८१
(ख) कल्पित द्वैत प्रपञ्चको निरसन	८४
(ग) अज्ञानको आत्यन्तिक परिहार	८९
(घ) ब्रह्मज्ञान प्राप्तिको संक्षिप्त प्रणाली	९२
□ **प्रश्नोत्तर**	९३
प्रश्नावली	९५
उत्तरावली	९७
□ **सूचीपत्र**	१३५
□ **प्रकाशकको संक्षिप्त परिचय**	१४३

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानकन्था
(वाशिष्ठ-वैयासिक सिद्धान्त सिद्धाञ्जन)

प्रस्तावना

ज्ञान नहुनुसम्म मानिस निरन्तर कर्ता भोक्ता बनीकन काम-काज गरिरहन्छ र नतीजाले दुःखको नै अनुभव गर्दछ। यद्यपि सुखको लागि नै त्यसको काम हो (किनकि मानिस केवल सुखलाई चाहन्छ, सुख नै हो त्यसको वास्तव स्वरूप) तापनि त्यसले आरामको अनुभव गर्न सक्दैन (किनकि इष्ट विषय सुख प्राप्त भए तापनि विषयको अवश्यम्भावी वियोगबाट त्यसले परिणाममा दुःखको नै अनुभव गर्दछ)। कर्मलाई मूल सहित परित्याग गरीकन मानिस जब स्वतः सिद्ध आफ्नो सुखस्वरूपमा अवस्थित हुन्छ, तबमात्र आराम किम्वा विश्रामको अनुभव गर्न सक्दछ। दोलाईं ओढेपछि जस्तो आराम मिल्छ त्यस्तो यो किताब सुनेपछि भरिभराऊ सुखको अनुभव हुन्छ। यो ग्रन्थमा प्रतिपादित भएको सिद्धान्त पढेपछि वृत्तिहीन मनरूप आँखाले आफ्नो आनन्दस्वरूप ब्रह्मलाई स्पष्ट देखिहाल्छ।

केवल सुषुप्ति विचाररूप साधनद्वारा सम्यक् ज्ञान प्राप्त गरीकन चतुर मुमुक्षु पुरुष निश्चित रूपले त्यसको निजी नित्य स्वरूपमा नै सम्यक् स्थित भैहाल्छ। यो नै हो "सिद्धाञ्जन" शब्दको अभिप्राय। सुषुप्तिको विचार हो सिद्धाञ्जन।

चिरन्तन जगद्गुरु भगवान् व्यास वशिष्ठद्वारा प्रदर्शित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुषुप्ति सम्बन्धी संपूर्ण उपदेशको भण्डार भएको हुनाले यो ग्रन्थलाई वेदान्तमा सुप्रसिद्ध "सुषुप्ति" र "अज्ञान" यो शब्द-द्वयको विश्वकोष भने हुन्छ (जसमा सुषुप्ति-सम्बन्धी सारा तथ्यको विवेचन गरिएको छ)।

भगवान् शंकरले मण्डनमिश्रलाई उपदेश दिनुभएको थियो : तिमी ह्वौ अद्वैत सुखस्वरूप; यो सुखस्वरूप ब्रह्म नै हो सम्पूर्ण वेदान्तको प्रतिपाद्य वस्तु। द्वैत जगत्लाई शास्त्रले प्रतिपादन गरे-को छैन; किनकि जगत् हो मिथ्या र दुःखरूप। तिमी सधैं आनन्द-स्वरूपलाई सत्य भनीकन र द्वैत जगत्लाई मिथ्या भनी जान्नु, ठीक जस्तो तिमीले सुषुप्ति कालमा प्रतिदिन अनुभव गरिराखेको हो।

जगत् सृष्टिको पहिले तिमी नै एकमात्र सद् ब्रह्मरूपले विद्यमान थियौ; यो हो तिम्रो सुषुप्ति-कालीन संशयरहित अनुभव; किनकि त्यो वेला तिमी नै एकमात्र विद्यमान थियौ; संपूर्ण जगत्को अभाव हुन्छ। सद् ब्रह्मको विद्यमानता केवल सुषुप्तिकालमा संभव हुन्छ। त्यसकारण जबसम्म तिमी सुषुप्ति-को विचारद्वारा सम्यक् ज्ञान प्राप्त गर्दैनौ तबसम्म अज्ञानवशात् तिमी सुषुप्तिबाट जाग्नुरूप जगत्को सृष्टि गरिरहन्छौ र आफू त्यो सृष्ट जगत्मा जीवरूपले प्रविष्ट भैकन भ्रमले कर्ता र भोक्ता भाव प्राप्त गरिहाल्छौ। तिमी तिम्रो परमात्म-स्वभावलाई विर्सीकन जीव भावलाई प्राप्त गरेका ह्वौ (ब्रह्म-स्वरूप भैकन पनि तिमी अहंरूप जीव बनेका ह्वौ)। सुषुप्तिकालमा तिमीले जो सौषुप्त आनन्दमयलाई आफ्नो वास्तव स्वरूप भनी अनुभव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेकाथियौ त्यसको जाग्रत्‌मा नित्य निरन्तर स्मरण गरिराखे-पछि (यो नै हो मुमुक्षुबाट ईश्वरलाई सर्वथा ग्रहण गरिराख्नु, अर्थात् मुमुक्षुबाट ईश्वरको ग्रहण) ईश्वरको अन्तिम अनुग्रहबाट ब्रह्मस्वरूपको अपरोक्ष अनुभव गर्न सकिहाल्छौ। गीता १८।६४-६५ को यो नै हो आशय।

यसरी सम्यक् ज्ञान उदित भए तिमी तिम्रो आनन्दस्वरूप ब्रह्ममा नै अवस्थान गर्न सक्छौ।

कर्ता-भोक्ताभाव तिम्रो वास्तव स्वरूप हैन; त्यो सुषुप्ति अवस्थामा रहँदैन। सुषुप्ति अवस्था हो स्वाभाविक स्थितिको द्योतक; त्यो अविद्याकृत हैन। सुषुप्ति अवस्थामा द्रष्टा र दृश्य-भाव भए तापनि—प्राज्ञरूप निर्दृश्य द्रष्टालाई मानिन्छ तापनि सुषुप्तिको साक्षी (सुषुप्ति अवस्थारहित) प्रत्यगात्मा तिमी ह्वौ नित्य विज्ञप्ति-स्वभाव; यो विषय अत्यन्त स्पष्टरूपले यो ग्रंथमा प्रतिपादित भएको छ।

परमप्रिय शिष्य असाधारण-सुकृतिसम्पन्न हस्तामलकको प्रार्थनाले यो ग्रंथमा भगवान् व्यासको सम्पूर्ण सिद्धान्त अत्यन्त सरलरूपले निरूपित भएको छ। यो रहस्यपूर्ण ग्रंथलाई शान्त चित्तमा तीन पटक श्रवण गरेपछि प्रिय शिष्य योगीश्वर पद्मपाद आचार्य र योगेश्वर आचार्य देवेश्वर कोटि जन्मार्जित पुण्यवशात् अन्तिम प्रमालाई प्राप्त गरीकन कृतकृत्य हुन सक्छन्। यो नै हो यो ग्रंथ रचनाको आशय।

"शंकराचार्य र भगवद्दर्शन" र "ज्ञानकन्था" ग्रन्थ हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुवै नै रहस्यपूर्ण ग्रंथ। ज्ञानकन्था ग्रंथको पाठ र श्रवण गर्नुको प्रणाली हो :—

प्रथम पटक प्रस्तावनाबाट शुरु गरीकन क्रमिकरूपले अध्यायसप्तक पाठ र श्रवण गर्नुको पछि परिशिष्ट र प्रश्नोत्तर श्रवण गनुपर्दछ। द्वितीय पटक प्रश्नोत्तरबाट शुरु गरीकन परिशिष्टको पाठपूर्वक अध्यायसप्तक र प्रस्तावना पढनुपर्दछ। र तृतीय पटक परिशिष्टबाट शुरु गरीकन प्रश्नोत्तर पढनुको पछि अध्यायसप्तक र प्रस्तावनाको पाठ किम्वा श्रवण गर्नुपर्दछ।

यो देखि बढी गर्नुपर्ने कुनै पनि काम छैन।

यो ग्रंथ-प्रणयनको उद्देश्य हो भगवान् वशिष्ठ, भगवान् व्यास र भगवान् शंकरको अद्वैत सिद्धान्तको स्पष्टीकरण। यसको फलले भगवान् व्यास प्रसन्न हुनुहुने छ।

ग्रंथको अन्तमा अत्यन्त प्रयोजनीय विषय "सूचीपत्र" यत्नपूर्वक प्रस्तुत गर्नुको लागि प्रिय शिष्य वेदान्त-विद्यावारिधि तीर्थप्रसाद प्रधानलाई हार्दिक आशीर्वाद ज्ञापन गर्दछु।

भगवान् व्यासको पवित्र जन्मभूमि दमौलीमा शान्तमूर्ति हस्तामलकाचार्यबाट आयोजित २०३५ फागुनको भावी महा सत्संग समारोहलाई प्रदत्त उपदेश हो प्रधानरूपले ज्ञानकन्था ग्रंथमाथि आधारित। यो ग्रंथमा दुःखप्रद अज्ञानको निवृत्तिपूर्वक नित्य निरतिशय आनन्दलाई प्राप्त गर्नुको उपाय प्रदर्शित भएको छ।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम भाग : परोक्ष ज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम अध्याय

ज्ञानपथको सामान्य परिचय

मनुष्य दुई प्रकारको हुन्छ—प्रवृत्तिपरायण र निवृत्ति-परायण। निवृत्तिपरायण पुरुषको विषय भोगमा वैराग्य हुन्छ; किनकि संसार हो मिथ्या र त्यसले संसारबाट पार भैकन आफ्नो वास्तव सुख स्वरूपलाई प्राप्त गर्न चाहन्छ। संसार हो दुःखदायी र निरन्तर परिवर्तनशील। आफ्नो वास्तव स्वरूप हो क्षय र अतिशयदेखि रहित। यो आफ्नो सुख-स्वरूपको अनुभव सबैलाई सुषुप्ति अवस्थामा हुन्छ। तर सम्यक् ज्ञान नभए सुषुप्ति अवस्थाको उल्लंघन संभव हुँदैन।

सुषुप्तिको विचार गरे सारा कामनाको निवृत्ति हुन्छ र निजी स्वरूप प्राप्तिको कामना बाँकी रहन्छ। सुषुप्तिको विचारको फलले सविकल्प समाधि दशा प्राप्त हुन्छ; यो हो ईश्वरदर्शन। सुषुप्ति अवस्थामा सुषुप्त पुरुष प्राज्ञ किम्वा ईश्वर-रूपले अज्ञानको वृत्तिद्वारा आफ्नो आनन्दस्वरूपको अनुभव गर्दछ। सुषुप्तिको विचार अवलम्बन गरे म नै त सुषुप्ति अवस्थामा आनन्दको अनुभव गरेको थिएँ। त्यसकारण म नै त ईश्वरदेखि अभिन्नस्वरूप हुँ। यसप्रकार जानेर (जाग्रत कालमा) शुद्ध सत्त्वयुक्त चित्तको सहाराले ईश्वर साक्षात्कार गरिहाल्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्गुण भक्त (गीता ७।१६–१९) भगवदाकार वृत्तिप्रवाहको उत्पत्तिद्वारा अभिन्न भगवत्स्वरूपको साक्षात् अनुभव गर्दछ। वृत्तियुक्त चित्त विद्यमान भएको हुनाले ज्ञानयोग हो परोक्षज्ञानरूप। त्यो अनुभव साक्षीभास्य भएको हुनाले यो हो सविकल्पसमाधि (मध्यम शान्ति र तृतीय ज्ञानभूमिका)।

वैराग्यपूर्वक विचारको फलले विषयमा आसक्तिको अभाव भए मन अत्यन्त सूक्ष्म (शुद्ध सत्त्वयुक्त) हुन्छ। फलले इन्द्रियद्वारा शब्दादि विषयको ग्रहण हुन पाउँदैन र सविकल्प समाधि प्राप्त हुन्छ। जबसम्म इन्द्रियद्वारा विषय ग्रहण भैरहन्छ तबसम्म ध्यान[1] अवस्था हुन्छ।

एक अद्वितीय ब्रह्म उपाधिभेदले ईश्वर र जीव भनी भनिन्छ। जस्तो मठ उपाधियुक्त आकाश (मठाकाश) घट उपाधियुक्त आकाश (घटाकाश) देखि भिन्न हैन, त्यस्तो शुद्ध सत्त्व गुणयुक्त चैतन्य (ईश्वर) मलिन सत्त्वगुणयुक्त चैतन्य (जीव) देखि भिन्न हैन। त्यसकारण तम र रजोगुणको वर्जनद्वारा मुमुक्षु पुरुषले ईश्वरपरायण हुनुपर्दछ।

वैराग्यपूर्वक विचार गरेपछि अन्नमयकोषबाट शुरु गरीकन आनन्दमयकोषलाई सुषुप्ति अवस्था भनेको छ। यसमा द्रष्टा दृश्यभाव रहन्छ; प्राज्ञ आत्मादेखि व्यतिरिक्त सारा विषय र वासनाको (अर्थात् जाग्रत् र स्वप्नका स्थूल र सूक्ष्म सारा विषयहरूको) अभावलाई देखदछ।

---

१. ध्यानको बारेमा परवर्ती अध्यायमा बताइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवस्थात्रयको अन्यतम भएको हुनाले सुषुप्तिको व्यभिचार हुन्छ; तब सुषुप्त पुरुष किम्वा प्राज्ञ (सुषुप्ति-साक्षी नित्य ज्ञानस्वरूप) तुरीय आत्मरूपले विद्यमान हुन्छ। सुषुप्तिको विचारको फलले आत्मस्वरूपको परोक्ष ज्ञान हुन्छ। मनुष्य युक्तिको[२] सहाराले जान्न सक्छ कि "म हुँ देह, इन्द्रिय, प्राण, मन, बुद्धि र अविद्यादेखि अतीत चैतन्य वस्तु" यस प्रकार विचारको पछि सम्यक् ज्ञानद्वारा मुमुक्षु पुरुष आफ्नो ब्रह्मस्वरूपको साक्षात् अनुभव गरिहाल्छ। यसैलाई ब्रह्मसाक्षात्कार किम्वा चतुर्थी ज्ञान भूमिका भनेको छ। यसैको नाम हो निर्विकल्प समाधि।

ईश्वरसाक्षात्कार पछि ब्रह्मसाक्षात्कार सम्भव हुन्छ। ईश्वरसाक्षात्कारको दृढता हो ब्रह्मसाक्षात्कार।

ईश्वरसाक्षात्कारको लागि सारा पदार्थको इच्छा (रजोवृत्ति) छोड्नुपर्दछ; केवल ईश्वरपरायण हुनुपर्दछ। यो हो त्वंपदार्थको शोधनको उपाय। शोधित त्वंपदार्थ हो अशुद्ध तत्पदार्थ।

सारा विषयको इच्छालाई कसरी छोडने ? ईश्वरनिर्भरताद्वारा। सम्पूर्ण जगत्को ईश्वर (तत्पदार्थ) जसलाई सुख दिनुपर्छ[३] त्यसलाई सुख दिनुहुन्छ र जसलाई दुःखदिनुपर्छ त्यसलाई दुःख दिनुहुन्छ। सुख-दुःख जीवको हातको कुरा हैन। (जीव चेष्टा-

---

२. विचार हो युक्ति।

३. यो हो जीवको प्रारब्ध कर्मको फलरूप, ईश्वर हुनुहुन्छ कर्मको फलप्रदाता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वारा विषयसुखलाई पाउन सक्दैन किम्वा दुःखबाट रहित हुन सक्दैन)। ईश्वर हुनुहुन्छ गर्नेवाला र गराउनेवाला।

यसरी म कर्ता हुन पाएन, भोक्ता पनि हुन पाएन। जो कुछ भैराखेको छ त्यो ईश्वरको सत्ताबाट भैराखेको छ। यसरी जीव अभिमानरहित पुण्यक्रिया परायण भैहाल्छ। यसैको फलले आत्मस्वरूपको (ईश्वरस्वरूपको) साक्षात्कार भैहाल्छ।

ऐले ब्रह्मसाक्षात्कारको उपाय देखाइन्छ; यो हो ईश्वर-साक्षात्कारको दृढता। जस्तो त्वंपदार्थको शोधन हो ईश्वरसाक्षात्कार। त्यस्तो तत्पदार्थको शोधन को फल हो ब्रह्मसाक्षात्कार।

मुमुक्षु पुरुषले पहिले आफ्नो ईश्वरस्वरूपतालाई प्रत्यक्ष गरोस् र पछि आफ्नो ब्रह्मस्वरूपको साक्षात्कार गर्न सक्छ। त्वंपदार्थको शोधन हो परोक्षज्ञान र तत्पदार्थको शोधनको फल हो अपरोक्ष ज्ञान।

मुमुक्षु पुरुषको द्विविध शोधनलाई भगवान् वशिष्ठले तृतीय ज्ञानभूमिका (तनुमानसा) को दुई विभाग (सामान्य असंगता र विशेष असंगता) रूपले वर्णन गर्नुभएको छ। सामान्य असंगता हो पूर्व प्रदर्शित ईश्वर निर्भरता; विशेष असंगता हो सारा चित्तवृत्तिबाट रहित चैतन्यस्वरूपमा स्थिति।

तृतीय ज्ञानभूमिका (सविकल्प समाधि) हो ज्ञानको नजीकमा स्थिति; विचारवान् पुरुष यो भूमिकामा स्थित भैकन बुद्धिलाई बढाइरहन्छ। दृढ बुद्धि भए चतुर्थी भूमिका प्राप्त हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीन भूमिका हो जाग्रत् अवस्था; चतुर्थ भूमिका स्वप्न[४]; पञ्चम सुषुप्ति; षष्ठ तुरीय र सप्तम तुरीयातीत। प्रथम तीन भूमिकामा संसार सत्य भासदछ; त्यसकारण तृतीय भूमिका हो जाग्रत्। अरू चार भूमिकामा संसारको अभाव भैहाल्छ; यसकारण यिनीहरू हुन् जाग्रतदेखि विलक्षण। तृतीय ज्ञानभूमिकामा स्थित पुरुषको सारा पदार्थ सत्य भनी प्रतीत हुन्छ र आफ्नो आफ्नो कार्य सिद्ध गर्छ। त्यसले यिनीहरूको नाम रूप अनुसार ग्रहण गरिरहन्छ। यद्यपि हृदयमा राग द्वेष उत्पन्न हुँदैन; किनकि विचारद्वारा पदार्थहरूलाई तुच्छ भनी जान्दछ तर संसारको अत्यन्त अभाव जानेको छैन र ब्रह्मस्वरूपलाई पनि जानेको छैन। किनकि त्यसलाई ऐले पनि ब्रह्मस्वरूपको साक्षात्कार[५] भएको छैन। तृतीय भूमिकामा संसारको तुच्छता हुन्छ, नष्टता हुँदैन। तृतीय ज्ञानभूमिकामा शरीर छुटे अरू जन्ममा ज्ञान प्राप्त हुन्छ[६]।

तृतीय ज्ञानभूमिकामा स्थित पुरुषको विषय तृष्णा निवृत्त हुन्छ र केवल स्वरूप प्राप्तिको इच्छा हुन्छ। यसप्रकार श्रेष्ठ

---

४. ज्ञानवान् पुरुष जाग्रतबाट पनि जागिहाल्नुहुन्छ; त्यसकारण उहाँका लागि परिदृश्यमान जीव र जगत् स्वप्न झैं प्रतीत हुन्छ, सत्य भनी प्रतीत हुँदैन। किनकि उहाँको म र मेरो भावरूप भ्रम (अध्यास) विनष्ट भएको छ र फलले उहाँलाई निर्विकल्प समाधिमा ब्रह्मसाक्षात्कार प्राप्त हुन्छ।

५. ब्रह्मस्वरूपलाई जानेपछि संसारको अत्यन्त अभाव भैहाल्छ।

६. दिन-दिन ज्ञानपरायण भैकन दृढबुद्धि भए ज्ञान उत्पन्न हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुषले यथाशास्त्र विचरण गर्दछ र कहिले पनि शास्त्रवचनलाई उल्लंघन गर्दैन। जगत् ब्रह्मस्वरूप भएँको हुनाले त्यसले यसको भावनालाई त्याग गरीकन ब्रह्मस्वरूपमा स्थित हुन्छ। हावाबाट जस्तो पानीमा चक्र आवर्त उठ्छ त्यस्तो ब्रह्म स्वरूपमा संकल्पद्वारा जगत् भासेको छ। जस्तो मानिस सुतेपछि त्यो आफूमात्र नै विद्यमान रहन्छ र त्यो आफ्नो स्वरूपमा नै नाना जगत् भ्रमले भासमान् हुन्छ। ठीक त्यस्तै ब्रह्मस्वरूपको प्रमादको फलले जाग्रत्मा मानिसले नाना भ्रमलाई देखिराखेको छ; स्वरूपलाई नजान्नुसम्म यो भ्रमको अन्त हुन सक्दैन। त्यसकारण श्रेष्ठ पुरुष केवल चित्तलाई स्थिर (वृत्तिरहित) गर्न प्रयत्न गर्दछ, जसको फलले संसार भासमान हुन सक्दैन, जन्म-मृत्यु भास्न सक्दैन, केवल ब्रह्मस्वरूप नै स्पष्टरूपले भासमान हुन्छ।

जबसम्म संकल्प उठिरहन्छ तबसम्म मानिस आफूलाई बन्धन प्राप्त भनी जान्दछ र संकल्परहित भए आफूलाई मुक्त भनी जान्दछ। अविद्यावशात् बन्धन अनुभव गर्दछ; विद्याद्वारा आफूलाई मुक्त भनी अनुभव गर्दछ। आत्मस्वरूप जस्ताको तस्तो विद्यमान छ। त्यसमा बन्धन पनि छैन, मुक्ति पनि छैन; विद्या पनि छैन, अविद्या पनि छैन। आत्मस्वरूप हो केवल शान्त।

स्वरूपको भावना भए संसारको भावना बन्द भैहाल्छ। मनलाई स्थिर गरेपछि ब्रह्मादेखी शुरू गरीकन कीरासम्म कुनै पदार्थ भासदैन। त्यसकारण सारा पदार्थ भ्रमले मात्र भासमान भैराखेको छ। इन्द्रियको सारा विषय, इन्द्रियहरू र वृत्तिसहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन हो केवल भ्रममात्र। आत्मस्वरूपमा कुनै द्वैत पदार्थ रहन सक्दैन। आकाशादि सारा पदार्थ भावनामा स्थित भैराखेको छ; जस्तो भावना हुन्छ त्यस्तो नै पदार्थ सिद्ध[७] हुन्छ (भासमान भैहाल्छ)। कल्पित सारा पदार्थ हो आत्मस्वरूप; त्यसकारण पदार्थको भावनालाई परित्याग गरीकन स्थित भए आत्मब्रह्म-स्वरूपको साक्षात् अनुभव हुन्छ। भगवान् कृष्णले गीता १०।१५ श्लोकमा यसरी ब्रह्मज्ञानको उत्पत्तिको बारेमा संकेत गर्नुभएको

---

७. संकल्प किम्वा भावना जसले गर्छ त्यो हो अविद्यायुक्त चैतन्य (अहंकार किम्वा म भाव)। यो म भावको लक्षण हो आत्मब्रह्मस्वरूप-देखि भिन्नताको अनुभव (म ब्रह्म हैन, म ब्रह्मलाई जान्दिन)। यसै-को फलले संकल्पित देहादि जगत्लाई मेरो भनी भनिन्छ। "म हुँ संसारी मरणशील मानिस" यसप्रकार त्रिपुटी हो मेरो शब्दको अर्थ। त्रिपुटी अन्त पाती म हो गौण मभाव (प्रमाताभाव)। मुख्य अहंकार-ले संकल्प गर्छ। प्रमाताले संकल्पित पदार्थलाई साँचो भनी ग्रहण गर्दछ र त्यसद्वारा वासित हुन्छ।

वेदान्त शास्त्रको निष्कर्ष हो : स्वरूपको प्रमाद-वशात् जो अहंभाव उठेको छ त्यसलाई नै अज्ञान भनिन्छ; यो अहंभावबाट वासना उत्पन्न हुन्छ र वासनाबाट संसार (कर्ता-भोक्ताभाव) देख्नमा आउँछ। संसारको सत्यता-बुद्धि हो वासना। जस्तो स्वप्नदृष्ट सत्य पदार्थ र मिथ्या पदार्थ दुवै हो मिथ्या, त्यस्तो जाग्रत् अवस्थामा पनि सत्य पृथ्वी र असत्य आकाशकुसुम दुवै हो मिथ्या। सारा पदार्थ हो संकल्परूप। संकल्परहित भए सत्य र असत्य दुवै प्रकारका पदार्थको अभाव भैहाल्छ। यसैलाई नै सुषुप्ति अवस्थाले द्योतन गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ; जबसम्म चित्त नष्ट हुँदैन तबसम्म ब्रह्मसाक्षात्कार[८] उदित हुँदैन ।

□

---

८. सविकल्प समाधिमा सुखास्वाद र कषाय विनष्ट हुँदैन । जगत् पदार्थको वासना नष्ट नहुनुसम्म त्यो उद्‌बुद्ध भैरहन्छ; यसैलाई कषाय भनेको छ । वासनाको विनाश हो चित्तको विनास किम्वा निर्विकल्प समाधि । यसैलाई भगवान् वशिष्ठ सत्त्वापत्ति (चतुर्थ ज्ञान भूमिका) भन्नुभएको छ । यसको वारेमा तृतीय अध्यायमा भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीय अध्याय

ध्यान किम्वा निदिध्यासन

(क) सोपाधिक आत्मा

अनन्त जन्मको दृढ अभ्यासवशात् देहादिमा मबुद्धि र जगत्मा सत्यताबुद्धि जो वारम्वार उत्पन्न भै राखेको छ त्यसलाई विपरीत भावना भनेको छ। यो विपरीत भावना चित्तको एकाग्रताद्वारा नष्ट हुन्छ। ब्रह्मोपदेशको पहिले यो एकाग्रता उपासनाद्वारा प्राप्त हुन्छ।

उपासना गीताको द्वितीय षट्कमा वर्णित भएको छ; जसको फलले तत् पदार्थको शोधन हुन्छ; अर्थात् शोधित त्वंपदार्थले तत्पदको अर्थलाई (ईश्वरलाई) चिन्तन गर्दछ। प्रवृत्तिको हेतुभूत राग आदि जीवमा छैन। त्यो आफू तत्पदार्थरूप हुँदै गर्छ (गीता ७।२७–२८)। यसरी जीव निवृत्तिपरायण भैकन (यसैलाई पुण्य कर्म भनेको छ) ईश्वरानुग्रह प्राप्त गर्दछ र ईश्वरसाक्षात्कार गर्दछ (गीता ६।३०)।

तत्पदको अर्थलाई निःसंशयरूपले जान्नुको नाम हो ईश्वर साक्षात्कार। यसैलाई निर्गुण उपासना भनेको छ। अक्षरोपासकलाई कृतोपास्ति पुरुष भन्दछन्। जो कृतोपास्ति पुरुष हैन त्यसको लागि निदिध्यासन आवश्यक हुन्छ। कृतोपास्ति पुरुष ज्ञाननिष्ठा प्राप्तिपूर्वक गीता १२।१३–१९ मा प्रदर्शित भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्वेष्टा आदि अमृतरूप धर्मको अनुष्ठान गरीकन निश्चयपूर्वक गीता त्रयोदश अध्याय अनुसार सारा दृश्यको साक्षीरूपले अवस्थित भएर शोधित तत्पदार्थसित एकताको अनुभव (गीता १८।५५) गर्छ र ब्रह्मस्वरूपतालाई प्राप्त गर्दछ ।

मुनुक्षु पुरुषले कहिले पनि आफूलाई ब्रह्मदेखि भिन्न भनी चिन्तन नगर्नु; किनकि त्यसोभए त्यसको ब्रह्मस्वरूपको अनुभव हुन सक्दैन । जो चाहिं आफू हैन त्यो मुमुक्षुले कसरी प्राप्त गर्न सक्ला? आफू नै आफूलाई साक्षात्कार गर्न सक्दछ । भ्रमले आफूलाई जीव भनी माने तापनि भ्रम निरसनद्वारा त्यसले सजिलोसित नै आफ्नो शिव स्वरूपलाई प्राप्त गर्न (साक्षात् अनुभव गर्न) सक्छ ।

मनुष्य आदि सारा प्राणीलाई एकै आत्माले व्याप्त गरिराखेको छ; जस्तो आकाश सर्वत्र व्यापक छ । त्यसकारण उत्तम मुमुक्षुले आफ्नो स्वरूपलाई उपाधिकृत सारा विषमताबाट रहित भनी जान्नुपर्दछ । जस्तो अरू शरीरमा त्यसको म र मेरो भाव हुँदैन त्यस्तै आफ्नो शरीरमा पनि त्यसको अहं ममभाव नहोस् । यसरी मुमुक्षु पुरुषको राग द्वेष डर आदिमा दृढ अभिमान (राग द्वेष आदिको दृढ उपलब्धि) नहोस्; किनकि रागद्वेष आदि हो बुद्धिको आश्रित (बुद्धिको वृत्तिरूप) । यिनीहरू आफ्नो (साक्षी) स्वरूपमा छैनन् ।

उत्तम मुमुक्षु पुरुषले जान्नुपर्दछ कि आफू आत्मस्वरूको ध्याता हैन; आत्मा त्यसको ध्येय हैन । आत्मप्राप्तिको लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(आत्माको अनुभवको लागि) ध्यान आदि क्रियाको अपेक्षा छैन। मोक्षस्वरूप ब्रह्म आत्मा भएको हुनाले कुनै क्रियाको अपेक्षा गर्दैन।[१]

आत्मा जस्तो एकरस, निर्मल र निर्विभाग हो त्यस्तै ज्ञान पनि एक अखण्ड वस्तु हो। तब रूपको ज्ञान रसको ज्ञान आदि भिन्न-भिन्न प्रकारको ज्ञान कसरी हुन्छ? त्यसको जवाफ यो हो कि जस्तो स्फटिक स्वच्छ भए तापनि जपा फूलको समीपतावशात् रातो भनी प्रतीत हुन्छ; किम्वा एकै व्यापक आकाश जस्तो घट आदि उपाधिवशात् घटाकाश, मठाकाश आदि विभक्तरूपले देखिन्छ। त्यस्तै एकै शुद्ध ज्ञान (ज्ञप्ति), जो हो साक्षात् आत्माको स्वरूप त्यो आँखा आदि उपाधिवशात् रूपको ज्ञान, रसको ज्ञान आदि भिन्न-भिन्न भनी प्रतीत हुन्छ। त्यसकारण इन्द्रिय, विषय र मनको नाना प्रकार वृत्ति वास्तवमा सत्य हैन; केवल ज्ञानस्वरूप आत्मा नै हो पारमार्थिक सत्य वस्तु।

मुमुक्षु पुरुषले आफूलाई म भनी जान्नु हुँदैन; किनकि दृश्यरूप म जो प्रतीत भैराखेको छ त्यो हो मनको सात्विक वृत्तिमात्र, परिवर्तनशील र व्यभिचारी। त्यो मुमुक्षु पुरुषको वास्तव स्वरूप कसरी हुन सक्ला? म प्रतीतिको झैं अरू प्रतीति र राग द्वेष आदि सारा दोषहरू मुमुक्षु पुरुषमा वास्तवमा हुन सक्दैनन्। त्यो हो निर्मल वस्तु, यसप्रकार जान्नुपर्दछ। यसरी त्यसको मनबाट मोह निवृत्त हुन्छ; संगदोषले त्यसलाई छुन सक्दैन; त्यसको सारा वासना नष्ट हुन्छ र त्यो सुख दुःखमा समान रहन्छ।

---

१. निदिध्यासन क्रियारूप हैन, मोहको अपसारणरूप हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो सदा विचारशील रहन्छ। त्यसैले अव्ययपद (ब्रह्म स्वरूप)-लाई प्राप्त गरिहाल्छ (गीता १५।५)।

मुमुक्षु पुरुषले यसप्रकारबाट विचार गर्नुपर्दछ :

कि म पाँच भूतको संघातरूप स्थूल शरीर हुँ ? अथवा इन्द्रियको संघात किम्वा अरू केही हुँ ?

विचारद्वारा यो निश्चय हुन्छ कि "म भूत, व्यष्टि इन्द्रिय, समष्टि इन्द्रिय केही पनि हैन; किनकि यिनीहरू हुन् घटादि पदार्थ झैं ज्ञेय र करणरूप। यिनीहरूको ज्ञाता म हुँ यिनीहरूदेखि अत्यन्त भिन्न वस्तु"।

जस्तो घटादि पदार्थ सूर्यद्वारा प्रकाशित हुन्छ, त्यस्तै कर्मद्वारा उद्‌बुद्ध मन, बुद्धि र इन्द्रियहरूको भिन्न भिन्न तीन प्रकारको अवस्था[१०]—चैतन्यस्वरूप मबाट प्रकाशित भैराखेको छ। म हुँ अवस्थात्रयको साक्षी—तुरीय र नित्य ज्ञानस्वरूप।

धेरै प्रयोजनीय

तीनै अवस्थामा नै द्रष्टा दृश्यभाव रहन्छ; त्यसकारण साक्षी र साक्ष्यको अन्वय-व्यतिरेक आलोचनाको सहाराले अवस्थात्रयको विवेचनद्वारा तिनीहरूको साक्षी तुरीय स्वरूपलाई जान्नुको प्रकार ऐले देखाइन्छ—

जागरण हो स्थूल विषयको भोग; स्थूल विषयको भोक्ता विश्व जागिराखेको छ* भनी भनिन्छ। स्वप्नावस्थामा तैजस (अविद्या प्रयुक्त कर्मबाट उद्‌भूत वासना)

१०. मनको अवस्था हो स्वप्न, बुद्धिको अवस्था (कारण अवस्था) हो सुषुप्ति र इन्द्रियहरूको अवस्था हो जाग्रत्।

* विश्व समेत जाग्रत् अवस्थाको साक्षी हो विश्वदेखि भिन्न आत्मा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्रयोज-नीय

अर्थात् सूक्ष्म विषयहरूलाई देखदछ।† सुषुप्ति हो कारण अवस्था; किनकि जाग्रत् र स्वप्न त्योबाट नै उत्पन्न हुन्छ। जुन समयमा अन्तःकरणमा कर्मद्वारा स्थूल विषय किम्वा सूक्ष्म विषयको उद्‌बोध हुँदैन (अर्थात् आत्मादेखि भिन्न विषय किम्वा वासना केही पनि रहँदैन) तब अरू केही पनि नदेखिएको हुनाले सुषुप्ति अवस्थायुक्त आत्मा-लाई प्राज्ञ भनेको छ। किनकि आत्मादेखि अतिरिक्त केही पनि नदेख्नु हो अतिशय प्रज्ञा। प्राज्ञ हो अनन्यदृक्— अरू केही वस्तुलाई पनि देखेन, किम्वा अपरिच्छिन्न प्रज्ञ (जसको प्रज्ञा हो सर्वदर्शी)। प्राज्ञ हो आनन्दको भोक्ता (आनन्दको अनुभविता)।

यो हो अवस्थात्रय र तीन प्रकार अवस्थायुक्त आत्माको द्रष्टा र दृश्य रूपले विवेचन। दृश्य हो स्थूल विषयको भोग, सूक्ष्म विषयको भोग र आनन्दको भोग। द्रष्टा हो अभिमानी विश्व तैजस र प्राज्ञ।

यसैको फलले साक्ष्यरूप, अभिमानी सहित अवस्था-त्रयको चैतन्य आत्मस्वरूपमा विलापन सम्भव हुन्छ र परिशिष्ट, अवस्थात्रयको साक्षी तुरीय प्रत्यगात्मा नित्य विज्ञान-स्वरूप भनी सिद्ध हुन्छ, किनकि यी अवस्थाहरू चैतन्य आत्मा द्वारा नै प्रकाशित भैराखेका छन् (प्रकाश्य-को सत्ता स्फुर्ति प्रकाशकको नै स्वरूप भूत हो)।

---

† यो वासनामय विषय (अर्थात् स्वप्नमा भासमान कर्म सुख दुःख आदि) हो मनोमात्र र यितीहरू नै स्वप्न अवस्थाको दृश्य हो। तैजस हो यिनीहरूको द्रष्टा (सूक्ष्म विषयको भोक्ता)। तैजस समेत स्वप्न अवस्थाको साक्षी (तैजसदेखि भिन्न) स्वयं ज्योति आत्मा स्वप्न अवस्थालाई प्रकाश गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवस्थात्रय मेरो वास्तव स्वरूपमा कल्पित भएको छ; सुख दुःखको अवभासको हेतु रूप जो बुद्धि हो त्यो मेरो प्रकाशद्वारा प्रकाशित भैरहन्छ। त्यसकारण ममा सुख दुःख चिन्ता भय केही पनि वास्तवमा हुन सक्दैन। मेरो वास्तव स्वरूपको प्रकाशद्वारा प्रकाशित भएको हुनाले म हुँ वास्तवमा सर्वज्ञ (सर्वप्रकाशक); र मेरो सन्निधिवशात् सारा क्रिया प्रवृत्त भएको हुनाले म सारा क्रियाको कर्ता भनी मानिन्छु।

जस्तो व्यापक आकाश संपूर्ण मूर्त पदार्थदेखि सर्वदा सम्बन्धशून्य हुन्छ त्यस्तै वेदान्त सिद्धान्त अनुसार शुद्ध परब्रह्म स्वरूप आत्मालाई जान्नुपर्दछ।

त्यसकारण जस्तो सूर्यले रात्रिको अँध्यारोलाई नष्ट गरिदिन्छ त्यस्तै आत्मजिज्ञासु पुरुषले जाग्रत् अवस्थामा देखिएको पदार्थलाई त्याग गरीकन त्यसको स्मृतिरूप स्वप्नमा देखिएको पदार्थलाई परित्याग गरेर फेरि आत्माको सर्वप्रकाशक तेजसित युक्त भैकन—जाग्रत् र स्वप्नको सारा पदार्थको लयकारी सुषुप्ति अवस्थाको अज्ञानलाई[११] पनि परित्याग गरिदिन्छ।

११. मूल अज्ञान केवल सुषुप्ति अवस्थामा उपलब्ध हुन्छ; यो सुषुप्ति कालीन अज्ञान हो दिवान्ध परिकल्पित अन्धकार; यो भावरूप कुनै वस्तुरूप हैन। ब्रह्मस्वरूप सम्यक् रूपले प्रकाशित नहुनुलाई अज्ञान भनेको छ। जाग्रत् स्वप्न र सुषुप्तिको सारा पदार्थ साक्षी आत्माबाट प्रकाशित हुन्छ; यिनीहरू आत्मस्वरूपमा विलकुलै छैनन्। द्वैत प्रपञ्चको निराकरण भएमा नै निर्विकल्प समाधिमा ब्रह्मसाक्षात्कार सम्भव हुन्छ। सारा पदार्थको अभावको आपादन हो निर्विकल्प समाधि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाग्रत् स्वप्न र सुषुप्तिको पदार्थ हो जसको विषय त्यो हो सारा भूतमा व्याप्त, निर्विशेष साक्षी आत्मा ।

(ख) निरुपाधिक आत्मा

यसरी सोपाधिक आत्माको वर्णन गरियो, निरूपाधिक आत्मा हो अकथनीय, निष्कल निर्गुण र शुद्ध। मन र वाणीले उसलाई प्राप्त गर्न सक्दैन ।

अच्छा, बुद्धिको नाना प्रकार ज्ञानको अभाव कसरी संपादन गर्नु संभव हुन्छ ? जबाफमा भनिन्छ कि आत्माविना कुनै ज्ञान संभव हुँदैन; अर्थात् प्रकाशविना कुनै वस्तुको प्रतीति हुन सक्दैन; त्यसकारण मुमुक्षु पुरुषले बुद्धि आदिको संघातबाट[१२] विवेकपूर्वक आफनो साक्षी स्वरूपलाई सजिलोसित जान्न सक्दछ। आत्मस्वरूपमा—ज्ञानको आश्रय बुद्धि, सुख, दुःख, भय, चिन्ता आदि बुद्धिको विकार केही पनि रहन सक्दैन ।

मुमुक्षुले यसरी विचार गर्दछ कि—

सारा प्रतीतिको साक्षी ज्ञानस्वरूप आत्मा मेरो ज्ञेय हुन सक्छ कि ? त्यो ज्ञानको कर्म हुन सक्छ कि ।

विचारको फलले त्यसले जान्दछ कि आत्मा हो साराको

प्राप्तिको उपलक्षण । यसको बारेमा विस्तृत रूपले पछि आलोचना गरिन्छ ।

१२. बुद्धि हो ज्ञानको आश्रय, मन हो साधारण करण, इन्द्रिय हो विशेष करण । विषय हो निमित्त कारण । आत्मप्रकाश हो ज्ञानको हेतु । आत्मस्वरूपमा बुद्धि आदि संघात छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्रष्टा। आत्मा कसैबाट पनि दृष्ट हुन सक्दैन[13]। आत्मा ज्ञानको विषय हुन सक्दैन[14]। त्यसकारण आत्मा कसैको पनि ज्ञेय हुन सक्दैन। आत्मा हो मेरो आफ्नो स्वरूप र मबाट सर्वथा व्यवधानरहित वस्तु र सधैं प्रकाश स्वरूप। त्यसकारण आत्मालाई जान्नुको लागि कुनै अरू ज्ञानको अपेक्षा हुँदैन; त्यसकारण आत्मा हो मबाट सर्वदा परिज्ञात।

आत्मा अज्ञेय भैकन पनि कसरी ज्ञात हुन सक्छ? यसको जवाफ यो हो कि आत्मा अरू ज्ञेय पदार्थ झैं परिच्छिन्न र अनित्य ज्ञानको विषय हैन[15]। आत्मा हो स्वयं प्रकाश निरावरण; त्यसकारण कुनै अवस्थामा त्यो अज्ञात हुन सक्दैन (त्यो हो नित्य ज्ञानस्वरूप)।

सारा प्रतीतिको साक्षी जो ज्ञानस्वरूप आत्मा हो त्यो कस्तो हो? विचारद्वारा आत्माको यथार्थ स्वरूप जान्नुपर्दछ। त्यो मेरो ज्ञेय हो कि अज्ञेय? त्यो यदि ज्ञेय हो तब त्यो ज्ञानको कर्म हो कि हैन?

ज्ञेयत्व पक्ष युक्तियुक्त हैन; किनकि ज्ञेय वस्तु अल्प हुन्छ;

---

१३. "अदृष्ट द्रष्टा" यसप्रकार श्रुतिमा भनेको छ।

१४. ज्ञानको विषय अल्प (परिच्छिन्न) हुन्छ। यसप्रकार श्रुतिमा उक्त भएको छ।

१५. अरू पदार्थ ज्ञातादेखि भिन्न र व्यवधानयुक्त हुन्छ; त्यसकारण त्यसलाई जान्नुको लागि त्यो देखि भिन्न त्यसको प्रकाशक र ज्ञातासित त्यसको सन्निधि आवश्यक हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसकारण त्यो ब्रह्मस्वरूप हुन सक्दैन। तर आत्मालाई ब्रह्म-रूपमा जान्नुपर्दछ; यसप्रकार श्रुतिले शिक्षा दिएको छ।

यसरी यदि ज्ञेय भएन तब बृहदारण्यक उपनिषद् (६।४। २३) को "भित्र आत्मालाई देख्नुपर्दछ" यसप्रकार उपदेश निरर्थक हुन्छ।

त्यसकारण सिद्धान्त यो हो कि :

आत्मा अविषय भैकन पनि शान्त (वृत्तिरहित) चित्तमा आत्माको जो आविर्भाव हुन्छ त्यो आविर्भावमात्रलाई ब्रह्म-साक्षात्कार भनेको छ। विषय रूपले आत्माको ज्ञान संभव छैन।

यसरी अज्ञेयत्व पक्ष पनि निराकृत भयो।

जो ज्ञान स्वरूपदेखि भिन्न जड वस्तु हुन्छ र त्यसकारण ज्ञान देशबाट व्यवहित हुन्छ त्यसको सिद्धिको लागि आगन्तुक ज्ञान-को अपेक्षा हुन्छ र ज्ञानको विषयरूपले त्यो ज्ञात हुन्छ। आत्मतत्व यसप्रकार हैन। तब कस्तो हो ? उत्तरमा भनिन्छ कि आत्मा हो ज्ञान-प्रकाश-स्वरूप र आत्मा हो मुमुक्षुको आफ्नो स्वरूप; त्यस-कारण मुमुक्षुदेखि अव्यवहित वस्तु। आफ्नो स्वरूप भएको हुनाले र आफूबाट अव्यवहित भएको हुनाले यो दुवै हेतुवशात्आत्मालाई जान्नुको लागि अरू ज्ञानको अपेक्षा हुन सक्दैन। अर्थात् आत्मा अविषय भैकन पनि विज्ञात हुन्छ। त्यसकारण केन श्रुतिमा भने-को छ—जसले आत्मालाई (विषयरूपले) जान्दैन त्यसले आत्मा-लाई जान्दछ (आत्मा हो सर्वदा म रूपले प्रकाशित)। ज्ञाता पुरुष नै हो ब्रह्म; ज्ञाता आफ्नो ज्ञेय हुन सक्दैन। आफ्नो स्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अविज्ञात पनि हुन सक्दैन। त्यसकारण आफ्नो स्वरूप हो नित्य ज्ञात। आत्मालाई अरूबाट ज्ञानको अपेक्षा छैन। किनकि आत्मा हो ज्ञान स्वरूप। ज्ञान आत्माको स्वरूप भएको हुनाले अरूबाट ज्ञानको अपेक्षा हुन सक्दैन; जस्तो प्रकाशरूप सूर्य अरू प्रकाशको अपेक्षा गर्दैन।

आत्मा अरू प्रकाशको दृश्य हुन सक्दैन। किनकि आत्मा हो प्रकाशरूप सूर्य झैं।

जो वस्तु (घट) प्रकाशशून्य छ त्यसको प्रकाश स्वरूप वस्तुको (सूर्यको) सन्निधि भएमात्र अभिव्यक्ति हुन्छ (घटको अभिव्यक्ति हुंन्छ)। त्यसकारण प्रकाश हो सूर्यको कर्म यसप्रकार भन्नु बन्दैन। त्यसकारण सूर्य अरुबाट प्रकाश्य किम्वा स्वप्रकाश्य हैन। ब्रह्मस्वरूप आत्मामा पनि स्थिति यस प्रकार हो।

जस्तो समानरूपले प्रकाश स्वरूप भएको हुनाले सूर्यमा दिन र राती छैन त्यस्तो आत्माको ज्ञानस्वरूपतामा कुनै विशेषता नभएको हुनाले आत्मामा कुनै ज्ञान र अज्ञान छैन।

जन्म र मृत्युको प्रवाहमा पतित मान्छेको ज्ञानविना अरू कुनै साधनद्वारा—यो प्रवाहबाट उद्धार हुनु सम्भव छैन। उत्तम मुमुक्षु यदि सर्वप्रकारले 'म मेरो' भावलाई परित्याग गरीकन स्थूल र सूक्ष्म दुवै देहबाट रहित आत्मस्वरूपमा निश्चित बुद्धि हुन्छ तब त्यो मुक्त भैहाल्छ।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीय भाग : अपरोक्ष ज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृतीय अध्याय

निर्विकल्प समाधि

(चतुर्थ पञ्चम ज्ञानभूमिका)

सविकल्प समाधिको अभ्यासद्वारा बाह्य पदार्थमा सत्यता-बुद्धिको संस्कार नष्ट भए तीव्र विरक्तिवशात् अवस्थात्रयातीत[१६] निरुपाधिक आत्मस्वरूपमा ज्ञाता ज्ञान र ज्ञेय भावको विनाश[२०] द्वारा मनको ब्रह्मरूपले जो स्थिति हुन्छ यसलाई निर्विकल्प समाधि भनिएको छ। यो नै हो सत्त्वापत्ति किम्वा ब्रह्म-साक्षात्कार ।

ढुङ्गाको रेखा जस्तो ढुङ्गामा स्थित भैकन ढुङ्गादेखी अभिन्न हुन्छ त्यस्तै चित्त अधिष्ठानरूप सन्मात्र आत्मा मा सदास्थित भैराखेको छ।

किन्तु क्षीर जस्तो पानीसित मिश्रित हुन्छ त्यस्तो चित्त भ्रमवशात् विषयसित मिश्रित हुन्छ र आत्मादेखि पृथक् प्रतीत हुन्छ।

हंसले जस्तो क्षीरबाट पानीलाई पृथक् गरिदिन्छ त्यस्तो उत्तम मुमुक्षु पुरुष (परम हंस) चित्तबाट क्रम-क्रमले संपूर्ण विषयको आरोपलाई निवृत्त गरिदिन्छ। यसैको फलले चित्त आत्मस्वरूपदेखि अभिन्न भएर अवस्थान गर्दछ (चित्त ब्रह्मरूपले स्थित

१६. अवस्थात्रयको परित्यागको उपाय पछि देखाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भैहाल्छ)। संपूर्ण बाह्य चिन्तनबाट व्यावृत्त चित्त अन्तर्मुख र विक्षेपवासनाबाट विनिर्मुक्त हुन्छ; र यसप्रकार प्रसन्न चित्तमा त्यसको भासक प्रत्यक् चैतन्य ब्रह्म स्वयं प्रकाशित हुन्छ। यसैलाई ब्रह्मविषयक ज्ञान (ब्रह्मज्ञान किम्वा ब्रह्मसाक्षात्कार) भनेको छ। यो ज्ञानले मूलाज्ञानलाई विनष्ट गर्दछ र पछि स्वयं विनष्ट भैहाल्छ। यो ब्रह्मविषयक ज्ञानलाई नै निर्विकल्प समाधि भनेको छ।

निरसनयोग्य विषयको आरोप किम्वा निरसनीय सारा उपाधि हो सर्वप्रकार (आत्माकार र विषयाकार) बुद्धिवृत्ति;

(क) घटादि विषयको ज्ञान,

(ख) सोपाधिक आत्माको ज्ञान।

यिनीहरू हो अविद्याको कार्य किम्वा मायाको कार्य।

मायाको कार्य निरस्त भए ब्रह्मज्ञान उत्पन्न हुन्छ; र यो ज्ञानले अज्ञान किम्वा मायालाई विनष्ट गरिदिन्छ अज्ञान बिनष्ट भए ब्रह्म परिशिष्ट रहन्छ। ब्रह्मज्ञान हो ब्रह्म स्वरूपको उपलक्षण मात्र।

घटादि विषयक व्यावहारिक ज्ञानमा, प्रातिभासिक रज्जु सर्प ज्ञानमा र पारमार्थिक ब्रह्म ज्ञानमा—यो सारा वृत्तिज्ञानमा निरुपाधिक ब्रह्म अविक्रिय (विकारशून्य) रहन्छ; ब्रह्म कर्ता[१७] पनि हैन, कर्म पनि[१५] हैन, किन्तु सारा वृत्तिज्ञानको साक्षी,

१७. ज्ञानवान् पुरुष ब्रह्मवेत्ता हैन, किन्तु ब्रह्म नै हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारा वृत्तिज्ञानको अवभासक स्वप्रकाश केवल ज्ञानस्वरूप[१८] हो। यो नै हो "प्रतिबोधबिदितं मतम्" यो श्रुतिवाक्यको अर्थ।

तृतीय ज्ञान भूमिकाको दृढ अभ्यासद्वारा द्वैत संस्कार क्षय प्राप्त हुन्छ र चतुर्थ भूमिकाको उदय सम्भव हुन्छ। तब अज्ञान विनष्ट हुन्छ र सम्यक् ज्ञान चित्तमा उदित हुन्छ। ज्ञानवान् पुरुष पूर्णमासीको चन्द्रमा झैं शोभा प्राप्त हुनुहुन्छ। उहाँको चित्त निर्विभाग चैतन्य स्वरूपमा स्थित हुन्छ। उहाँको नाना प्रकार भेद ज्ञान निवृत्त भैहाल्छ र सर्व आत्मभावको उदय हुन्छ। जगत् उहाँको स्वप्न झैं भासमान हुन्छ। इन्द्रियको व्यवहार स्वप्नवत् हुन्छ।

चतुर्थ ज्ञान भूमिकामा स्थित पुरुषको व्यवहार विरस हुन्छ। सूर्य जस्तो आफ्नो प्रकाशद्वारा प्रकाशित हुन्छ त्यस्तो ज्ञानीको आत्मप्रकाश उदित हुन्छ र सम्पूर्ण कल्पना उहाँको नष्ट भैहाल्छ। उहाँको कुनै पदार्थमा अनुराग हुँदैन। उहाँको कुनै कुरामा द्वेष हुँदैन। उहाँको चित्तलाई कोही पनि मोहित गर्न सक्दैन।

सविकल्प समाधि अवस्थामा किम्वा तृतीय ज्ञान भूमिका-मा स्थिति हो जाग्रत् अवस्थामा; चतुर्थ भूमिकालाई प्राप्त गरे जगत् स्वप्न झैं भैहाल्छ। जीव र जगत्को प्रतीति स्वप्न कालीन प्रतीति झैं हुन्छ ज्ञानवान् पुरुष सम्पूर्ण जगत्लाई क्षण भंगुर

---

१८. स्वप्रकाश चैतन्यको प्रकाश कहिल्यै पनि अभाव प्राप्त हुन सक्दैन; आत्मस्वरूप कहिल्यै पनि अज्ञात हुन सक्दैन; यो पहिले नै देखाइएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विनाशशील भनी देख्नुहुन्छ। उहाँको द्रष्टा दर्शन र दृश्य भावनाको अभाव भैहाल्छ।

अहंकारले (जीवले) जगत् कल्पना गर्दछ। विद्यमान भासे तापनि जगत् हो परिवर्तनशील। ज्ञानी पुरुषले यसको भावना परित्याग गरिदिनुहुन्छ। दृश्य भएको हुनाले जगत् हो मिथ्या; यसको अनुभव हो मिथ्या र यसलाई जसले जान्दछ त्यो अहंकार जीव पनि हो मिथ्या। बुद्धिको वृत्तिरूप भएको हुनाले ज्ञाता ज्ञान र ज्ञेय पदार्थ कसरी परमार्थ सत्य हुन सक्ला ? मरुभूमिको पानी जस्तो मिथ्या देखिन्छ त्यस्तो आत्मस्वरूपमा अहंकार जीव पनि मिथ्या हो। आत्मा कहीं पनि जाँदैन र आउँदैन, जन्म ग्रहण गर्दैन र मर्दैन। दृश्यसित अहंकार जीवको सम्बन्ध जब मेटिइहाल्छ तब आत्मा नै परिशिष्ट रहन्छ, आत्मा नै हो ब्रह्म।

जाग्रत् स्वप्न र सुषुप्तिको लक्षण तुरीय र तुरीयातीतको बारेमा सुनः स्वरूपलाई बिर्सीकन जो नाशवान् पदार्थको भावना (विनाशशील जगतलाई सत्य भनी जान्नु) यसलाई जाग्रत भनेको छ। पदार्थको भाव र अभावमा सत्यता बुद्धि भए तापनि जगतलाई मिथ्या भावना मात्र भनी जान्नुलाई स्वप्न भनेको छ। जाग्रत् र स्वप्न जसमा लय हुंन्छ त्यसलाई सुषुप्ति भनेको छ। यो तीन अवस्था हो अज्ञान दशा।

ज्ञानद्वारा जब सारा भेद खतम हुंन्छ (अर्थात् जाग्रत् स्वप्न र सुषुप्ति यो तीन अवस्थाको आत्यन्तिक अभाव सिद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ)। यसप्रकार निर्मल स्थितिलाई तुरीय भनेको छ। मन जब सम्पूर्ण रूपले नष्न हुन्छ। (ब्रह्माकार वृत्ति किम्वा ब्रह्मवासना पनि रहँदैन) यसप्रकार विदेह स्थितिलाई तुरीयातीत भनेको छ।

अज्ञानी मनुष्य जगत्लाई जाग्रत् झैं देख्छ; त्यसको जगत्-को दृढ सत्यता भासदछ र त्यसकारण त्यसको राग र द्वेष उत्पन्न भैरहन्छ।

चतुर्थ भूमिकामा स्थित ज्ञानी पुरुष जगतलाई स्वप्नको सृष्टि झैं देख्नुहुन्छ (जगत् तिनको सत्य भनी प्रतीत हुँदैन)। जगत् तिनको निम्ति स्वप्नको स्मृति भनी विवेचित हुन्छ। जगतलाई स्वप्नको सृष्टि भनी देख्नुको फलले ज्ञानवान् पुरुषको राग द्वेष उत्पन्न हुंदैन।

पञ्चम ज्ञान भूमिका प्राप्त पुरुष जगत्लाई सुषुप्ति झैं देख्नुहुन्छ। तिनलाई संसारको भान हुँदैन, यद्यपि उनको शरीर आदिको चेष्टा-स्वाभाविक रूपले (अहं ममता रहित) भैरहन्छ। उहाँ अहं ममतारूप जाग्रत्बाट सुषुप्त हुनुहुन्छ। संपूर्ण भावरूप जो शब्द र अर्थ हो त्यसको अभाव हुन्छ। पशु, पक्षी, मनुष्य, देवता राम्रो नराम्रो इत्यादि भिन्न भिन्न पदार्थको भावना उहाँको निवृत्त भैहाल्छ। संपूर्ण द्वैत बोध उहाँको नष्ट हुन्छ, एक ब्रह्मसत्ता नै भासमान हुन्छ।

उहाँको संसार भासमान हुँदैन। संसारको कारण हो अहं भाव। त्यो नष्ट भैसकेको छ। ब्रह्म बाहेक केही पनि देख्नुहुन्न। उहाँ द्रष्टा, दर्शन त्रिपुटीको साक्षी हुनुहुन्छ। अहंकारको साक्षी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रियको साक्षी र विश्वको साक्षी। इन्द्रियले उनको स्पर्श गर्दैन।

उहाँ द्रष्टा दर्शन र दृश्यदेखि अतीत हुनुहुन्छ। संसारबाट सुषुप्त भैकन उहाँ—चिद्घनताद्वारा पूर्ण रहनुहुन्छ। उहाँको मन संपूर्णरूपले विनष्ट भएको छ। भय, क्रोध, अहंकार, मोह उहाँमा देखिन्छ, किन्तु उहाँको हृदयलाई त्यसले छुँदैन। उहाँको संपूर्ण संशय नष्ट भएको छ; आत्मादेखि भिन्न कुनै सुखको उहाँ इच्छा गर्नुहुन्न। सारा संकल्प उहाँको नष्ट भएको छ उहाँ जाग्रत् झैं देखनमा आउनुहुन्छ, किन्तु सधैं जाग्रत्बाट सुषुप्त हुनुहुन्छ।

पञ्चम ज्ञान भूमिका हो सुषुप्ति। षष्ठ भूमिकालाई[१९] तुरीय भनेको छ र सप्तम भूमिका हो तुरीयातीत स्थिति।

पञ्चम षष्ठ र सप्तम ज्ञानभूमिकाको प्राप्ति हो निर्विकल्प समाधि अभ्यासको परिपाक। चतुर्थ ज्ञानभूमिका हो निर्विकल्प समाधिको प्राप्तिरूप।

□

---

१९. षष्ठ र सप्तम भूमिकाको बारेमा पछि बताइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्थ अध्याय

निर्विकल्प समाधिको साधन (१)

यो अध्यायमा स्थूल सूक्ष्म दुई शरीरको र अज्ञानको निरसन देखाइन्छ। परिणामले स्वरूपावस्थान सजिलोसित सिद्ध हुन्छ।

आत्मालाई जानेपछि मोक्ष मिल्दछ; त्यसकारण आत्माको स्वरूप जान्नुपर्दछ। शरीर पञ्चभूतको विकार भएको हुनाले त्यो वास्तवमा म हुन सक्दिन, यो बुझेर शरीरमा म बुद्धिलाई परित्याग गर्नुपर्छ।

स्थूल शरीरमा केवल पाँचभूत विद्यमान छ; पृथ्वी, पानी, आगो, वायु र आकाश। मांस हो पृथ्वीको विकार, रगत हो पानीको, पाचन क्रिया (परिपाक शक्ति) हो आगाको, शरीरको चेष्टा किम्वा स्पन्दन हो वायुको कर्म र अवकाश किम्वा अन्न पान र मनको संचार मार्ग (प्वालहरू) हो देहमा अनुगत आकाशको कार्य। त्यसकारण देह आत्मा हुन सक्दैन। वल्मीक जस्तो भूत-हरूको परिणाम हो त्यस्तै देह पनि पाँचभूतको विकार बाहेक अरू केही पनि हैन। केवल भ्रमले गर्दा मानिसले शरीरमा म बुद्धि गरिरहन्छ। जस्तो शरीर म हुन सक्दैन त्यस्तो मेरो पनि हुन सक्दैन। दृश्य घटमा जस्तो कसैको पनि मेरो बुद्धि हुँदैन। त्यस्तो दृश्यमान शरीर पनि मेरो हुन सक्दैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रियहरू पनि म हुन सक्दैनन्। यिनीहरू पाँचभूतका कार्य हुन्। घ्राण इन्द्रिय हो पृथ्वी भूतको कार्य, रसना इन्द्रिय पानीको कार्य, चक्षु इन्द्रिय तेजको कार्य, त्वक् इन्द्रिय वायुको कार्य र श्रोत इन्द्रिय आकाशको कार्य हो।

चक्षु किम्वा नेत्र इन्द्रिय जस्तो आगो किम्वा तेजको कार्य हो त्यस्तो त्यसको विषय रूप पनि हो तेजको कार्य। इन्द्रिय र त्यसको विषय सजातीय हुन्छ, ठीक त्यस्तै :

घ्राण इन्द्रिय र त्यसको विषय गन्ध,
रसना ,, ,, रस,
त्वक् ,, ,, स्पर्श,
श्रोत ,, ,, शब्द
हो पृथ्वी, जल, वायु र आकाशको कार्य।

इन्द्रिय हो ग्रहीता, विषय हो ग्राह्य; यिनीहरू सजातीय हुन्। सारा प्रपञ्चको अन्तिम ग्रहीता हो आत्मा; त्यसकारण त्यसको ग्राह्य संपूर्ण प्रपञ्च आत्मादेखि वास्तवमा अभिन्न नै हुन्छ। त्यसकारण प्रमाता चेतन र विषय चेतनको संयोग भएमा नै प्रमाको उत्पत्ति मानिएको छ। विषय यदि चैतन्यरूप नहुने थियो तब विषयको ज्ञान हुने थिएन। यसरी प्रमाता प्रमेय र प्रमा सारा हो चैतन्यरूप। त्यसैले "सब कुछ हो ब्रह्म नै" यो श्रुतिसिद्धान्त निश्चित भनी सिद्ध भयो।

पूर्वोक्त घ्राण आदि पाँच इन्द्रिय हो ज्ञानको साधन। घ्राण इन्द्रियको सहाराले गन्धको ज्ञान सिद्ध हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाक्, पाणी, पाद, पायु र उपस्थ—यो पाँच इन्द्रिय हुन् कर्मका साधन ।

किन्तु इन्द्रियसित मनको संयोग नभए त्यो इन्द्रियद्वारा त्यस विषयको ज्ञान उत्पन्न हुन सक्दैन। जुन इन्द्रियका साथ मनको सम्बन्ध हुन्छ त्यो इन्द्रियको आफ्नो विषयको ज्ञान आत्म-चैतन्यद्वारा प्रकाशित हुन्छ। त्यसकारण मनलाई ज्ञानको (विकल्पको) हेतु (कुन विषयको ज्ञान भो त्यसको निर्णयको हेतु) भनिएको छ। मन व्यापक नभएको हुनाले त्यसको एकै-पटक सारा इन्द्रियसित सम्बन्ध हुन सक्दैन। आत्मा व्यापक भए तापनि (सारा इन्द्रियसित त्यसको निरन्तर सम्बन्ध भैराखेको छ तापनि)। सारा समयमा सारा इन्द्रियजनित ज्ञान उत्पन्न हुन सक्दैन। यसको कारण हो इन्द्रियसित मनको संयोगको आवश्यकता। त्यसैले मनलाई एकादश इन्द्रिय भनेको छ।

अन्तःकरणको निश्चयात्मक वृत्तिलाई बुद्धि भनेको छ। बुद्धिले नै सारा पदार्थको अनुभव गराउँछ। आफ्नो प्रकाशद्वारा आत्मा बुद्धिलाई सधैं प्रकाश गरिरहन्छ र त्यसकारण ज्ञाता भनी कहिन्छ। मन झैं बुद्धि पनि हो करण; त्यो अरूबाट प्रकाशित भएको हुनाले आत्मा हुन सक्दैन। जो चाहिं भास्य हो त्यो भासक हुन सक्दैन। त्यसकारण आत्मा हो बुद्धिदेखि भिन्न।

सर्वदा बुद्धिवृत्तिहरूसित मिश्रित भैराखे तापनि आत्मा हो वास्तवमा वृत्तिहरूबाट अलग। त्यसकारण बुद्धिको धर्म सुख, दुःख, पीर, ताप आत्मस्वरूपमा कहिल्यैं पनि पुग्न सक्दैन। प्रकाशक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा हो प्रकाश्य बुद्धिवृत्तिदेखि पृथक् । विवेक नभएको हुनाले सुख दुःख आदि वृत्ति आत्मामा उपलव्ध भैरहन्छ । जब "म दुःखी हुँ" यसप्रकार अनुभव हुन्छ, तब सात्विक बुद्धिवृत्तिरूप अहं दुःखविशिष्ट हुन्छ, आत्मा हो त्यो बुद्धिवृत्तिको केवल प्रकाशक; त्यसकारण आत्मा दुःखी हुन सक्दैन ।

बुझ्नुको योग्य विषय यो हो कि अन्तःकरणमा अभिमान गर्नुको फलले मानिस दुःखी हुन्छ । दुःखविशिष्ट अन्तःकरणको साक्षी भएको हुनाले कोही मानिस दुःखी हुन सक्दैन । किनकि अरू दुःखी मानिसलाई देखेर कोही दुःखी हुँदैन ।[२०]

श्रुतिले आत्मालाई एकमात्र ज्ञानस्वरूप भन्नुभएको छ त्यसकारण ज्योति जस्तो सूर्यको कर्म हुँदैन त्यस्तो आत्मा पनि कर्म हैन (आत्मा आत्मालाई दर्शन गर्दैन) जुन वस्तु जुनधर्मले विशिष्ट हुन्छ त्यसले गर्दा त्यसको कर्मता प्राप्त हुँदैन; किनकि आगोले आगोलाई डढाउँदैन किम्वा प्रकाश गर्दैन । आत्मामा कुनै धर्म छैन । ज्ञान हो आत्माको स्वभाव । त्यसकारण आत्मा कर्ता हुन सक्दैन । चैतन्यरूपले समान र भेद रहित भएको हुनाले आत्मामा कुनै प्रकारको अंश हुन सक्दैन ।

---

२०. यसरी ज्ञाता ज्ञान ज्ञेयरूप तीन बुद्धिवृत्ति मिथ्या सिद्ध भयो । परिणामले मुमुक्षु पुरुषको बुद्धि सजिलोसित नै सारा वृत्तिबाट रहित भैहाल्छ र बुद्धि स्वतः आत्मस्वरूपदेखि अभिन्न नै बनिहाल्छ (अर्थात् निरुपाधिक आत्मस्वरूप नै बनिहाल्छ) यसैलाई नै निर्विकल्प समाधि भनेको छ । पादटिप्पणी २४ हेर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्रयोजनीय

यसरी सर्वकल्पना रहित कूटस्थ ब्रह्म बुद्धिरूप कार्यादि विकल्पको पहिले अवश्य नै विद्यमान रहन्छ। यो कूटस्थ ब्रह्मात्मा हो सारा कल्पनाको कारण। जस्तो डोरी सर्पको विवर्त-अधिष्ठानरूप भएको हुनाले त्यसको कारण भनी भनिन्छ। प्रपञ्च प्रतीतिको एकमात्र हेतु अनादि अविद्यारूप अज्ञान हो कूटस्थ प्रत्यगात्मा ब्रह्ममा सारा कल्पनाको मूल। कूटस्थ कसरी कारण हुन सक्ला ? यसको जबाफ हो कि अविद्याको विवर्तरूप सारा कार्यमा सत्ता स्फुर्ति प्रदान गर्छ। जसको फलले कार्यरूप सारा त्रिपुटी सद्रूपले[२१] भासमान हुन्छ। जो अज्ञान हो संसारको स्थितिको एकमात्र हेतु[२२]। त्यसो भए प्रत्यक् रूपले अज्ञान विशिष्ट ब्रह्मको अनुसन्धान गर्नुपर्छ कि ? कदापि पर्दैन; किन्तु कार्य सहित अज्ञानलाई परित्याग गरिकन[२३]—साक्षीरूप प्रत्यगात्माको साक्षी धर्मतालाई बाध गरीकन[२४]

---

२१. बुद्धिको साक्षी आत्मस्वरूप हो परमार्थ सत्य (सधैं विद्यमान) त्यो बुद्धिको उत्पत्तिको पहिले पनि विद्यमान रहन्छ। बुद्धि हो त्यसमा अध्यस्त र त्यसको आभासयुक्त।

२२. किनकि अज्ञान हो सारा कल्पनाको मूल।

२३. परित्यागको उपाय पछि बताइन्छ।

२४. किनकि साक्ष्य हो अज्ञानको कार्य र त्यो परित्यक्त भएको छ; त्यसकारण साक्ष्य नभएको हुनाले साक्षीरूपता पनि बाधित हुन्छ। यसलाई आवरणको नाश भनेको छ। यसको फलले अज्ञान पनि नष्ट हुन्छ। गीता त्रयोदश अध्याय हेर्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्रयोज- नीय

परिपूर्ण सारा प्रपञ्चसित संसर्गरहित, भयरहित, अद्वितीय ब्रह्मस्वरूपलाई म भनी अनुभव गर्नु ।

जस्तो अन्नमय आदिसारा अनात्म वस्तुको साक्षीभूत, पञ्चकोषको अन्तर्गत जो सर्वान्तर ब्रह्म हो त्यो—जब अन्नमयादि अध्यासको परित्याग हुन्छ, तब—सारा अध्यासको प्रतिष्ठान साक्षी चैतन्यरूप ब्रह्म बनिहाल्छ; त्यसबाट आनन्दमयकोष व्याप्त हुन्छ (अर्थात् अधिष्ठान हो आनन्दमयकोष देखि भिन्न र आन्तर वस्तु)। यो आनन्दमयको आधार अरू कसैबाट व्याप्त छैन; किनकि यो हो सारा परिच्छेद रहित, अद्वितीय वस्तु ।

यसरी यो सिद्ध भो कि अन्नमयादि पाँच कोषको निरसन भए यो निरसनको अवभासकरूपले आत्मब्रह्म परिशिष्ट रहन्छ । सूक्ष्म बुद्धिद्वारा यो आत्मस्वरूपलाई सम्यक्‌रूपले जान्नुपर्दछ ।

अन्नमयादि पाँच प्रकार अध्यासको निरसन भए बुद्धि स्वतः सर्ववृत्तिरहित हुन्छ र त्यो सूक्ष्मबुद्धिमा आत्मब्रह्म स्पष्टरूपले भासमान हुन्छ। यसैलाई ब्रह्मसाक्षात्कार भनेको छ। यो अध्यासको निरसन हो यसप्रकार जान्नु कि म नै विश्व, तैजस र प्राज्ञ बनेको थिएँ; जाग्रत्‌मा म नै विश्व भएको थिएँ। स्वप्नमा विश्वभाव रहँदैन र परिणामले म नै तैजसको स्वाँग लिएको थिएँ; र तैजसभावको पनि अभाव भए सुषुप्तिमा म नै प्राज्ञ बनेको थिएँ। किन्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्रयोजनीय

वास्तवमा म यो अभिमानी विश्व, तैजस किम्वा प्राज्ञ हैन। तीन अवस्थाको दृश्यरूपता र दृक्‌रूपता यो दुवै नै हो मिथ्या। यसरी क्रम-क्रमले जाग्रदादि सारा अवस्थालाई आगमापायी र असत्य भनी जान्नुपर्छ। यसरी स्पष्टरूपले आफूको विश्वभाव तैजसभाव र प्राज्ञ भावलाई मिथ्या भनी सुस्पष्ट रूपले अनुभव गर्नुपर्छ। जो अहंभाव यो तीन अवस्थामा स्थूल विषयहरूलाई, सूक्ष्म विषयहरूलाई र सारा विषयको अभावलाई अनुभव गर्छ, त्यो वास्तवमा म हैन। जाग्रत्‌मा जसले सुखको अनुभव गरेको छ किम्वा विपत्‌को संभावनामा प्रचण्ड भएको अनुभव गरेको छ यो भिन्न भिन्न सारा अनुभव वास्तव अनुभव हैन, भय पनि वास्तवमा छैन र सुखको अनुभव पनि मिथ्या हो। अनुभव, अनुभाव्य र अनुभविता सारा हो केवल मिथ्या। म हुँ सारा अभिमानदेखिरहित तुरीय चिदानन्द ब्रह्म। म सुषुप्तिकालीन ब्रह्मानन्दको अनुभविता पनि हैन। यसप्रकार विवेकपूर्वक पुनः पुनः अभ्यास गर्नुपर्दछ। मबाट नै आनन्दमयकोष व्याप्त हुन्छ। म नै हुँ आनन्दमयकोषको पनि आन्तर—यसको स्पष्ट रूपले अनुभव गर्नुपर्छ।

जसले अवस्थात्रयको अनुभवहरूलाई पूर्णरूपले अनुभव गर्नुका लागि अभ्यास गर्छ त्यो उत्तम मुमुक्षु पुरुषले तुरीय आफ्नो ब्रह्मस्वरूपको साक्षात् अनुभव गर्न सक्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्रयोजनीय

यसको रहस्य यो कि जसले अवस्थात्रयलाई स्पष्ट रूपले अनुभव गर्दछ त्यो तीन अवस्थाबाट पृथक्, अवस्थात्रयको केवल साक्षीरूपले अवस्थित भैहाल्छ। परिणामले ऊ प्रशान्त र सर्ववृत्ति रहित हुन्छ र नान्तरीयक तथा ब्रह्माकार वृत्तिमा अनुभवस्वरूप ब्रह्मदेखि अभिन्न भएर ब्रह्मरूपले अवस्थान गर्दछ। स्पष्टरूपले भासमान ब्रह्मस्वरूपलाई निर्विकल्प समाधि भनेको छ (पाद टिप्पणी २० हेर्नु)।

ब्रह्मज्ञानको उत्पत्तिका लागि शास्त्रमा तीन स्तर देखाएको छ :

(१) ध्यान किम्वा निदिध्यासन; जसमा मन र बुद्धिको सामान्यरूपले त्याग हुन्छ।

(२) अवस्थात्रयको सारा भ्रान्त अनुभवलाई मिथ्या भनी अनुभव गर्न (मन बुद्धिको अधिकतर त्याग)।

(३) तुरीय आफ्नो स्वरूपको निर्विकल्प समाधिमा स्पष्टरूपले अनुभव। मन बुद्धिको संपूर्ण परित्याग; सारा उपाधिको परित्याग; अवस्थात्रयको सम्पूर्ण परित्याग; किम्वा कृतकृत्यता।

ब्रह्मस्वरूप हो निरुपाधि; त्यसको उपाधि हो अज्ञान र अज्ञानको कार्य मन बुद्धि। त्यसकारण क्रम-क्रमले इन्द्रियलाई, मन बुद्धिलाई र अविद्यालाई निरसन गर्नुपर्छ। त्यसकारण ध्यान, सविकल्पसमाधि र निर्विकल्पसमाधि आवश्यक छ। निर्विकल्पसमाधिमा अज्ञानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्रयोजनीय

(केही पनि नजान्नुको) परित्याग हुन्छ। "केही पनि नजान्नु" सुषुप्तिमा रहन्छ र निरुपाधिब्रह्म निर्विकल्प-समाधिमा प्रकाशित हुन्छ।

सुषुप्ति अवस्थाको आत्यन्तिक परित्यागको लागि अज्ञानको निरसन आवश्यक हुन्छ। मन, बुद्धिको परित्याग भये जाग्रतस्वप्नको परित्याग हुन्छ; सुषुप्तिको परित्याग नभए जाग्रत् स्वप्न फेरि आविर्भूत हुन्छ। त्यसैले जाग्रत् स्वप्नको जो कारण हो (अर्थात् सुषुप्ति, अज्ञान), त्यसलाई परित्याग गर्नु आवश्यक हुन्छ। सुषुप्तिको आत्यन्तिक अभावको लागि निर्विकल्प समाधिको प्रयोजन हुन्छ। त्यसकारण अज्ञानलाई कसरी परित्याग गर्नुपर्छ त्यसको बारेमा ऐले बताइन्छ—

जाग्रत् स्वप्न (स्थूल, सूक्ष्म विषयको भोगरूप संसार) र यो दुईको बीजभूत केवल मात्र अविद्यारूप सुषुप्ति अवस्था[२५]—यिनीहरूको भित्र एक अवस्था अरू अवस्थामा नरहेको हुनाले त्यो वास्तवमा मिथ्यासिद्ध हुन्छ। त्यसकारण यो तीन अवस्था नै मिथ्या सिद्ध भएको हुनाले यिनीहरूलाई परित्याग गर्नु उचित छ।

---

२५. यसलाई तमोमय वीज (जाग्रत् स्वप्नको वीजरूप अज्ञान) भनी शास्त्रमा भनेको हुनाले अज्ञानको स्वतन्त्र सत्ता निवारित भयो; (मयट् प्रयोगले त्यो देखाइएको छ) तमोमयको अर्थ हो अज्ञानप्राय (अज्ञान झैं), किनकि यो हो आभासयुक्त। पाद टिप्पणी ३४ हेर्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्रयोजनीय

अवस्थात्रय हो मुमुक्षु पुरुषको सर्वथा त्याज्य[२६] ।

यसरी यो सिद्ध भयो कि संकल्परूप मन, निश्चयरूप बुद्धि यो दुवै नै हो आत्मस्वरूपमा कल्पित ।

यो हो वेदान्त सिद्धान्त; यसदेखि भिन्न शास्त्रको कथनलाई उपेक्षा गरीकन बुद्धिमान् पुरुषले वेदान्त शास्त्रमा नै दृढ निष्ठा गर्नुपर्दछ । उत्तम मुमुक्षु पुरुष निःशंक भैकन वेदान्तोक्त ज्ञान मार्गमा स्थिर भएर रहनुपर्दछ ।

जस्तो अरू मान्छेको शरीरमा तिम्रो अभिमान हुँदैन त्यस्तो आफ्नो शरीरमा पनि आत्मस्वरूपलाई जान्नुको फलले अभिमान हुनु संभव छैन ।

यो संसारमा आत्मज्ञानदेखि अरू कुनै वस्तुको लाभ ज्यादा हुन सक्दैन । यो आत्मज्ञान वेदान्तको महावाक्यको ज्ञानबाट नै उत्पन्न हुन्छ, अरू कुनै साधनद्वारा हैन, यसप्रकार जानीकन बुद्धिमान पुरुषले वेदान्त शास्त्रमा नै दृढ निष्ठा[२७] गर्नुपर्दछ ।

□

---

२६. स्थूल सूक्ष्म र कारणावस्थाको भित्र एक अवस्थामा अरू अवस्था नभएको हुनाले र यिनीहरू दृश्य भएको हुनाले—डोरीमा सर्प, धारा आदि झैं—आत्मामा किम्वा अन्यत्र यी अवस्थाहरू छैनन् यसप्रकार जानीकन यिनीहरूको विलापन गर्नु; अर्थात् आत्मस्वरूपको शोधन गर्नु ।

२७. वेदान्त शास्त्रमा उक्त भएको ज्ञानको प्रक्रिया परवर्ती अध्यायमा देखाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चम अध्याय

निर्विकल्प समाधिको साधन (२)

विद्या प्राप्तिको अन्तरंग साधन हो देवता भक्ति; यो हो नमस्काररूप यो देखाइन्छ ।

आत्मा हो सारा ज्ञेय पदार्थदेखि उत्कृष्ट; आत्मादेखि भिन्न अरू कुनै पदार्थ छैन, रूपादि रहित भएको हुनाले आत्मा हो चक्षु आदिको अगोचर । अरू कुनै वस्तु नभएको हुनाले अनुमान र अर्थापत्ति प्रमाणद्वारा आत्मा जानिदैन । सदृशवस्तु नभएको हुनाले उपासनाबाट पनि आत्माको ग्रहण सम्भव छैन । आत्मामा गुण क्रिया आदि कुनै धर्म नभएको हुनाले आत्मा हो शब्दको अगोचर ।

तर ज्ञाताको स्वरूप भएको हुनाले आत्मा छैन यस्तो भन्नु बन्दैन । परिशेषमा विषयभूत देह, इन्द्रिय र अन्तःकरणको प्रत्याख्यान पूर्वक तिनीहरूको साक्षीरूपले, तिनीहरूको अविषय रूपले स्वयंप्रकाश आत्मालाई जान्नुपर्छ[२८] ।

यो हो त्वंपदार्थको परिशोधन । शुद्ध त्वंपदार्थ हो तत् पदार्थ स्वरूप; यत्ति हो महावाक्यको अर्थ । यो वाक्यार्थ भन्नुको

---

२८. गएको अध्यायमा यो सामान्यरूपले देखाइएको हो । पाद टिप्पणी २६ हेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागि अहिले तत् पदार्थ देखाइन्छ। तत् पदार्थ हो सर्वज्ञ; अर्थात् जस्ले सामान्यरूपले सारालाई जान्नु हुन्छ। फेरि उहाँले विशेषरूपले पनि सारालाई देख्नु हुन्छ; त्यसकारण उहाँ हुनुहुन्छ सर्वदृक् यो हो तत् पदार्थको उपलक्षण। अहिले स्वरूपलक्षण भनिन्छ : तत् पदार्थ हो शुद्ध; अर्थात् अनृत, जड़, दुःखादि प्रपञ्चसित संसर्गरहित सत्य ज्ञानानन्दरूप।

अहिले तत् त्वंपदार्थको एकतारूप वाक्यार्थ भन्नु पर्‍यो; त्यो हो नमस्काररूप—

म[२९] सर्वज्ञत्वादिद्वारा उपलक्षित सत्यादि स्वरूपलाई[३०] नमस्कार गर्दछु[३१]। देवता भक्तिको झैं गुरु भक्ति पनि हो विद्याप्राप्तिको अन्तरङ्ग साधन। यो श्रुतिमा भनिएको छ; जुन आचार्य परम्पराले पद वाक्य र प्रमाणको रहस्य जान्नु हुन्छ; दीपकस्वरूप जस्ले वेदको रहस्य ब्रह्मस्वरूपलाई प्रकट गर्नु भएको छ, तिनीहरूलाई म सर्वदा प्रणाम गर्दछु।

सामान्यरूपले आचार्य परम्परालाई नमस्कार गरीकन विशेषरूपले आफ्नो गुरुदेवलाई प्रणाम गर्नुपर्छ।

जस्को वाक्यरूप सूर्य रश्मिद्वारा मेरो अज्ञानरूप पापराशि

---

२९. यो हो परिशोधित त्वंपदार्थ स्थानीय।

३०. यो हो शुद्ध तत् पदार्थ स्थानीय।

३१. म र ब्रह्म यो दुइको भित्र अविद्यावशात् जो भेद दृष्टि विद्यमान थियो अहिले त्यसको विलय हुन्छ, त्यसको विलय गर्छ। यो नै हो प्रह्वीभावको अर्थ। प्रह्वीभाव हो नम्रता, विनय प्रदर्शन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विनष्ट भएको छ; मेरो गुरुदेवलाई म प्रणाम गरीकन ब्रह्म-विद्याको निश्चय प्रतिपादक युक्तिको वर्णना गर्दछु ।

पुत्र, धनादिको लाभ सुखको हेतु भनी मानिए तापनि त्यो दुःखरूप हुन्छ । किन्तु आत्मलाभ नित्य भएको हुनाले ज्ञान-वान् पुरुषले त्यसलाई परमलाभ भन्नु भएको छ ।

अनात्मामा आत्म दृष्टिको नाम हो अविद्या; त्यसको नाशलाई मोक्ष भनेको छ । यो मोक्ष ज्ञानद्वारा नै संभव हुन्छ कर्मद्वारा हैन ।

वेदको एकमात्र प्रयोजन हो ज्ञान; ज्ञानद्वारा आत्माको एकत्व जानिन्छ । ज्ञान कसरी उत्पन्न हुन्छ ? जबाफमा भनिन्छ कि "ब्रह्म हो सत्य ज्ञान र अनन्त" यसप्रकार अवान्तर वाक्यको सहाराले "तत्वमसि" रूप महावाक्यद्वारा आत्माको एकत्व उदित हुन्छ । आत्मतत्वज्ञान नै हो परम पुरुषार्थको हेतु; कर्मकाण्ड हो चित्त शुद्धिको हेतु । त्यसकारण कर्मकाण्ड हो परम्पराले परम पुरुषार्थ-को साधन । यसरी एकै अर्थमा पर्यवसान भएको हुनाले वेद वाक्यको एकवाक्यता सिद्ध हुन्छ ।

द्वैत हो अविद्या कल्पित; नामरूप र कर्म हो मिथ्या सारा शब्द विशेष हो वाणी मात्र, रूप विशेष हो चक्षु मात्र र कर्म विशेष हो शरीर मात्र । फलले श्रुतिले यो नै सिद्ध गर्नु भएको छ कि एक मात्र सत् स्वरूप आत्मा नै विद्यमान छ; नामरूप र कर्म सत्य हैन र सम्पूर्ण जगत् हो एक आत्म स्वरूप नै ।

ज्ञानको हेतु भूत—श्रुति र आचार्य पनि हो आत्मस्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै। किनकि आत्मादेखि भिन्न अरू जड़ पदार्थमा अर्थ प्रकाशनको तागद छैन।

स्वप्न अवस्थामा जसबाट स्वप्नको सारा पदार्थको ज्ञान हुन्छ, त्यो हो वेद र स्वप्नको सारा वेद्य पदार्थ हो मायाद्वारा कल्पित स्वप्नद्रष्टा नै। स्वप्नको रथ, रथ चल्नेको बाटो आदि सारा विषय वास्तवमा छैन। मायाकृत उपाधि भेदले स्वयं प्रकाश आत्मा नै वेद्य र वेदन रूपले स्थित हुन्छ।

नीलो, पहेंलो आदि उपाधि भेदले एकै मणि भिन्न-भिन्न प्रतीत हुन्छ, त्यस्तै स्वप्न कल्पित भिन्न-भिन्न उपाधिवशात् एकै ज्ञान चाक्षुष ज्ञान, श्रावण ज्ञान आदि रूपले प्रतीत हुन्छ।

स्वप्नको झैं जाग्रत् अवस्थाको भिन्न-भिन्न ज्ञान पनि हो आरोपित मात्र। विषयहरू इन्द्रिय प्रणालीद्वारा बुद्धिमा परीहाल्छ; बुद्धि विषयको आकार प्राप्त गरीहाल्छ। प्रमाता चैतन्य अज्ञानवशात् त्यो विषयहरूलाई आफूमा प्राप्त भएको भनी मान्दछ र फलले अनुरागवशात् त्यसको ग्रहण र वीतरागवशात् त्यसको त्याग गरिहाल्छ। ग्रहण र त्यागरूप क्रियालाई जीवले आत्मगत भनी कल्पना गरीकन व्यवहार गरीरहन्छ[३२]।

---

३२. बाहिरी पदार्थ हो ठीक स्वप्नकालको पदार्थ झैं मिथ्या। वाह्य पदार्थको स्वप्न पदार्थ देखि कुनै विशेषता छैन। दुवै नै हो चित्तवृत्तिरूप। आत्मा हो चित्तवृत्तिहरूको साक्षी। अविद्यावाट उपस्थापित अन्त.करणको वृत्तिहरूलाई प्रकाश गरीकन पनि तिनीहरू सित अविवेकवशात् प्रपंचलाई आफूमा कल्पना गरीकन व्यवहार गर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो सम्पूर्ण जगत् हो अविद्याजनित, त्यसकारण मिथ्या। अज्ञानी मानिसले मात्र जगतलाई देख्दछ। सुषुप्तिमा यसको प्रतीति पनि छैन। सुषुप्तिमा अज्ञान भए तापनि "म अज्ञानी हुँ" यसप्रकार अनुभव हुँदैन[33]। तब द्वितीय वस्तु भए आत्माले त्यसलाई देखि हाल्ने थियो। सुषुप्तिमा अज्ञान भए तापनि त्यो आत्मा देखि पृथक् होइन, किनकि शक्ति र शक्तिमान भिन्न होइन। अधिष्ठान चैतन्यमा अज्ञान कल्पित भएको छ। त्यसकारण कल्पित वस्तु र कल्पनाको अधिष्ठान अभिन्न हुन्छ।

---

३३. सुषुप्ति अवस्थाको पछि जाग्रत र स्वप्न अवस्था आउँछ त्यसकारण सुषुप्तिलाई जाग्रत् स्वप्नको बीज भनेको छ। सुषुप्तिमा बुद्धि रहेको हुँदैन; अज्ञानमा लय भइहाल्छ र परिणामले सुषुप्तिमा द्वैतको अदर्शन स्वाभाविक रूपले भईहाल्छ (यो अदर्शन अविद्या जनित हैन) र अज्ञानाकार वृत्तिद्वारा "केही पनि जान्दैन" यसप्रकार प्राज्ञले अनुभव गर्छ।

तमः किम्वा अज्ञान जाग्रत स्वप्नको उपादान रूप भएता पनि भावरूप भनी भनिएको छ तापनि त्यो वस्तुरूप हैन। त्यसकारण सुषुप्तिमा कसैले अज्ञानको अनुभव गर्दैन। बुद्धि नहुनुलाई अज्ञान भनेको छ।

अज्ञानको कार्य आकाश आदि भूत सुषुप्तिमा नभएको हुनाले अज्ञानरूप कारण वास्तवमा छैन, यो बुद्धिद्वारा जाग्रतमा निश्चितरूपले जान्नमा आउँछ। अज्ञान हो यत्किञ्चित्, क्यै पनि हैन। यो यदि केही हुने थियो तब सुषुप्तिमा पनि यसको अनुभव हुने थियो। सुषुप्ति अवस्था मिथ्या भएको हुनाले प्राज्ञ भावपनि मिथ्या सिद्ध हुन्छ; सुषुप्तिको अवभासक रूपले जो अलुप्तप्रकाशस्वभाव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्पित वस्तु अधिष्ठान देखि भिन्न हुँदैन यो सारा अवस्थामा समान भएतापनि सुषुप्तिमा सारा कार्य उपाधिको लय भएको हुनाले आत्माको निष्प्रपञ्चता सजिलोसित बुझ्नमा आउँछ। यदि कुनै जाग्रत् पुरुष सुषुप्तिस्थित पुरुषको चिन्तन गरीकन मनद्वारा अज्ञानको विवेक गर्छ तब अन्तःकरण वृत्ति नैं अज्ञानलाई नष्ट गरिदिन्छ त्यसको मन निष्प्रपञ्च ब्रह्मको आकारमा अवश्य आकारित हुन्छ। यसप्रकारको अवस्था नै हो ज्ञानको अवस्था; तब केवल अद्वितीय ब्रह्मस्वरूप नै मनद्वारा ज्ञात हुन्छ यो सिद्ध भो। यो नै हो निर्विकल्प समाधि।

जाग्रत् पुरुषद्वारा सुखरूप सुषुप्तिको दीर्घकाल चिन्तन भए त्यसको समाधि प्राप्त हुन्छ।

देख्नुको, सुन्नुको, जान्नुको योग्य वस्तु यदि सत्य हुने थियो तब त्यो सुषुप्तिमा देखिने थियो। "तत्कालमा म केही पनि जान्न पाईन" यसप्रकार अज्ञान यदि सुषुप्तिका भिन्न भनी मानिन्छ तब त्यसको पनि समाधि अवस्थामा दग्ध भएको हुंनाले सत्य भनी सिद्ध हुँदैन। सुषुप्तिकालमा अज्ञानको स्थिति श्रुतिमा

आत्मा परिशिष्ट रहन्छ, त्यो मूढ़ पनि हैन ज्ञानवान् पनिहैन—किन्तु ज्ञानस्वरूप हो, त्यसकारण ब्रह्मस्वरूपसित एकीभूत हो। यसरी दृश्यत्रयलाई पृथक् गरेपछि त्यसको साक्षी आफूलाई स्वरूपभूत सत्य ज्ञान आदि लक्षण ब्रह्म भनी अनुभव हुन्छ। यसरी अज्ञान सम्यकज्ञानद्वारा नष्ट भए संसाररूप कार्यलाई फेरि उत्पन्न गर्न पाउँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो भनेको छ त्यो त्यसबेला कल्पित भएको हुनाले र समाधिमा असत्य भएको हुनाले असत्य भनी नै सिद्ध हुन्छ। यसरी अज्ञान र त्यसको कार्य अत्यन्त नष्ट भएको हुनाले तिनै कालमा मिथ्या सिद्ध भो। जो आदि र अन्तमा रहँदैन त्यो वर्तमानमा पनि रहँदैन, यो हो प्रमाणिक सिद्धान्त। जस्तो तीनै कालमा रज्जु-सर्प छैन त्यस्तै पैले अज्ञानवशात् भ्रमले प्रतिपन्न वस्तु पनि सत्य हुँदैन। यसको स्पष्टीकरणको लागि परिशिष्ट (घ) हेर्नु।

पाद टिप्पणी ११, २५, ३४ र ३७ हेर्नु।

आत्मैक्य ज्ञान नै हो ज्ञान र भेद ज्ञान हो अज्ञान। त्यस-कारण सर्वप्रयत्नपूर्वक शास्त्रमा केवल ज्ञानको नै प्रतिपादन गरिएको छ।

ऐनामा झैं शुद्ध चित्तमा नै ज्ञान प्रकाशित हुन्छ; त्यस-कारण यम, नियम, यज्ञ र तपस्याद्वारा चित्तलाई शुद्ध गर्नुपर्दछ। मनुस्मृतिमा भनिएको छ कि मन र इन्द्रियको एकाग्रता (आत्मस्वरूपमा मनलाई स्थिर गर्नु) हो परम तपस्या। मनको स्थिरता हो सारा धर्मदेखि उत्कृष्ट धर्म; त्यसैले यसलाई परम धर्म भनेको छ।

यी साधनहरूको सहाराबाट सम्यक् रूपले शुद्धचित्त भैकन श्रवणादिपरायण भएर तीन अवस्थादेखि साक्षीलाई पृथक् गरीकन त्यसलाई ब्रह्म भनी जान्नुपर्दछ।

जाग्रत् स्वप्न र सुषुप्ति हो तीन प्रकारको दृश्य; त्यो सारा दृश्यबाट त्यसको साक्षीलाई पृथक् गरीकन आफ्नो आत्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूपलाई परम पद सत्य ज्ञानादि लक्षण ब्रह्म भनी साक्षात् अनुभव गर्नुपर्दछ।

इन्द्रियद्वारा विषयको उपलब्धिलाई जाग्रत् भनेको छ; दृष्ट विषयको संस्कारबाट उत्पन्न ज्ञानलाई स्वप्न भनेको छ, स्वप्न र जागरणको अभावलाई सुषुप्ति भनेको छ। अन्तःकरण-मा जब कर्मद्वारा स्थूल विषय र वासना (सूक्ष्म विषय) उद्‌बुद्ध हुँदैन तब आफूदेखि भिन्न अरू कुनै पदार्थलाई (विषय किम्बा वासनालाई) नदेखेको हुनाले (अर्थात् अपरिच्छिन्न दर्शी) आत्मालाई प्राज्ञ भनी जान्नु।

धेरै प्रयोज-नीय

तमोरूप अज्ञान किम्बा माया हो सारा जगतको कारण; त्यसैले स्वप्न, जागरण र सुषुप्ति अवस्था यसबाट उत्पन्न हुन्छन्। ज्ञानद्वारा अज्ञानको निवृत्ति भए दुःख, चिन्ता, भयको निवृत्तिको लागि कुनै अरू चेष्टाको आवश्यकता हुँदैन। एक अज्ञान नै प्राज्ञ र ईश्वररूप सुषुप्ति अवस्थालाई, तैजस हिरण्यगर्भरूप स्वप्नावस्थालाई र विश्व वैश्वानररूप जाग्रत् अवस्थालाई प्राप्त गर्दछ। अज्ञानको आश्रय[३४] आत्मा हो एक; वास्तवमा त्यसको कुनै विकार छैन तापनि अज्ञान उपाधियुक्त भैकन आत्मा मनुष्य, देवता, पशु, पक्षी आदि नानारूपले प्रतीयमान हुन्छ। जस्तो एक सूर्य भिन्न भिन्न पानीको भाँडामा नानारूपले

---

३४. अज्ञान स्वतन्त्र हैन, त्यो हो आत्मस्वरूपमा कल्पित। पादटिप्पणी २५ हेर्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भासमान हुन्छ। किन्तु उपाधिको अभाव भए त्यो फेरि एकरूप भैहाल्छ।

आत्मा यदि भिन्न भिन्न उपाधिमा नानाहुन्छ तब नाना व्यापारसित युक्त भैहाल्छ। तब आत्माको कूटस्थता नष्ट हुन्छ। यो ठीक हैन। जस्तो एक मायावी माया हात्तीमा चढीकन कुनै ठाउमा जानु आउनु गर्दछ तापनि वास्तवमा त्यो मायावी अचलरूपले नै रहन्छ; त्यस्तै आत्मा सुयुप्ति र स्वप्नादि अवस्था प्राप्त भए तापनि कूटस्थ रूपले रहन्छ।

जस्तो हात्ती छैन। हात्तीमा चढेको मायावी छैन—अरू मानिस विद्यमान छ। त्यस्तो सुषुप्ति र स्वप्नादि अवस्था छैन; तिनीहरूको द्रष्टा प्राज्ञ तैजस पनि छैन, किन्तु केवल ज्ञानस्वरूप आत्मा विद्यमान छ।

मायावीले जान्दछ कि हात्ती र त्यसमा चढनु हो मिथ्या। किन्तु दर्शकहरूले त्यसको स्वरूप नबुझेर सत्य भनी विवेचना गर्दछन्। त्यस्तै ज्ञानवान् पुरुष सुषुप्ति र स्वप्न देखिए तापनि अज्ञानी झैं मोह प्राप्त हुनुहुन्न, किन्तु सुषुप्त झैं निर्विकार नै रहनुहुन्छ।

यो आत्मा हो साक्षात् ब्रह्म स्वरूप, यो कुरा श्रुतिबाट अवगत हुन्छ। ब्रह्मलाई नजानेपछि ठूलो हानि हुन्छ। यो पनि श्रुतिबाट जान्नमा आउँछ।

आत्मालाई कसरी जान्नुपर्छ ? इन्द्रिय र अन्तःकरणद्वारा त आत्मालाई जानिदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जवाफमा बताइन्छ कि राहु स्वभावतः अदृश्य भए तापनि चन्द्रमण्डलमा उपरक्त भैकन दृष्ट हुन्छ; र जस्तो चन्द्र सूर्यादिको बिम्ब पानीमा देखिन्छ त्यस्तै आत्मा सर्वगत भए तापनि बुद्धिमा नै गृहीत[३५] हुन्छ ।

जस्तो पानीमा देखिएको सूर्यको बिम्ब र उष्णता पानीको धर्म हैन, सूर्यकै हो । त्यस्तो बुद्धिमा प्रकाशित ज्ञान बुद्धिको धर्म हैन । बुद्धि हो केवल जड ।

नेत्र इन्द्रिययुक्त बुद्धिवृत्तिलाई प्रकाश गरेको हुनाले आत्मा हो दृष्टिको द्रष्टा र श्रवणको श्रोता; केवल मनको वृत्तिलाई प्रकाश गरेकोहुनाले मतिको मन्ता र विज्ञाता हुन्छ । आत्माको चैतन्यशक्ति हो कुण्ठारहित ।

"आत्मा ध्यान गरे झैं गर्छ", "स्पन्दन आदि क्रियायुक्त

---

३५. आत्मा हो सर्वगत, त्यसकारण त्यसको ज्ञान हुनु संभव छैन; किन्तु बुद्धिमा प्रतिबिम्बित अवस्थामा गृहीत हुन्छ । प्रशान्त (सर्ववृत्ति-रहित) बुद्धिमा आत्मब्रह्म स्वतः प्रकाशित हुन्छ । "म हुँ ब्रह्म" यस-प्रकार गृहीत हुन्छ (ब्रह्म स्वरूपको साक्षात्कार संभव हुन्छ) । प्रतिबिम्बित रूपले स्वतः स्फुरण नै हो ग्रहण, विषयी भाव हैन । केवल शास्त्रगम्य भए तापनि ब्रह्मस्वरूप प्रत्यक्ष हुन्छ, यो देखाउनका लागि राहुको दृष्टान्त दिइएको छ । सर्वत्र यथावत् स्फुरित न भए पनि उपाधि विशेषमा यथावत् स्फुरित हुन्छ, यो देखाउनका लागि प्रतिबिम्ब दृष्टान्त दिइएको छ । यो हो दुई प्रकार दृष्टान्त दिनुको आशय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ", यसप्रकार श्रुतिवाक्यद्वारा आत्माको निर्विकारता सिद्ध हुन्छ । "यो अवस्थामा चोर अचोर हुन्छ", "पाप र पुण्यद्वारा असंस्पृष्ट", यसप्रकार श्रुतिद्वारा आत्माको शुद्धत्व सिद्ध भयो ।

सुषुप्ति अवस्थामा आत्माको प्रकाशशक्तिको लोप नभएको[३६] हुनाले आत्मा हो ज्ञानस्वरूप; यसरी अविकारी भएको हुनाले जाग्रत् अवस्थामा पनि आत्मा ज्ञानस्वरूप हो । विशेष भाव केवल ज्ञेय वस्तुमा रहन्छ "जुन अवस्थामा अरू पदार्थ रहन्छ, त्यो अवस्थामा अरूले अरूलाई देख्दछ", यसप्रकार श्रुतिवचन हो यसका प्रमाण ।

नित्य चैतन्य स्वरूप भएको हुनाले आत्मा हो—नित्य अपरोक्ष र निर्विकार । चक्षु आदि इन्द्रियदेखि त्यसको विषय घट आदि हो व्यवहित । त्यसकारण लौकिक दृष्टि परोक्ष हुन्छ । किन्तु आत्मा र ब्रह्ममा भेद नभएको हुनाले ब्रह्म हो सर्वदा प्रत्यक्ष । यो आत्म स्वरूपभूत ज्ञानदृष्टि हो अलौकिक; त्यसमा परोक्षताको कुनै संभावना छैन । त्यसैले ब्रह्मवेत्ता पुरुष ब्रह्मलाई प्रत्यक्ष भनी भन्नुहुन्छ । जस्तो प्रदीपलाई प्रकाश गर्नुकोलागि अरू दीपको अपेक्षा छैन, त्यस्तो बोध आत्मस्वरूप भएको हुनाले आफूको प्रकाशको लागि अरू कुनै बोधको अपेक्षा हुँदैन ।

आत्माको विषयत्व, विकारित्व र नानात्व अंगीकृत हैन;

---

३६. सुषुप्तिमा ज्ञानको अभाव हुन्छ, यसप्रकार शंकाको निराकरण गरिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसकारण आत्मा स्वरूप भएको हुनाले उपादेय किम्बा त्याज्य हुन सक्दैन[३७] ।

म हुँ बाहिर भित्र विद्यमान, जरारहित जन्ममृत्यु र बृद्धत्वरहित आत्मा—यसप्रकार जो जान्नुहुन्छ, उहाँ कसरी अलिकति पनि भयभीत हुन सक्नुहोला ?

□

३७. आत्माको अपरोक्षतालाई देखाएर अविकारिता र निर्विशेषतालाई देखाइयो । आत्मादेखि व्यतिरिक्त अरू कोही किम्वा अरू केही छैन । सुषुप्ति हो यो विषयमा अकाट्य प्रमाण । पादटिप्पणी ३३ हेर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षष्ठ अध्याय

निर्विकल्प समाधिको साधन (३)

"यावत् जीवन अग्निहोत्र धर्म गर्नुपर्दछ" र आत्मा हो अस्थूल अनणु" यो दुई प्रकार श्रुति पाइन्छ। यावत् जीवन श्रुतिद्वारा नित्य कर्म हो अवश्य अनुष्ठेय, त्यसको अकरणमा प्रत्यवाय हुन्छ, यस्तो बुझिन्छ। त्यसकारण विद्वानको लागि कर्म हो अवश्य अनुष्ठेय। त्यसैले आत्मज्ञान कसरी संभव हुन्छ?—यसप्रकार आशंकाको ऐले उत्तर दिइन्छ।

यद्यपि 'यावत् जीवन' आदि श्रुति छ तापनि 'अस्थूल' आदि श्रुतिद्वारा कर्माधिकारको हेतुभूत ब्राह्मण आदि वर्ण निषिद्ध भएको छ; त्यसकारण आत्मज्ञान हुनुको पहिले सम्म (अर्थात् विविदिषाको उत्पत्ति नहुनुसम्म) 'यावत् जीवन' इत्यादि श्रुति विहित कर्मको अनुष्ठान कर्तव्य हो। विविदिषा उत्पन्न भए कर्ममा अहंकार रहँदैन तब कर्मको अनुष्ठान नगरे प्रत्यवाय हुन सक्दैन।

"आत्मा हो अस्थूल अनणु" इत्यादि श्रुतिद्वारा (कर्माधिकारको हेतुरूप) ब्राह्मण आदि वर्णको त्याग भएको हुनाले "तिमी ह्वौ ब्रह्मस्वरूप", यो वाक्यद्वारा ब्रह्मस्वरूपको निश्चय हुन्छ। ब्रह्मात्मज्ञान भए काम, संकल्प र कर्मको स्वतः परित्याग भैहाल्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्म आदिबाट निवर्तन हो आत्मस्वरूप प्रतिपादनको फल। आत्मा साध्य पनि हैन, साधन पनि हैन। आत्मा हो नित्य तृप्त, यो स्मृतिमा कहिएको छ।

क्रिया र कारकसित योग हो केवल भ्रममूलक; त्यसकारण आत्मस्वरूपको अवबोध भएमा नै क्रिया परित्यक्त हुन्छ। वस्तु उत्पन्न हुन्छ (उत्पाद्य), तण्डुलको पाक हुन्छ (पक्व अन्न हो विकार्य) गाउँमा गमन गर्छ (गाउँ हो प्राप्य) र दर्पणको संस्कार हुन्छ (दर्पण हो संस्कार्य)। कर्म हो यसरी चार प्रकारको; चार प्रकारको अन्यतम हो प्रतिकर्म। यिनीहरूको भित्र आत्मा कुनै प्रकारको हैन। त्यसकारण मुमुक्षु पुरुषको कुनै कार्य छैन। त्यसले साधनसहित जाया, अपत्य, वित्त, शिखा, यज्ञोपवीत आदि सारा कर्मविधिलाई परित्याग गर्दछ। जो चाहिं कृत हुन्छ त्यो अनित्य हुन्छ; मोक्ष हो नित्य आत्मस्वरूपमा अवस्थानरूप। त्यसकारण मुमुक्षु पुरुषलाई कर्मद्वारा गर्नुपर्ने केही पनि छैन। त्यसले केवल सेवा र प्रणिपातद्वारा सद्गुरुको आश्रय लिन्छ।

वित्त, क्षेत्र आदि बाहिरी वस्तुमा जो प्रीति हुन्छ त्यसको अनित्यता, दुःखरूपता र आत्मनिमित्तता जानेर त्यो प्रीति आत्मामा स्थापन गर्नुपर्छ (आफ्नो आत्मस्वरूपमा नै केवल प्रीति गर्नुपर्छ अन्यत्र हैन)। यसप्रकार प्रशान्तचित्त जितेन्द्रिय शिष्यलाई गुरुले आत्मस्वरूपको आवरक र विशेषलक्षण अनादि अज्ञानबाट पार गरिदिनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरु कसरी सम्यक् ज्ञानद्वारा तत्क्षणमा अज्ञानबाट पार गरिदिनुहुन्छ ? उत्तर श्रवण गर—

धेरै प्रयोजनीय

(१) पहिले पदार्थ विवेक गराइकन ।

(२) वाक्यार्थ ज्ञानको उपदेशद्वारा पदार्थ-विवेक देखाइन्छ—

देख्नु, सुन्नु, छुनु, सुँघ्नु, मनन गर्नु जान्नु र अरु सारा काम चैतन्यस्वरूप भए पनि भिन्न भिन्न उपाधिद्वारा भिन्न भिन्न देखिन्छ[३८] ।

यसरी त्यो त्यो वृत्तिहिस्सालाई परित्याग गरीकन सारा वृत्तिको साक्षीरूपले सारा वृत्तिमा अनुगत, प्रकाश स्वभाव आत्मा

---

३८. देख्नु, सुन्नु यो सारा हो चैतन्यको नै विकार, तापनि चक्षु इन्द्रियद्वारा बुद्धि दृत्तिको उदय र श्रोत्र इन्द्रियद्वारा बुद्धिवृत्तिको उदय भएको हुनाले देख्नुबाट सुन्नु भिन्न जस्तो प्रतीत हुन्छ । चैतन्य हो सर्वत्र अविशिष्ट (भिन्न भिन्न हैन) । पहिले पनि भनिसकियो कि इन्द्रियविना (स्वप्नमा वासनाद्वारा) मनोवृत्तिको उदय हुन्छ र सुषुप्तिमा अज्ञानको वृत्तिको उदय हुन्छ, त्यसकारण विवेकद्वारा इन्द्रिय-वृत्तिलाई वासनायुक्त मनोवृत्तिलाई र अज्ञानवृत्तिलाई परित्याग गर्नुपर्छ । पहिले देखाइएको थियो—कि ध्यान किम्वा निदिध्यासन हो चित्तदेखि निरन्तर साक्षी चैतन्यको विवेक गरीराख्नु; किनकि विविक्त (चित्तबाट पृथक्कृत) त्वमर्थ हो ब्रह्म । "म हुँ ब्रह्म" यसप्रकार अपरोक्ष अनुभव उत्पन्न भए संसार निवृत्त हुन्छ (मुक्ति सिद्ध हुन्छ) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै हो त्वंपदको अर्थ, यसरी पहिले शिष्यलाई गुरु ग्रहण गराउनुहुन्छ[३९]।

धेरै प्रयोजनीय

सूर्य जस्तो आफ्नो जन्मविनाश शून्य किरणद्वारा-सर्वदा प्रकाश गरीकन अविकृतरूपले स्थित रहन्छ त्यस्तो आत्मा पनि आफ्नो स्वरूपभूत चित् शक्तिद्वारा सारा विषयलाई जानेर सर्वज्ञ हुन्छ; सबैलाई दर्शन गर्छ तापनि[४०] निर्विकार रहन्छ।

पामीमा प्रतिबिम्बित चन्द्रमा पानीको कम्पनले कम्पित भनी देखिन्छ; त्यस्तो आत्मा अविद्यावशात् स्थूल र सूक्ष्म शरीरमा विद्यमान रहीकन शरीरपरिमाण विवेचित हुन्छ र शरीर आदि विषयमा अविवेकवशात् आफू बुद्धि भएकोले आत्मा शरीर आदिको धर्मले युक्त भनी निश्चय हुन्छ[४१]।

---

३९. यसप्रकार विवेकद्वारा शिष्य आफूलाई पहिले निर्विकार, शुद्धस्वरूप प्रत्यगात्मा भनी अनुभव गर्छ; र पछि त्यसमा संशयरहित हुन्छ (अर्थात् प्रत्यगात्माको साक्षात् अनुभव गरिहाल्छ)।

४०. त्यो त्यो बुद्धिवृत्तिरूप भिन्न भिन्न उपाधिद्वारा भिन्न भिन्न सारा विषयहरूलाई विशेषरूपले जान्दछ। र सर्वगत भएको हुनाले सामान्य-रूपले सारा विषयहरूलाई दर्शन गर्दछ। आत्मा सारा दृश्यको अधिष्ठान भएको हुनाले अव्यभिचारी र निर्विकार (शुद्ध) रहन्छ।

४१. आत्मा वास्तवमा देहको धर्मसित युक्त हैन र देहपरिमाणमात्र पनि हैन, त्वंपदार्थ हो सर्वज्ञ, सर्वसाक्षी र निर्विकार। शिष्यले ऐले आफू-लाई यथार्थरूपले जान्यो र आफ्नो स्वरूपको साक्षात्कार गरिसक्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्रयोजनीय

यसरी यो सिद्ध भयो कि उपाधि सम्पर्क विना आत्मस्वरूपमा संसारको उपलब्धि संभव छैन। इन्द्रिय, वासनायुक्त मन र अज्ञान (र यिनीहरूका वृत्तिहरू) यी उपाधिहरू आत्माको बाहिर स्वतन्त्ररूपले छैनन्। यिनीहरू हुन् अविद्याको कार्यरूप।

त्यसकारण चैतन्यस्वरूप आत्मा हो नित्य शुद्ध र परिपूर्ण वस्तु यो अवान्तर वाक्यद्वारा अवधारित हुन्छ; र त्यो आत्मा नै हो सत्य ज्ञानादिलक्षण ब्रह्म, यो महावाक्यद्वारा आचार्यले शिष्यलाई जनादिनुहुन्छ।

जाग्रदादि तीन अवस्था नै हो संपूर्ण दृश्य; मुमुक्षु यो जानेर यिनीहरूलाई परित्यागपूर्वक, यिनीहरूको साक्षी र अधिष्ठानरूपले अवस्थित अव्यभिचारी, एकरस चैतन्य आत्मा नै हो ब्रह्म यसप्रकार स्वानुभव प्राप्त गरीकन मुक्त हुन्छ।

यस्तो अनुसन्धानको प्रकार के हो ?

पहिले—जाग्रत्कालीन पञ्चीकृत भूतको कार्यरूप समष्टि व्यष्टि सारा विषयको बारेमा आलोचना गर्नुपर्दछ; अर्थात् दृश्यहरूलाई द्रष्टामात्र भनी जानेर द्रष्टा स्वरूपमा दृश्यको विलापन[४२] गरेर र सारा कार्यलाई पञ्चतन्मात्रा भनी जानेर कारणरूप पञ्चतन्मात्रामा कार्यको विलापन[४३] गर्नुपर्दछ।

---

४२. यसलाई द्रष्टा र दृश्यको अन्वय व्यतिरेक भनेको छ।
४३. यसलाई कार्य र कारणको अन्वय-व्यतिरेक भनेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्रयोज- नीय

त्यसपछि—जाग्रत्मा देखिएको वासनाको कार्यरूप हो स्वप्न दर्शन; स्वप्नलाई देखेर विश्व वैश्वानर समेत स्थूल उपाधिलाई सूक्ष्म भूतमा विलाप न गर्नु; अर्थात् स्थूल उपाधि हो केवल वासनारूप स्वप्नमात्र, यसप्रकार अनुसन्धान गर्नु ।

त्यसपछि—वासनामय लिंग शरीरलाई पनि परित्याग गर्नुपर्दछ; अर्थात् वासनासहित मन प्राण र इन्द्रियरूप संघात हो पञ्चतन्मात्रादेखि अभिन्न यसप्रकार जानेर त्यो संघातलाई पञ्चतन्मात्रामा विलापन[४४] गर्नु ।

त्यसपछि—सुषुप्तिमा जाग्रत् स्वप्नको बीजरूप जो अज्ञान उपलब्ध हुन्छ त्यसलाई कुनै प्रकारबाट निरूपणको अयोग्य[४५] भएको हुनाले—दिवान्ध परिकल्पित अन्धकार झैं यत् किञ्चित् भनी जानेर विवेकद्वारा त्यसको बाध गरीकन आत्मस्वरूपलाई सारा अवस्थाको साक्षीरूपले, सर्वत्र अनुस्यूत चिदानन्दमात्र सारा उपाधिबाट रहित भनी जानीकन रहिदिनु[४६] ।

---

४४. अर्थात् पञ्च तन्मात्राको कारण जो साभास अज्ञान हो त्यसमा विलापन गरीकन स्थित रहनु; यो नै हो पञ्च तन्मात्राको परित्याग ।

४५. अज्ञान सत् हो कि ? असत् हो कि ? सदसद् हो कि ? कुनै भिन्न वस्तु हो कि ? अभिन्न हो कि ? भिन्नाभिन्न हो कि ? यसरी कुनै प्रकारबाट पनि अज्ञानको स्वरूप निरूपण गर्नु संभवछैन ।

४६. बाहिरी पदार्थबाट दृष्टिलाई हटाएर वासनामय पदार्थरूपले त्यसलाई स्मरण गरीकन; फेरि वासनामय शरीरलाई पनि परित्याग गरेर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्रयोजनीय

यसरी स्थित भए सत्य ज्ञानादिलक्षण ब्रह्म नै बनिहाल्छ। ब्रह्म आत्मस्वरूप भएको हुनाले ब्रह्मस्वरूपको प्राप्ति गतिरूप हैन (ब्रह्म प्राप्ति क्रियारूप हैन)।

सुषुप्ति भन्ने तमोरूप जो अज्ञान भनी मानिन्छ त्यो कुनै कालमा पनि छैन, यसप्रकार निश्चय गर्नुपर्दछ; किनकि सद् वस्तु ब्रह्ममात्र भएको हुनाले त्यसको तिरोधान कदापि संभव छैन; किन्तु अज्ञान त ज्ञानको उदय हुनुबित्तिकै तिरोहित हुन्छ; त्यसकारण सुक्ति रजत झैं अज्ञान मिथ्या भनी सिद्ध भयो।

यसरी मिथ्याभूत बुद्धि आदि देखि ज्ञानस्वरूप आत्मालाई पृथक् गरेपछि आत्मा पहिले झैं देहहरूमा अभिमान गर्दैन।

अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय यो पाँच कोशबाट पृथक्भूत आत्मा म हुँ ब्रह्म यसप्रकार जानेर दुःख, चिन्ता, मरण र भयबाट रहित भैहाल्छ।

विश्व र वैश्वानर हो बहिःप्रज्ञ; स्वप्नावस्थामा वासनामय विषयदर्शी हो तैजस र हिरण्यगर्भ। सारा वस्तु विलीन भए सुषुप्तिकालमा मायोपाधिक ईश्वर प्राज्ञ भनी कथित हुन्छ। अध्यात्म र आधिदैवको भित्र भेद छैन; एक पक्षमा प्राज्ञ तैजस र विश्व, अपर पक्षमा ईश्वर हिरण्यगर्भ र वैश्वानर (विराट्)

पछि सुषुप्तिकालीन बीजभूत अज्ञानलाई पनि बाध गरीकन ज्ञान प्रकाशरूप आत्मालाई सारा उपाधिबाट रहित तुल्याएर स्थित भए ब्रह्मस्वरूपको प्राप्ति भैहाल्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनीहरूको भित्र पछि पछिकोलाई पूर्व पूर्वमा विलीन गरेपछि एकमात्र शुद्ध ब्रह्म अवशिष्ट रहन्छ ।

केवल वाणीद्वारा आरंभ भएको हुनाले (केवल शब्द मात्र भएको हुनाले) जाग्रत् स्वप्न र सुषुप्ति हो[४७] मिथ्या । यसको परित्याग भए त्यसको साक्षी वस्तुभूत भएको हुनाले "म हुँ ब्रह्म" यसप्रकार सम्यक् ज्ञानद्वारा मुक्त भैहाल्छ । साक्षी हो परमार्थ सत्य ब्रह्म, त्यो हो मनै—यसैलाई यथार्थ अनुसन्धान भनेको छ ।

सूर्य हो प्रकाशस्वरूप; त्यसकारण प्रकाश किम्बा अप्रकाश त्यसको धर्म हैन । त्यस्तै चैतन्य अर्थात् ज्ञान हो आत्माको स्वभाव । त्यसकारण त्यसमा ज्ञान किम्बा अज्ञान धर्म रहन सक्दैन । ज्ञान र अज्ञान हो साक्ष्य; त्यसकारण कल्पित ।

□

४७. यो अवस्थात्रयलाई जगत् भनेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तम अध्याय

निर्विकल्प समाधिको परिपाक

(षष्ठ र सप्तम ज्ञान भूमिका)

(क) षष्ठ ज्ञानभूमिका

षष्ठ ज्ञानभूमिका हो तुरीय पद। तुरीय पदमा अवस्थित ज्ञानी सर्वदा अक्रिय रहनुहुन्छ; कुनै क्रियामा बन्धन प्राप्त हुनुहुन्न। सर्वदा आनन्दरूप हुनुहुन्छ। भिन्न भएर आनन्दको भोग गर्नुहुन्न। आफू नै आनन्दरूप हुनुहुन्छ। केवल आफ्नो स्वरूपमा स्वतः स्थित रहनुहुन्छ। निर्वाणरूप हुनुहुन्छ।

यसप्रकार विद्वद्वरीयान् सारा क्रियाको अनुष्ठानमा यथाशक्य विचरण गर्नुभएको देखिन्छ; परन्तु भित्र क्रियारहित हुनुहुन्छ। क्रियासित उहाँको कुनै स्पर्श हुँदैन। जस्तो आकाशमा सारा पदार्थ भासमान हुन्छ तर आकाशको कुनै पदार्थसित स्पर्श हुँदैन, त्यस्तै ज्ञानी पुरुषमा सारा क्रिया देखिन्छ तर उहाँको कुनै क्रियामा स्पर्श हुँदैन।

यसको कारण यो हो कि क्रियामा बन्धनकारी हो अहंकार[४८] र यो अहंकार उहाँको नष्ट भैसकेको छ। उहाँको

---

४८. पहिले देखाइएको छ कि संकल्पकर्तालाई अहंकार भनेको छ; अर्थात् त्यसले प्रमादवशात् आफूलाई ब्रह्मदेखि भिन्न भनी मान्दछ। ब्रह्मस्वरूपलाई जान्दिन भनी भन्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन्मात्र स्वरूपमा अहंभावको स्फुरण निवृत्त भएको छ। चिन्मात्र स्वरूपमा जो अहंभावको उदय हुन्छ त्यसलाई अज्ञान भनेको छ। यो नै हो सारा दुःखको हेतु। अहंभाव निवृत्त भए कुनै कर्मले छुन सक्दैन। दृढ ज्ञानवान् पुरुषको यद्यपि जगत् दृष्ट हुन्छ तापनि उहाँले वास्तवमा जगत्लाई देख्नुहुन्न; उहाँ सर्वत्र ब्रह्म नै देख्नुहुन्छ। उहाँ भोजन गर्नुहुन्छ, किन्तु वास्तवमा गर्नुहुन्न। उहाँ दिनुहुन्छ किन्तु वास्तवमा केही पनिदिनु हुन्न उहाँ ग्रहण गर्नुहुन्छ किन्तु वास्तवमा कहिले पनि कसैबाट पनि केही पनि ग्रहण गर्नुहुन्न। उहाँ जानुहुन्छ, वास्तवमा कहिले पनि जानुहुन्न।

देश, काल, वस्तु र पदार्थ यो सारामा दृढ ज्ञानीको आत्मभाव हुन्छ। यद्यपि प्रत्यक्ष चेष्टा उहाँमा देखिन्छ तापनि उहाँका हृदयमा कुनै चेष्टा छैनँ। जस्तो स्वप्नावस्थामा स्वप्नद्रष्टा पुरुषको लागि ग्रहण त्याग भासमान हुन्छ तर जागेपछि त्यो साराको अभाव भैहाल्छ। त्यस्तो जो परमार्थ स्वरूपमा जाग्नुभएको छ उहाँको निम्ति कुनै गुणको क्रिया आफूमा भासदैन। उहाँ जो कुछ गर्नुहुन्छ त्यसमा कुनै अभिलाषा हुँदैन; उहाँको चेष्टा स्वाभाविक हुन्छ। उहाँको आफूका लागि कुनैं कर्तव्य छैन।

द्रष्टा दर्शन र दृश्य उहाँका लागि अवस्तुभूत भैहाल्छ। उहाँ हुनुहुन्छ शान्तरूप। अहंभावदेखि रहित भैकन उहाँ आनन्द स्वरूपमा अवस्थित रहनुहुन्छ। उहाँको अहंमम आदि चिज्जड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रन्थिको भेदन[४९] भएको छ। ग्रहण-त्याग रहित र सारा चिन्तन रहित यसप्रकार स्थितिलाई निर्वाणपद भनेको छ। जस्तो क्षीर समुद्रबाट मन्दराचल पर्वत बाहिर निस्केपछि समुद्र शान्त भैहाल्छ, त्यस्तो राग द्वेषरूप सारा क्षोभको जनक अन्तःकरण नष्ट भएको हुनाले तुरीय पदमा स्थित ज्ञानी—क्षोभरहित भैकन परम शोभा प्राप्त गर्नुहुन्छ[५०]। जस्तो सूर्यमण्डल प्रकाशद्वारा शोभा प्राप्त हुन्छ, त्यस्तो ज्ञानवान् ज्ञानरूप प्रकाशद्वारा प्रकाशमान् हुनुहुन्छ। उहाँ अज्ञानदशा जनित नाना प्रकार संसारबाट उपरत भएर चिरन्तन शान्तिको अनुभव गरिरहनुहुन्छ। आफ्नो प्रकाशमा नै प्रकाशित रहनुहुन्छ। जस्तो वायुदेखि रहित प्रदीप प्रकाशित हुन्छ। त्यस्तो सारा चिन्तनबाट रहित पुरुष आफ्नो प्रकाशद्वारा सर्वदा प्रकाशित रहनुहुन्छ। जस्तो घटको भित्रपनि शून्य बाहिर पनि शून्य हुन्छ, त्यस्तो ज्ञानी पुरुषको भित्रपनि

---

४९. अनात्मामा म वुद्धि ("म ब्रह्म हैन" यसप्रकार सनातन आफ्नो वास्तव स्वरूपबाट च्युति) हो चिज्जड ग्रन्थि; त्यो नष्ट भएको छ। अर्थात् उहाँको ब्रह्माकार वृत्ति (किम्वा ज्ञेय वासना) विद्यमान छ।

५०. मनको निवृत्ति हो परम शान्ति; त्यो नै हो सर्वोत्कृष्ट शम। मनको यो उत्तम शान्ति हो ब्रह्म निर्वाणरूप। यसमा अन्तःकरण आफ्नो सारा विकारलाई (वृत्तिलाई) परित्याग गरीकन केवल ब्रह्मरूपले स्थित हुन्छ। यसैलाई तुरीय पद भनेको छ। जब ब्रह्माकार वृत्तिको पनि विनाश हुन्छ तब तुरीयातीत अवस्था प्राप्त हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाहिर पनि आत्मा विद्यमान हुन्छ। जस्तो पानीको भित्र घटलाई राखेपछि त्यसको भित्र पनि र बाहिर पनि पानी नै देखिन्छ, त्यस्तो तुरीय पदमा अवस्थित पुरुष आफूद्वारा नै भित्र र बाहिर परिपूर्ण रहनुहुन्छ। एक रस रहनुहुन्छ। कहिल्यै पनि द्वैतको चिन्तन गर्नुहुन्न। उहाँ त्यो परम पदलाई प्राप्त गरीकन आनन्द प्राप्त गर्नहुन्छ। जस्तो मार्नका लागि पक्रिएको कुनै अभागी पुरुष भाग्यवशात् रक्षा पाएर ठूलो आनन्दको अनुभव गर्दछ। ज्ञानवान् पुरुष आनन्दरहित[५१] परमानन्दलाई[५२] प्राप्त गर्नुहुन्छ। पहाड जस्तो भित्र र बाहिर आफ्नो स्वरूपमा स्थित रहन्छ र एकरस रहन्छ त्यस्तो ज्ञानी एकरस स्थित रहनुहुन्छ उहाँ संसारमा जाग्रत् भैकन चेष्टा गरे तापनि भित्र (हृदयमा) संसारको भावनाबाट रहित हुनुहुन्छ।

षष्ठ भूमिकामा स्थित पुरुष संसारबाट सुषुप्त हुनुहुन्छ र आफ्नो स्वरूपमा जागा रहनुहुन्छ। उहाँको जीवभाव (परिच्छिन्न भाव) नष्ट भैहाल्छ। जस्तो घटरूप उपाधिवशात् घटाकाश परिच्छिन्न भासदछ र घट फुटेपछि घटाकाश र महाकाश एक भैहाल्छ, त्यस्तो अहंकाररूप घट फुटेपछि आत्मा नै भासमान हुन्छ।

---

५१. यो आनन्द हो साभास अन्तःकरणको सात्विक वृत्ति र विनश्वर।

५२. यो अन्तःकरण वृत्तिमा प्रतिबिम्बित आनन्द हैन, किन्तु स्वरूपानन्द हो। त्यसकारण यो हो सारा अवस्थामा नै सत्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) सप्तम ज्ञान भूमिका

सप्तम भूमिका प्राप्त विद्वद्वरिष्ठ पुरुषको आत्मस्वरूपबाट कहिल्यै पनि व्युत्थान हुँदैन। उहाँलाई दृश्यको ज्ञान रहँदैन। विश्व मेरो आश्रयमा फुरिराखेको छ, यसप्रकार ज्ञान पनि उहाँ-लाई रहँदैन। उहाँको देह रहोस् वा नरहोस्। आकाश जस्तो आफ्नो शून्य स्वरूपमा स्थित रहन्छ त्यस्तो तुरीयातीत पुरुष पनि आफ्नो आत्मस्वरूपमा स्थित रहनुहुन्छ। उहाँको खान-पान आदि चेष्टा स्वाभाविक रहन्छ। काठको पुतली जस्तो धागोद्वारा चेष्टा गर्छ त्यस्तै प्रारब्धको वेगले ज्ञानीको चेष्टा भैरहन्छ। उहाँलाई आफूको कुनै इच्छा रहँदैन। तुरीयातीत पुरुषको अवस्था उहाँ आफू नै जान्नुहुन्छ। अरू कसैले त्यो जान्न सक्दैन। जसको चित्त शान्त भएको छ र जसको चित्त सत्व[५३] प्राप्त भएको छ उहाँ पनि जान्न सक्नुहुन्न। जस्को सप्तम भूमिका प्राप्त भएको छ, उहाँ नै जान्न सक्नुहुन्छ।

---

५३. ब्रह्माकारमा आकारित चित्त केवल ब्रह्मरूपले स्थित हुन्छ। यसलाई निर्विकल्पसमाधि (सत्त्व प्राप्ति) किम्वा चतुर्थ ज्ञान भूमिका भनेको छ। यो भूमिका प्राप्त जीवन्मुक्त पुरुषको चित्त सत्त्वभावलाई प्राप्त गर्छ। सप्तम भूमिकामा ब्रह्माकार वृत्ति पनि नष्ट भैहाल्छ। यसैलाई "अरूप मनोनाश भनेको छ"। सरूप मनोनाश र अरूप मनोनाश हो भिन्न भिन्न भूमिका।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवन्मुक्त पुरुषको चित्त सत्त्व भाव प्राप्त हुन्छ र उहाँ तुरीयपदमा स्थित रहनुहुन्छ। सप्तम भूमिकामा स्थित पुरुषको चित्त निर्वाण हुंन्छ र तुरीयातीत पद प्राप्त हुन्छ। उहाँ हुनुहुन्छ विदेहमुक्त[५४]। उहाँको अहंभावको उत्थान कहिल्यै पनि हुँदैन।

---

५४. शरीर रहे तापनि विदेहमुक्ति संभव हुन्छ। लोक दृष्टिमा देह रहे तापनि जसको अशेष अज्ञान विनष्ट भएको छ, उहांको अज्ञानद्वारा परिकल्पित देहको अभाव हुन्छ। यसैलाई विदेह मुक्ति भनेको छ। ब्रह्मस्वरूपको अपरोक्ष ज्ञान हो चतुर्थ भुमिका। यो अपरोक्ष ज्ञानको दृढता हो पञ्चम र षष्ठ ज्ञान भूमिका। षष्ठ ज्ञान भूमिका हो अपरोक्ष ज्ञानको अतिदृढता। जसको फलले वासनाको निश्शेष रूपले नाश संभव हुन्छ। अपरोक्ष ज्ञान अत्यन्त दृढ नभए दीर्घ काल अभ्यस्त संसार वासनाको लेश रहिरहन्छ र पुनः पुनः चित्तमा विक्षेप उठिरहन्छ। त्यसकारण सद् वासनाको वृद्धिको लागि निर्विकल्प समाधिको अभ्यास आवश्यक हुन्छ। त्यो नभए मनोवासनाको निश्शेष रूपले नाश हुन सक्दैन।

वासनारहित पुरुषको नै विदेहमुक्ति हुन्छ। ज्ञान दृढ भए पुरुष निर्वासनिक हुन्छ। जसको दृढ अपरोक्ष ज्ञान भएको छ उहाँ संसारवासना समेत सम्पूर्ण अज्ञान र त्यसको कार्यलाई निवृत्त गर्न समर्थ हुनुहुन्छ, तवनै उहाँ सारा उपाधिबाट रहित हुन सक्नु हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो तुरीयातीत पद हो शुद्ध, निर्मल, अद्वैत चेतन ब्रह्म; कालको पनि काल (कालको भक्षणकर्ता) केवल चिन्मात्र यथास्थित अच्युत पद। विदेहमुक्त पुरुष उत्थानरहित हुनुहुन्छ। उहाँमा अहंब्रह्मको उत्थान रहँदैन।

अविद्या हो संसारको अनादि कारण। अज्ञान र त्यसको कार्य निरस्त भए ब्रह्मको अपरोक्ष ज्ञान दृढ हुन्छ। यो हो सप्तम ज्ञान भूमिका किम्वा विदेह मुक्ति।

विमुक्त पुरुषको शरीरको चेष्टा कसरी संभव हुन्छ? चिन्तायुक्त मानिसको हस्त आदि जस्तो आफ्नो कार्यमा स्वतः प्रवृत्त हुन्छ, त्यस्तो विदेहमुक्त पुरुषको चक्षु आदि इन्द्रिय आफ्नो आफ्नो कार्यमा स्वतः प्रवृत्त भैरहन्छ, यसको कारण वासना हैन। वाटामा खसिरहेको पराल आदिमा अनुरागविना जस्तो आँखा पुगिहाल्छ त्यस्तै विदेहमुक्त पुरुष पनि पहिलेको झैं भोजन आदिमा प्रवृत हुनुहुन्छ। जस्तो वटुवा बाटोमा प्राप्त नदी पहाड जंगल देख्दछ त्यस्तै मुक्तदेह पुरुष भोजन आदिलाई अनुभव गर्नु हुन्छ। यसरी पूर्व संस्कारवशात् कुलाल चक्र झैं ऋषभ, जड भरत आदिको देह, पूर्वको झैं प्रवृत्ति भएको थियो; फेरि लोक दृष्टि अनुसार उहाँहरूको शरीर पतन पनि भएको थियो।

ब्रह्मको अपरोक्ष ज्ञान दृढ भए सप्तम भूमिकामा स्थित पुरुषको वासनालेश समेत अज्ञान र त्यसको कार्य साराको क्षय भए विदेहमुक्ति संभव हुन्छ, यो सिद्ध भयो। यसप्रकार पुरुषको लोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ग) जीवन्मुक्त र विदेहमुक्त

जीवन्मुक्त हो तुरीय पदमा स्थित; विदेहमुक्त पुरुषको चित्त निर्वाण भैहाल्छ। उहाँले तुरीयातीत पदलाई प्राप्त गर्नुहुन्छ। यो तुरीय र तुरीयातीत पदलाई सौषुप्त झैं पनि भनेको छ।

मौन हो दुई प्रकार :—

(१) काष्ठ तपस्वीको मौन र
(२) जीवन्मुक्त ज्ञानीको मौन।

काष्ठ तपस्वीको मौन हो तीन प्रकार :—(क) वाणी मौन (चूप लागेर रहनु), (ख) इन्द्रिय मौन र (ग) काष्ठ मोन (हठद्वारा मन र इन्द्रियलाई वश गर्नु)। यो तीन प्रकार मौन हो अज्ञानी तपस्वीको। वाणीको मौन हो नबोल्नु (वाङ् मौन)। इन्द्रिय मौन हो समाधि लगाउनु (आँखा बन्द गर्नु, केही पनि नदेख्नु)। तृतीय हो काष्ठ मौन—हठपूर्वक स्थित हुनु; इन्द्रिय र मनलाई स्थिर गर्नु (इन्द्रियको चेष्ठा हुंन नदिनु)।

सुषुप्त मौन हो जीवन्मुक्त ज्ञानीको। वाणीद्वारा, इन्द्रिय-

दृष्टिमा शरीर विद्यमान भए तापनि जीवन्मुक्तता स्वीकार गर्नुं वन्दैन। किनकि ब्रह्मा, विष्णु आदिको अरूको दृष्टिमा देह भएको हुनाले उहाँहरूको पनि जीवन्मुक्तता प्राप्त हुन्छ, यो इष्ट हैन। किनकि उहाँहरू अपरिच्छिन्न ब्रह्मस्वरूप भनी प्रसिद्ध हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वारा चेष्टा भैरहने; किन्तु आत्मादेखि भिन्न केही पनि भासमान नहुंने। ज्ञानी आत्माको अनुभवमा संलग्न रहनुहुन्छ। आत्मस्वरूपमा स्थित रहनु हो उत्तम मौन; यसैलाई सुषुप्त मौन भनेको छ। यो हो द्वैतरूप संसारको स्फुरणबाट सुषुप्त हुनु र आत्मस्वरूपमा जागिरहनु। आत्मस्वरूपमा जागरण हो यसप्रकार निश्चय गर्नु कि ममा जाग्रत् छैन, स्वप्न छैन, र सुषुप्ति पनि छैन। यो आत्मचैतन्य हो अभा५५; यसमा आत्मा र अनात्मरूप भेदको कल्पना छैन। यो सुषुप्त मौनलाई निर्मल तुर्य पद किम्वा तुरीयातीत पद भनी जान्नुपर्छ।

ज्ञानवान् पुरुष इन्द्रियलाई रोक्नका लागि यत्न गर्नुहुन्छ। किम्वा इन्द्रियलाई विषयतिर लगाउने इच्छा पनि गर्नुहुन्न। जस्तो स्वाभाविक प्राप्त हुन्छ त्यसैमा नै स्थित रहनुहुन्छ। उहाँलाई सुखको पनि इच्छा छैन। दुःखको पनि त्रास छैन। उहाँ हेय र उपादेय दुवैबाट रहित हुनुहुन्छ। यसैलाई नै उत्तम मौन भनेको छ।

आफ्नो स्वभावमा स्थित रहनु हो परम मौन। संसार-भ्रम मनको चलनबाट उत्पन्न हुन्छ। त्यो हो मिथ्या। संसार वास्तवमा केही पनि ह्वैन।

---

५५. जसमा साक्षात्कार वृत्ति (चरम प्रमा) छैन, अर्थात् आत्मचैतन्यले ब्रह्माकार चरम वृत्तिलाई पनि ग्रास गरिहालेको छ। अभा हो बाधक चरम वृत्तिको पनि बाध। पाद टिप्पणी ५८ हेर्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) तीन प्रकार समाधि

सात प्रकार ज्ञानभूमिकाको भित्र अन्तिम तीन भूमिका हो तीन प्रकार समाधि—सौषुप्तैक समाधि, तुरीय समाधि र तुरीयातीत[५६] समाधि। यो तीन प्रकार समाधि क्रमशः जाग्रत् र स्वप्नावस्थामा स्थित भए तापनि तत्त्वज्ञानीको भैरन्छ।

जाग्रत् अवस्थामा सर्वप्रकार व्यवहारमा लागिरहे तापनि अथवा सारा व्यवहार परित्याग गरेर समाधिमा स्थित जीवन्मुक्त देहयुक्त भए तापनि सम्पूर्ण, निर्मल, शान्त, वृत्तियुक्त तुरीयप्राय अवस्थामा नै स्थित र विदेहप्राय स्वरूपलाई नै प्राप्त गर्नुहुन्छ।

सौषुप्त मौन सम्यक् ज्ञान र निर्विकल्प समाधि हो पर्याय शब्द। ठीक त्यस्तै चिन्ता (अनात्मचिन्तन संसारचिन्तन) भावना (विपरीत भावना) र प्रमाद (स्वरूपबाट झर्नु, अज्ञान किम्वा वासनाको उदय) हो पर्याय शब्द।

(ङ) सौषुप्त, तुरीय र तुरीयातीत पद

(यिनीहरूको क्रमिक स्वरूप)

अर्थाकारको भावनावशात् द्वैत भाव प्राप्त भएर चेतन-

---

५६. सुषुप्ति अवस्था (पञ्चम ज्ञान भूमिका) हो अदृढ निर्विकल्प समाधि, तुरीयावस्था (षष्ठ ज्ञान भूमिका) हो दृढ निर्विकल्प समाधि र तुरीयातीत अवस्था (सप्तम ज्ञान भूमिका) हो सुदृढ निर्विकल्प समाधि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्ता आफ्नो अखण्ड स्वरूपलाई बिर्सिहाल्छ र देहको सुख-दुःख आदिसित मिलीकन वास्तवमा असत्यरूप आफ्नो स्थितिलाई त्यो क्षणमा सत्यरूप भनी अवधारण गर्दछ। यो हो चेतनसत्ताको कलंकयुक्त स्थिति।

ऐले कलंक वर्जित स्थिति देखाइन्छ—

विमल, अवयवरहित, सत्य र असत्य यसप्रकार भिन्नभिन्न सारा कल्पित नामरूपबाट निर्मुक्त चेतनसत्ता व्यवहारदशामा सम्पूर्ण नामरूपात्मक भए तापनि वास्तवमा हो केवल प्रकाश र आत्मस्वरूप। यो निष्कलंक स्थितिको प्रतिष्ठालाई बढाउनका लागि सुषुप्ति आदि तीन भूमिकाको क्रमिक स्वरूप देखाइन्छ।

शान्तस्वभाव ब्रह्म नै आफ्नो मायाशक्तिद्वारा जाग्रत्, स्वप्न, सुषुप्ति, सृष्टि, स्थिति, संहार किम्वा आध्यात्मिक आधिदैविक र आधिभौतिक यो तीन विभागयुक्त जगत्को रूपमा मनद्वारा विस्तार प्राप्त भएको छ।

त्यसकारण मनको उच्छेद भएमा नै यो जगत्को उच्छेद भैहाल्छ।

मनद्वारा जब मनको उच्छेद हुन्छ—जसको अंग हो इन्द्रियहरू—विचारद्वारा किम्वा उपासनाद्वारा मुमुक्षु पुरुषको जब आत्मबोध हुन्छ तब द्वैत र एकको कल्पना नष्ट हुन्छ। जगज्जालको सत्यता नष्ट भैहाल्छ; त्यसपछि जो अवशिष्ट रहन्छ त्यो आत्मतत्त्व (ब्रह्म स्वरूप आत्मा) स्वयं प्रकाशित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ। जस्तो डढेको बिउबाट अंकुर उत्पन्न हुँदैन त्यस्तो जब मन उपशम प्राप्त भैहाल्छ तव जगत् सत्ताको अभाव प्राप्त भैहाल्छ। चेतन-सत्ताले चित्त-सत्तालाई भक्षण गरिहाल्छ। जब मनरूपी मेघको सत्ता नष्ट हुन्छ तब शरत्कालीन आकाश झैं निर्मल आत्मसत्ता भासमान हुन्छ। चित्तको चपलता मेटिइहाल्छ। परम निर्मल पावन चिन्मात्र तत्त्व प्रकाशित हुन्छ। भाव अभावरूपी संसार कल्पना मेटिइहाल्छ। समसत्तारूप तत्त्व जो हो सर्वव्यापक र संसार समुद्रबाट तारक त्यो प्राप्त हुन्छ।

मनको मोहरूपी बादलबाट निर्मुक्त शरद्कालको आकाश मण्डल झैं यो अवस्था चित्तको विषय चर्वणबाट रहित हुन्छ। पहिले चित्तको संकल्प आदि विषयबाट उपहित भएर चित् सत्ता चञ्चलता प्राप्त भएको थियो; ऐले त्यो आफ्नो चैतन्य स्वरूपमा स्थित भएर सारा उपाधिबाट विनिर्मुक्त भएको छ। चेतन सत्ता परम पद प्राप्त गरीकन सारा श्रमबाट निर्मुक्त भएको छ र व्यापक ब्रह्मस्वरूपमा विश्राम लाभ गरेको छ। सुषुप्ति झैं यो बोध दशा हो निर्मम स्थिति। पञ्चम भूमिकामा स्थित ज्ञानी शान्तिरूप आत्मालाई प्राप्त गरीकन शान्ति रूप नै बनिहाल्नुहुन्छ। मन विनष्ट भए सर्वप्रथम जो स्थिति प्राप्त हुन्छ त्यो हो मनको क्षीणताको प्रथम पद।

ऐले चितिशक्तिको परम पवित्र द्वितीय स्थिति बताइन्छ। जब चित्शक्ति मनको मननबाट मुक्त हुन्छ[५७] तब चन्द्रमाको

---

५७. मनन वृत्ति जो चाहिं वेरै तिर दौडिराखेको छ र प्रयत्नविना शान्त हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाश झैं शीतल हुन्छ र आकाश झैं विस्तृतरूप आफ्नो स्वरूपमा भासमान हुन्छ र घन सुषुप्तरूप भैंहाल्छ। सारा दृश्यबाटरहित भएर घन सुषुप्तरूप हुन्छ सिधे नूनको भित्र अवस्थित रस झैं वायुको अन्तर्गत विद्यमान स्पन्दशक्ति झैं ब्रह्मरूपता प्राप्त हुन्छ। आकाशमा जस्तो शब्द लीन हुन्छ त्यस्तो षष्ठ ज्ञानभूमिकामा स्थित पुरुष आत्मस्वरूपमा लीन हुनु हुन्छ। जस्तो वायु चलनबाट रहित भएर अचल भैंहाल्छ, त्यस्तो तुरीय स्वरूपमा स्थित पुरुषको चित्त अचल भैंहाल्छ। जस्तो गन्ध फूलमा बस्छ त्यस्तो उहाँको चित्तवृत्ति आत्मतत्त्वमा विश्राम प्राप्त भएको छ। आत्मसत्ता कस्तो हो ? आत्मा-जड हैन, चेतन हैन, सारा चित्तवृत्तिबाटरहित निर्विषय चिद्रूप हो। यो चिन्मात्र स्वरूपको प्राप्ति जसलाई भएको छ उहाँ तुरीय पदमा स्थित हुनुभएको छ। सारा दुःख कलंकबाट रहित हो यो पद। यो प्राप्त भए ज्ञानी साक्षी झैं स्थित हुनुहुन्छ। सर्वदा र सर्वत्र सम भएर रहनुहुन्छ। सर्वप्रकाश हो उहाँ नै; उहाँ नै हुनुहुन्छ शान्तिरूप।

जो सत्ता साक्षी झैं प्रकाशमान भएर अवस्थित हुन्छ र सारा समयमा विद्यमान, सारा वस्तुको प्रकाश; र आनन्ददेखि पनि जुन सत्ता अधिक श्रेष्ठ र स्पृहणीय हो त्यो नै हो तुर्यरूप द्वितीय पद।

ऐले तृतीय पद बताइन्छ :—

जब आत्मतत्त्वमा वृत्तिको अत्यन्त परिणाम प्राप्त हुन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तब ब्रह्म, भावना आदि नाम निवृत्त भैहाल्छ[५८]; स्थाणु झैं अचल वृत्ति भैहल्छ। परम शान्त निष्कलंक तुरीयातीत पद[५९] प्राप्त हुन्छ। यो पद हो सारालाई नाघेको, सबैको आन्तर र साराको आधाररूप। यो हो वाणीको अगम्य।

यसमा र जगतमा कुनै भेद छैन; संकल्पद्वारा यो नै जगत् रूप प्राप्त भएको छ। एक चिद् घन सत्ता ढुंगा झैं आफ्नो स्वरूपमा स्थित भैराखेको छ। जस्तो पानी र तरंगमा कुनै भेद छैन, त्यस्तै ब्रह्म र जगतमा कुनै भेद छैन।

यो तुरीयातीत पद जन्म आदि ६ प्रकार भाव विकारबाटरहित भएको हुनाले कालद्वारा विचलित हुँदैन। तुरीयातीत, अमा आदि नाम भएको हुनाले यो हो सर्वातिशायी र परम पुरुषार्थरूप।

---

५८. यो तृतीय पदमा ब्रह्माकार वृत्ति (ग्राहक हिस्सा) र त्यसको विषय ब्रह्म (ग्राह्य हिस्सा) यो दुवैको एकीकरण हुन्छ। यो हो निर्विकल्प समाधिको सुदृढ स्थिति त्यसकारण चैतन्य सत्तालाई ब्रह्म पनि भन्नु बनेन। आत्मा भन्नु पनि वन्दैन। सौषुप्तैक समाधि दृढ निर्विकल्प समाधि हैन, यसमा ग्राहक हिस्सा र ग्राह्य हिस्सा सूक्ष्मरूपले विद्यमान रहन्छ। त्यसकारण यो समाधि हो सविकल्प समाधि। पादटिप्पणी ५३ र ५६ हेर।

५९. सप्तम ज्ञान भूमिका; जसलाई पहिले अमा भनिएको छ। पादटिप्पणी ५५ हेर्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो पद हो उत्तमोत्तम अवस्थाको परम अवधि; परम मंगल रूप भएको हुनाले यो हो सारा मंगलको भित्र प्रधान मंगल। यसप्रकार स्थिति वाणीको विषय हैन, किन्तु स्वयं अनुभूत हुन्छ।

यो पद हो जाग्रदादि तीन मार्गदेखि र कल्पना सापेक्ष तुरीयत्व संख्यादेखि अतीत। यो नै हो अविनाशी पद। उत्तमोत्तम मुमुक्षु पुरुष यो पदमा अवस्थित हुनु हुन्छ।

विराट् आदिरूप अकार आदि मात्रा भेदले कल्पित चार पादमा विभक्त प्रणवको जो अर्द्ध मात्रा हो त्यसको फेरि जो नाद, विन्दु, शक्ति र शान्ता नाम भएको चार मात्रा[६०] छ, त्यसको भित्र चतुर्थ मात्रा हो परम गति।

सर्व संसारको सारभूत तुरीयको तुरीय जो अविकल्प स्थिति हो त्यसमा भूमानन्दको अनुभव हुन्छ। त्यसैमा नै विश्राम लाभ गर्नु हो मुमुक्षुको परम गति।

वेदान्तवाक्यद्वारा प्रतिपादित सम्यक् ज्ञान देखाइयो। यो

---

६०. यिनीहरू हुन् अर्द्धमात्राका चारबटा मात्रा। यिनीहरूको भित्र जो चतुर्थ मात्रा (शान्ता) हो त्यो हो परम गति। "ईश्वर विज्ञान ग्रन्थ" पृष्ठ १५६ हेर्नु। तापनीय श्रुतिमा भनेको छ कि जो तुतीय शान्ताख्य हो, त्यसमा ओता, अनुज्ञाता, अनुज्ञा र अविकल्पाख्य यो चारबटा स्थिति छ। त्यसभित्र अविकल्पाख्य रूप तुरीय स्थिति हो परम गति। ज्ञानालोक ग्रन्थ पृष्ठ ११७-१८ हेर्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जानेपछि संपूर्ण संसार बन्धनबाट मुक्ति हुन्छ। जो हो सारा वेदको गूढ रहस्य, जो हो व्यास बशिष्ठ शंकररूप गुरुपरम्परा-द्वारा प्रतिपादित र देवताहरूको पनि अत्यन्त प्यारो त्यो परम पवित्र तत्त्वज्ञान यो ग्रन्थमा सम्यक्‌रूपले प्रर्दाशत भयो।

जसले ज्ञानद्वारा मलाई अज्ञानपूर्ण जन्म-मृत्युरूप महा-सागरबाट उद्धार गर्नुभएको छ ती सर्वज्ञ गुरुदेवलाई म नमस्कार गर्दछु।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मज्ञान उत्पत्तिको साधन रहस्य

(क) द्वैत पदार्थ हो कल्पित, आत्मा हो अकल्पित

(१) मूर्ख मनुष्य केवल आग्रहवशात् दृश्य प्रपञ्चलाई मानिराखेको छ र त्यसको द्रष्टा बनेर दुःख, चिन्ता र डरको व्यर्थ अनुभव गर्दछ। ग्रहणयोग्य कुनै वस्तु नभए तापनि व्यर्थ नै त्यसको ग्राहकको स्वाँग लीकन जन्म परिग्रह गर्दछ र मरण-बाट डराउँछ। जन्म र मरणको एकमात्र हेतु हो सर्वदा अविद्य-मान द्वैत प्रपञ्चमा मिथ्या आग्रह।

(२) ज्ञानोदयको पहिले पनि वास्तवमा चित्त उत्पन्न भएको छैन; त्यसकारण द्रष्टा र दृश्य कहिले पनि छैन। चित्तको अनुत्पत्ति हो सदा काल समान; कादाचित्क हैन।

(३) रूप रस आदि सारा भोग्य विषय असत्य भए पनि अज्ञानी मानिस केवल अनुरागवशात् अनुरूप विषयमा केवल प्रवृत्त भैरहन्छ। दृश्य वस्तुको अभाव जानेपछि अनासक्त भैकन त्यसलाई परित्याग गर्न सक्दछ। द्वैत वस्तुको असत्यता नजाने त्यसबाट निवृत्त हुनु संभव छैन।

(४) विषयबाट निवृत्त भएर फेरि त्यसमा प्रवृत्त नभए चित्त निश्चल भैहाल्छ र परम सत्य ब्रह्मस्वरूपको स्वतः अनुभव हुन्छ (अरू केही कुराको अनुभव हुन सक्दैन)।

(५) आत्मस्वरूपदेखि अभिन्न ब्रह्म हो स्वयं प्रकाशमान; त्यसको प्रकाशका लागि सूर्य आदिको अपेक्षा हुँदैन। आत्मब्रह्म हो सूर्यादिसारा पदार्थको अधिष्ठान अधिष्ठानको सत्ता स्फुर्तिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागि कल्पित पदार्थको प्रयोजन हुँदैन। सुषुप्तिमा इन्द्रिय र अन्तःकरणरूप ज्ञानको साधन विद्यमान नभए तापनि आत्मस्वरूपको अनुभव अव्याहत रहन्छ।

(६) आत्मस्वरूपमा अग्रहण (सुषुप्ति) र अन्यथा ग्रहण (जाग्रत् स्वप्न) दुवै नै छैन। चित्त निश्चल नभएको हुंनाले साधारण मानिसले आत्मालाई अनुभव गर्न सक्दैन। जब आत्मस्वरूपदेखि भिन्न अरू कुनै वस्तुको चिन्तन हुँदैन। पछि विषयान्तर कल्पना गरेर त्यसमा पनि प्रवृत्ति हुँदैन, तब चित्त चलनरहित भैहाल्छ। यसैलाई चित्तको ब्रह्ममात्ररूपले अवस्थान किम्वा ब्रह्मसाक्षात्कार भनेको छ।

(७) मनुष्य किन आत्मस्वरूपलाई ग्रहण गर्दैन ? यसको उत्तर यो हो कि कुनै विषय पदार्थमा आग्रह हुनुसम्म त्योबाट प्रकाशरूप आत्मा सजिलोसित आच्छादित भैहाल्छ। यसरी द्वैतको उपलब्धिवशात् दुःख प्रकट हुन्छ। देश काल वस्तु छैन; कार्यकारण केही पनि छैन। अस्ति, जायते, वर्द्धते, विपरिणमते, अपक्षीयते र विनश्यति यो छ प्रकार विकार छैन। कहिले पनि केही पनि घट्दैन, केही घट्ने छैन। कहिले पनि केही गर्नुपर्ने छैन। केही चिन्तन गर्नु पर्दैन। कहीं पनि जानु छैन। आउनु पनि छैन। जस्तो छ त्यस्तैमा रहिदेऊ। यो नै हो वेदान्त सिद्धान्त। जस्तो स्वप्नमा अनेक देखिन्छ; किन्तु निद्रादोषले गर्दा विश्वले गो सारालाई कल्पना गरेको मात्र हो। विश्व नै तैजस बन्दछ; त्यस्तै अज्ञानी-मानिस जगत् कल्पना गर्दछ र विश्व बनीकन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगतलाई हेर्छ। वास्तवमा क्रिया कर्ता र फल केही पनि छैन। यो हो वेदशास्त्रको प्रामाणिक निर्णय, सर्वज्ञ ईश्वरको वचन।

अज्ञान किम्वा वासनाबाट सारा कल्पना उदित हुन्छ। अभिव्यक्त वासना निष्काम कर्मबाट निवारित हुन्छ, किन्तु अनभिव्यक्त सम्पूर्ण वासनाको निवृत्ति केवल चित्त समाहित भएमा नै (सारा वृत्तिबाट रहित भएपछि मात्र) सम्भव हुन्छ।

अद्वितीय आत्मा वेदान्तमा धेरै प्रकारले प्रतिपादित भए तापनि यसलाई जान्नु हो अत्यन्त कठिन। त्यसकारण श्रुतिले भनेको छ कि आत्माको वक्ता हो आश्चर्य र यसको लब्धा हो कुशल पुरुष।

विषय पदार्थमा आग्रहवशात् मूर्ख मानिस नानाप्रकार कल्पनाद्वारा (चित्तवृत्तिको सहाराले) आत्मालाई आवृत गरिहाल्छ। आत्मामा कुनै प्रकार कल्पना छैन, यो त्यसले जान्दैन। अज्ञानको वृत्ति र चित्तवृत्तिलाई कल्पना भनेको छ। वास्तवमा कुनै दुःख छैन, केवल आनन्दस्वरूप आत्मा विद्यमान छ। यो परमात्मरूप आत्मा परिज्ञात नभए मात्र दुःखको अनुभव हुन्छ।

(८) आत्मस्वरूपलाई जानेपछि चित्तको उपशान्ति (निर्विकारता) सिद्ध हुन्छ र इन्द्रियसंयम स्वभावतः प्राप्त हुन्छ। ज्ञानी पुरुष ब्रह्मरूपले अवस्थित हुनुहुन्छ। उहाँ जान्नु हुन्छ कि आत्मस्वरूप ब्रह्म हो एकमात्र सत्य वस्तु। त्यसकारण उहाँ द्वैत वस्तुको इच्छा गर्नुहुन्न। ज्ञानी विवेकद्वारा जान्नुहुन्छ कि कल्पित सारा पदार्थ हो आफ्नो वास्तव स्वरूप।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) कल्पित द्वैत प्रपञ्चको निरसन

परमार्थ सत्य आत्मा देखाइयो; ऐले परमार्थ सत्य ब्रह्म-स्वरूपलाई जान्ने उपाय बताइन्छ। उपाय हो जाग्रत्, स्वप्न र सुषुप्ति अवस्थाहरूको विश्लेषण र तत् तत् अवस्थाहरूको, अनुभवको पारस्परिक सम्बन्धको निरूपण। यसरी सारा उपाधिको (इन्द्रिय मन बुद्धि र अज्ञानका सारा वृत्तिहरूको, सारा भ्रान्त अनुभवको) निवृत्ति भए स्वयं प्रकाश ब्रह्म परिशिष्ट रहन्छ।

आत्मा हो स्वतः सिद्ध; अनात्मा हो आत्मस्वरूपमा कल्पित। सारा अनात्मा हो केवल वृत्तिरूप। सारा वृत्ति आत्माको प्रकाशबाट प्रकाशित हुन्छ। आत्मामा पहिले अज्ञान कल्पित हुन्छ। पछि अज्ञानको कार्यरूपले सारा चित्तवृत्ति कल्पित हुन्छ। यसरी अज्ञान हो अवस्तुभूत। त्यसको फलले त्यसको कार्यरूप इन्द्रिय र अन्तःकरण चतुष्टय मिथ्या भनी सिद्ध भयो। त्यसकारण इन्द्रियको रूप रस आदि सारा विषय र अन्तःकरणका सारा वृत्ति मिथ्या भनी सिद्ध हुन्छ। यसमा शास्त्र युक्ति र अनुभूति प्रमाण छ। वास्तवमा बाहिर कुनै पदार्थ छैन र त्यसको ग्रहणकर्ता (त्यसको द्रष्टा) साभास अन्तःकरण पनि छैन। जाग्रत् स्वप्न सुषुप्ति यो सारा अवस्था जसबाट व्याप्त छ त्यसलाई नै आत्मा (सर्वव्यापक वस्तु) भनेको छ। अवस्थाहरू कल्पित भएको हुनाले आत्माको स्वरूप अद्वितीय भनी सिद्ध हुन्छ। आत्मादेखि व्यतिरिक्त अरू कोही (जीव किम्वा ईश्वर) वास्तवमा छैन र अरू केही (जगत) पनि वास्तवमा छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमी, म, यो भन्ने वास्तवमा केही पनि छैन; जस्तो सुषुप्तिमा सबैको अनुभवबाट सिद्ध छ। त्यसकारण वृत्तियुक्त चित्त पनि सिद्ध हुन पाएन। यो पनि हो सुषुप्ति अनुभवद्वारा सिद्ध। जसलाई चित्त भनेको छ त्यो वृत्तियुक्त हुन नपाएको हुनाले त्यो ब्रह्मरूप नै सिद्ध हुन्छ। ठीक जस्तो जसलाई सर्प माला जलधारा भनिन्छ त्यो हो केवल रज्जु। रज्जु सर्प आदिको अधिष्ठान हुन सक्दैन। आत्मस्वरूप ब्रह्म पनि वास्तवमा जगतको अधिष्ठान हुन सक्दैन। तिम्रो हाम्रो र जगतको कारण ब्रह्म हो अद्वितीय सच्चित् अखण्ड सुखरूप। आत्मा अद्वितीय भएको हुंनाले कुनै प्रकार कल्पना आत्मस्वरूपमा सम्भव छैन। कल्पना हो आत्माको बारेमा अज्ञानी पुरुषको भ्रान्त धारण। यो कल्पना पनि अधिष्ठान आत्मस्वरूपदेखि भिन्न हुन सक्दैन। आत्मस्वरूपलाई जानेपछि मात्र सारा जान्नमा आउँछ; अरू जान्ने लायक कुनै वस्तु बाँकी रहँदैन। ज्ञानको उदय नभए पनि वस्तु स्थिति हो यसप्रकार। यो अद्वितीय वस्तु स्थिति, अद्वैत स्वरूपको संस्थिति कहिले हुन्छ र कहिले हुंदंन यसप्रकार हैन। अद्वैत संस्था हो एकरूप नै। यो स्थितिलाई परमार्थरूप भनी जानेपछि दुःख, चिन्ता र भयको कुनै कारण नभएको हुंनाले मुमुक्षु पुरुषले सर्वदा शोकरहित, चिन्ता भय वर्जित अवस्थालाई किन प्राप्त नगरोस्? यसैको नै नाम हो ब्रह्म निष्ठा।

(९) ब्रह्मस्वरूपमा संस्थितिको लागि जाग्रत्, स्वप्न र सुषुप्ति अवस्थालाई जान्नुपर्दछ। यथार्थ ज्ञानको लागि यसदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिरिक्त अरू कुनै कुरा जान्नुपर्दैन । यसको फलले नै परमार्थ दर्शन प्राप्त हुन्छ ।

(१०) वेदान्त शास्त्रमा उक्त भएको अवस्थात्रयको भित्र सर्वसाधारण जाग्रत् अवस्थामा ग्राह्य ग्राहक भावयुक्त, शास्त्रीय र लौकिक सारा व्यवहार सम्पन्न हुन्छ । व्यवहारका लागि द्वैत अपेक्षित हुन्छ । यो द्वैत हो रूप रस आदि सारा विषय र चित्त-वृत्तिरूप विषयको ग्रहण । यो दृश्य दर्शन हो—मानिसको व्याव-हारिक जीवन ।

किन्तु दृश्य दर्शनरूप द्वैत आत्मस्वरूपमा बिलकुलै छैन । अज्ञानको निरसन नहुनुसम्म अज्ञानीले केवल जाग्रत् अवस्थालाई सत्य भनी स्वीकार गरेको छ । त्यसकारण वेदान्तमा यो पनि उक्त भएको छ कि जाग्रत् कालीन अनुभव सहित स्वप्न र सुषुप्ति कालको अनुभवहरूको विश्लेषण गर्नुपर्दछ र क्रम क्रमले आत्मतत्त्वको साक्षात्कार सम्भव हुन्छ ।

(११) स्वप्नावस्था हो जाग्रत्देखि अधिकतर सूक्ष्म; किनकि यो अवस्थामा स्थूल दृश्य पदार्थको दर्शन सम्भव हुँदैन । किनभने त्यो वेला स्थूल शरीर र इन्द्रिय रहँदैन । किन्तु स्थूल विषय नरहे तापनि चित्तद्वारा विषयको कल्पना स्वप्नमा हुन्छ । द्रष्टा र दृश्यरूप चित्तवृत्ति विद्यमान भएको हुनाले स्वप्नावस्था-मा पनि व्यवहार सम्भव हुन्छ । त्यसकारण स्वप्न पनि हो सर्व-साधारण अवस्था ।

(१२) जाग्रत् अवस्थाको दृष्टि अनुसार दृश्यमान जगत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्य भनी प्रतीत हुन्छ। जब त्यो जगत् स्वप्नमा दृष्ट हुन्छ तब त्यो जाग्रत् अवस्थाको दृष्टि अनुसार केवल चित्तको वृत्तिरूप भनी परिगणित हुन्छ।

(१३) ऐले सुषुप्ति अवस्था देखाइन्छ। केवल ज्ञानीहरू यो अवस्थालाई स्वीकार गर्नुहुन्छ। यसमा स्थूल सूक्ष्म कुनै विषयको ग्रहण हुँदैन। त्यसकारण यसमा कुनै प्रकारको व्यवहार संभव छैन। सुषुप्तिमा आत्मव्यतिरिक्त कुनै पदार्थ रहँदैन। र त्यसैले चित्तवृत्तिरूप कुनै विषयको ज्ञान पनि संभव छैन। सुषुप्ति अवस्थामा आफ्नो ब्रह्मस्वरूपको प्राप्ति संभव हुन्छ; किन्तु यो स्पष्ट (बुद्धिवृत्तिपूर्वक) हैन।

(१४) ब्रह्मस्वरूपको स्पष्ट अनुभव कसरी हुन्छ? जाग्रत् स्वप्न र सुषुप्तिमा अवस्थित आत्माको विवेचना गरीकन त्यस-पछि अभिमानी समेत अवस्थात्रयलाई परित्याग गर्नुपर्दछ। यसको परिणामले अवस्थात्रयको साक्षीरूपले अवस्थात्रय रहित नित्य ज्ञानस्वरूप तुरीय प्रत्यगात्माको उपलब्धि हुन्छ।

(१५) तीन अवस्थामा स्थित आत्मा हो विश्व तैजस र प्राज्ञ। तिनीहरू हुन् द्रष्टा; विश्व र तैजसरूप द्रष्टा—कर्मद्वारा उद्भूत—स्थूल विषय र सूक्ष्म विषय (किम्वा वासना) रूप दृश्यलाई दर्शन गरिरहन्छन्। किन्तु सुषुप्तिमा कुनै परिच्छिन्न दृश्य नभएको हुनाले सुषुप्तिमा अवस्थित आत्मा विद्यमान रहन्छ। र तत्कालमा अपरिच्छिन्नदर्शी र अतिशय प्रज्ञायुक्त-भएकोले प्राज्ञ भनी भनिन्छ। सुषुप्तिमा कर्मफलको भोग नभए-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को हुनाले कर्मद्वारा उद्भूत परिच्छिन्न कुनै दृश्य (बुद्धिवृत्ति) रहँदैन। जाग्रत् र स्वप्नावस्थामा सुख दुःखको प्रतिभासको हेतु बुद्धिको दृश्यरूपले विद्यमान रहन्छ; किन्तु सुषुप्तिमा आत्माको दर्शन (स्वतः सर्वदा र सर्वत्र प्रकाशन) हो नित्य सिद्ध; यद्यपि त्यो वेला बुद्धि नभएको हुनाले ब्रह्म स्वरूपको स्पष्ट बोध हुन सक्दैन।

(१६) सुषुप्तिमा द्वैत दृश्य नभए तापनि ब्रह्मस्वरूप अज्ञानद्वारा आवृत रहन्छ। यो अज्ञान आत्मस्वरूपदेखि पृथक् कुनै वस्तु हैन; आत्मस्वरूपदेखि अभिन्न र आत्मस्वरूपमा स्वतः कल्पित हो। सुषुप्तिमा अन्तःकरण नभएको हुनाले (अर्थात् अन्तःकरण कारण अज्ञानमा लय भएको हुनाले त्यसकारण) प्राज्ञले अज्ञानको वृत्तिद्वारा ब्रह्मस्वरूपलाई अनुभव गर्दछ।

(१७) सुषुप्तिमा आत्मादेखि भिन्न अरू कुनै विषय किम्वा वासना उपस्थापित नभएको हुनाले प्राज्ञलाई अनन्यदृक भनेको छ। यो प्राज्ञ हो अज्ञानवृत्तिको साक्षी र सुषुप्ति अवस्थाको अन्तर्गत। यहाँदेखि आन्तर वस्तु हो आनन्दमयकोषको पुच्छ र प्रतिष्ठारूप ब्रह्म। आनन्दमयकोषरूप अध्यास (सुषुप्ति अवस्था) परित्यक्त भए प्राज्ञको पनि परित्याग सिद्ध हुन्छ।

(१८) आत्मस्वरूपमा कुनै प्रकारको कल्पना नभएको हुनाले त्यसमा अज्ञानको वृत्ति पनि वास्तवमा छैन। मुमुक्षुको वास्तवस्वरूप अज्ञानवृत्तिको साक्षी पनि हैन। ठीक जस्तो रज्जुको वास्तवस्वरूपमा सर्पको साक्षीपन हुन सक्दैन। सर्प आदिसित रज्जुको वास्तव कुनै सम्बन्ध हुन सक्दैन। यसरी मुमुक्षुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तव स्वरूप हो अवस्थात्रयरूप सारा उपाधिदेखि वर्जित, अवस्थात्रयको साक्षीरूपले लक्षित शुद्ध आत्मा। त्यसलाई नै परमात्मा भनी जान्नुपर्दछ; यो कुरा ग्रन्थको पञ्चम अध्यायमा देखाइएको छ।

यसरी आत्मतत्व निर्णीत भयो। फलले मुमुक्षु पुरुष अवस्थात्रयमा कहिल्यै पनि अभिमान गर्दैन।

(ग) अज्ञानको आत्यन्तिक परिहार

अवस्थात्रयमा अभिमान संपूर्णरूपले कसरी परित्याग गर्नुपर्दछ, त्यो ऐले देखाइन्छ।

(१९) मूल अज्ञान सुषुप्ति अवस्थामा मात्र उपलब्ध हुन्छ। निर्विकल्प समाधिको अभ्यासद्वारा यो अज्ञान विनष्ट नभए सुषुप्ति अनन्तर जाग्रत् र स्वप्न आउँछ र जन्ममरण चक्र झैं घुमिरहन्छ। मरणको डर कदापि निवृत्त हुन सक्दैन। त्यसकारण प्राज्ञलाई जगतको स्रष्टा भनी भनिएको छ। सुषुप्ति अवस्थारूप उपाधिबाट विमुक्त भए त्यो नै शुद्ध आत्मा र ब्रह्म बनिहाल्छ। पञ्चदशी ग्रन्थमा (अध्याय ११ श्लोक १३ मा) जो आनन्दबाट प्राणीहरूको उत्पत्ति भनिएको हो त्यो आनन्द मिथुन आनन्द हुन सक्दैन; त्यो वास्तवमा हो सौसुप्त आनन्दमय किम्वा प्राज्ञ त्यसकारण त्यसलाई बीज-जाग्रत् भनेको छ ("शंकराचार्य र भगवद्दर्शन" ग्रन्थ द्वितीय भागको अध्याय ३ खण्ड ४ हेर्नु)।

सुषुप्तिकालीन आनन्दको भोग किम्वा सुषुप्ति अन्तर्गत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोगको साक्षी (जसले अज्ञानको वृत्तिद्वारा आनन्दको अनुभव गर्दछ त्यो) हो मिथ्या। त्यसकारण प्राण धारणाको वासना उदित हुन सक्दैन। प्राज्ञरूपता मिथ्या सिद्ध भए सुषुप्तिबाट जाग्नुको इच्छा (ईक्षण) किम्वा जगत्को अंकुरता उत्पन्न हुँदैन; र परिणामले जाग्रत्मा विचारद्वारा प्रशान्त भएको चित्तमा सारा उपाधिबाट रहित ब्रह्म आविर्भूत हुन्छ; र ज्ञानीको प्रारब्ध कर्मको क्षय नहुनुसम्म मायिक जाग्रदादि अवस्थामा अद्वितीय ब्रह्म नै सर्वदा प्रकाशित रहन्छ।

(२०) प्राज्ञ हो जाग्रत् अवस्थाको बीज। ब्रह्मज्ञानद्वारा बीज जाग्रत्को परिहार भए ज्ञानी जन्म-मरणबाट रहित हुन्छ। बीज जाग्रत्को विनाश नभए जाग्रत् स्वप्न र सुषुप्ति क्रमिक-रूपले चलिरहन्छ। प्राज्ञले जगत्लाई सृष्टि गरिरहन्छ।

(२१) अवस्थात्रयको सूक्ष्मरूपले अनुसन्धान गरे त्यसमा प्रच्छन्नरूपले अरू चारवटा स्तरको अन्तर्भाव दृष्ट हुन्छ। यसरी अज्ञानको सप्त विभाग मोक्षोपाय शास्त्रमा कथित भएको छ— (१) बीज जाग्रत्, (२) जाग्रत्, (३) महाजाग्रत्, (४) जाग्रत् स्वप्न, (५) स्वप्न, (६) स्वप्न जाग्रत् र (७) सुषुप्ति।

(२२) अज्ञान उपाधियुक्त प्राज्ञबाट यो सम्पूर्ण जगत् उत्पन्न हुन्छ। यो बीजजाग्रत् नामक अज्ञान हो ज्ञानको विरोधी; किनकि त्यो निर्विकल्प समाधिमा आत्मबोध भए नष्ट भैहाल्छ। जस्तो बीजबाट अंकुरको उत्पत्ति हुँन्छ, त्यस्तो प्राज्ञबाट जाग्नु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को इच्छारूप जगत्को अंकुर उत्पन्न हुन्छ। अज्ञानको यो द्वितीय अवस्थालाई ईक्षण, समष्टि अहंकार किम्वा जाग्रत् भनेको छ।

अंकुर जस्तो बाहिर फुरिहाल्छ, (यो जौ अन्न भनी जान्न-मा आउछ) त्यस्तो जाग्रत्को व्यवहार योग्य अवस्था—"म हुँ सुखी", "म हुँ ब्राह्मण" यसप्रकार विशेष अहंकारको उत्पत्ति हुन्छ। अज्ञानको तृतीय अवस्था; महाजाग्रत्। यसैलाई व्यष्टि जीव-को जाग्रत् अवस्था भनेको छ। यसैलाई प्रमाता भाव भनेको छ।

(२३) जब कुनै मानिस जागरण कालमा मनोराज्य (संकल्प) गर्छ त्यसले मानसिक संस्कारलाई उत्पन्न गर्छ। तब यो मनोरथलाई जागरण कालको स्वप्न किम्वा जाग्रत् स्वप्न भनेको छ।

सर्वलोक प्रसिद्ध स्वप्नलाई स्वप्न भनेको छ। यो हो अज्ञानको पञ्चम अवस्था।

स्वप्न कालमा अनुभूत नदी पहाड आदि पदार्थ संस्कार-को प्रबलतावशात् याद भए जाग्रत् कालमा पनि प्रत्यक्ष झैं प्रतीत हुन्छ। त्यसकारण यसप्रकार अवस्थालाई स्वप्न जाग्रत् भनेको छ। त्यसकारण यो हो अज्ञानको षष्ठ अवस्था।

(२४) जब यो माथि देखाइएको छप्रकार अवस्थाको भित्र कुनै अवस्था रहँदैन तब त्यसलाई सुषुप्ति अवस्था भनेको छ।

(२५) सुषुप्ति अवस्थाको अन्तर्गत बीज जाग्रत् अवस्था जब पञ्चम अध्यायमा प्रदर्शित वस्तुतन्त्र ब्रह्मज्ञानद्वारा नष्ट हुन्छ तब मुमुक्षु पुरुष कृतकृत्य हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) ब्रह्मज्ञान प्राप्तिको संक्षिप्त प्रणाली

यो सरल प्रणाली माण्डूक्य उपनिषद्, रामगीता र पञ्चीकरण आदि ग्रन्थमा प्रदर्शित भएको छ ।

(२६) जाग्रत् अवस्थालाई स्वप्न अवस्थामा विलापन गर्नु । जाग्रत् अवस्था हो स्वप्न अवस्थामात्र यसप्रकार जान्नु । (जाग्रत् अवस्था हो आगमापायी, स्वल्पकाल स्थायी, यो स्वप्नमा परिणत हुन्छ, त्यो हो स्वप्न झैं मिथ्या यसप्रकार जान्न) ।

(२७) स्वप्नावस्थालाई सुषुप्ति अवस्थामा विलापन गर्नु; स्वप्नको विषय किम्वा वासना पनि वास्तव हैन । स्थूल र सूक्ष्म सारा प्रपञ्च हो मिथ्या, यसप्रकार जान्नु ।

(२८) सुषुप्ति अनुभवलाई दृश्यरहित आफ्नो वास्तव चिन्मात्र स्वरूपमा विलापन गर्नु । ब्रह्मानन्दको सामान्य अनुभवलाई मिथ्या भनी जान्नु ।

(२९) "म हुँ ब्रह्म" यसप्रकार ब्रह्माकार वृत्तिको प्रवाह चलिरहन्छ । त्यसमा ध्याताभाव रहँदैन । ध्येयाकार धाराप्रवाह साक्षीद्वारा अवभासित हुन्छ । यसैलाई सविकल्प समाधि भनेको छ ।

(३०) त्यसको फलले वृत्तिशून्य मन ब्रह्माकारमा ब्रह्मदेखि अभिन्नरूपले स्थित हुन्छ (निर्विकल्प समाधि प्राप्त हुन्छ) । त्यसप्रकार समाहित चित्तमा ब्रह्मस्वरूप स्पष्टरूपले भासमान हुन्छ । यसैलाई ब्रह्मज्ञान भनेको छ । "अयम् आत्मा ब्रह्म" यो आत्मा हो ब्रह्म । बृहदारण्यक उपनिषद् ४ । ४ । ५ हो यसमा प्रमाण । □

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नोत्तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नावली

[१] प्रमाता केलाई भन्छन् ?

[२] प्रमाता र आत्माको भिन्न के भेद छ ?

[३] प्रमाता र परमात्मा भिन्न भिन्न हो कि ?

[४] आत्मा र ब्रह्ममा के भेद हो ? अद्वितीय ब्रह्ममा जगत् कसरी आएको छ ?

[५] आत्मस्वरूपमा स्वप्न र सुषुप्ति छैन, यसको अर्थ के हो ?

[६] मनुष्यले आत्मस्वरूपलाई किन ग्रहण गर्दैन ?

[७] आत्मामा कुनै प्रकार कल्पना छैन, यसको अर्थ के हो ?

[८] संसार, जगत् र दृश्य प्रपञ्च केलाई भन्छ ?

[९] दृश्य प्रपञ्चमा मनुष्यको प्रवृत्ति र निवृत्तिको हेतु के हो ?

[१०] ग्राह्य र ग्राहक केलाई भन्छन् ?

[११] जगतको आत्यन्तिक निवृत्ति कसरी गर्नुपर्छ ?

[१२] वास्तवमा कुनै दुःख छैन यसको स्पष्टीकरण गर ।

[१३] मुक्ति केलाई भन्छन् ?

[१४] ज्ञान केलाई भन्छन् ?

[१५] चित्तको उपशम कसरी हुन्छ ?

[१६] ब्रह्मस्वरूपलाई जान्नुको उपाय के हो ?

[१७] वस्तुस्थिति कहिले कहिले हुन्छ र कहिले कहिले हुँदैन यसप्रकार हैन, यसको आशय के हो देखाऊ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[१८] द्रष्टा-दृश्यभावले आत्माको विवेचनगर ।

[१९] द्रष्टा र दृश्य केलाई भन्छन् ? द्रष्टाभावको साक्षीको हो ? दृश्यको साक्षी को हो ?

[२०] विश्वादित्रय केलाई भन्छन् ? यिनीहरूको साक्षी को हो ?

[२१] तुरीय प्रत्यगात्मा केलाई भन्छन् ?

[२२] अवस्थात्रयको प्रतिपादन शास्त्रमा किन गरिएको छ ?

[२३] अवस्थात्रयको निराकरण कसरी गर्नुपर्छ ? सुषुप्ति अवस्थाको विवेचन गर, प्राज्ञको स्वरूप निरूपण गर ।

[२४] सुषुप्तिमा प्राज्ञको स्थान के हो ?

[२५] प्राज्ञको निराकरण किन आवश्यक छ ?

[२६] प्राज्ञको निराकरण नभए के हानि हुन्छ ?

[२७] प्राज्ञ कसरी सृष्टिकर्ता हुन सक्छ ? प्राज्ञ कसरी तुरीय हुन्छ ?

[२८] विज्ञानमयकोषको आन्तर हो आनन्दमयकोष, आनन्दमयकोषको आन्तर के हो ? अनुभवपूर्वक देखाऊ ।

[२९] सुषुप्ति अवस्थालाई कसरी परित्याग गर्नुपर्छ ?

[३०] अज्ञानको स्वरूप र निरसनको युक्ति प्रदर्शन गर । ब्रह्मज्ञानको उत्पत्तिको क्रम संक्षेपमा देखाऊ । उत्तम मुमुक्षुको ब्रह्मज्ञान सजिलोसित प्राप्त हुन्छ (प्रयत्नको अपेक्षा हुँदैन) यो कसरी सम्भव हुन्छ ?

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरावली

[१] जड़ शरीर, इन्द्रिय, मन र बुद्धि चैतन्यको सहारा-बाट चेष्टा गरिरहन्छ; त्यो चैतन्यस्वरूप आत्मा समीपस्थ चित्त-मा प्रतिबिम्बित भए भ्रमले त्यो प्रतिबिम्बलाई म भनी जसले भन्दछ त्यो तिमी हो प्रमाता ।

[२] जब गुरु शास्त्रद्वारा बिम्बभूत शुद्ध चैतन्यस्वरूपमा सत्यताबुद्धि (म बुद्धि) हुन्छ तब देखिन्छ कि आत्मस्वरूप हो मल, विक्षेप र आवरण दोष वर्जित प्रमाता नै; अरू कोही हैन । दर्पणस्थित मुख नै दर्पणको अपसारण भए घाँटी माथिको मुख भैहाल्छ । त्यसकारण मुमुक्षु पुरुष त्यसको सारा दुःख चिन्ता डर हटाउनको लागि चित्तरूप दर्पणलाई विनष्ट गरीकन आफ्नो वास्तव चिदानन्द स्वरूपलाई प्राप्त गरिहाल्छ ।

[३] प्रमाता हो मिथ्या अनात्मा, इच्छापूरणको लागि मानिसको इन्द्रिय र मन चलिरहन्छ । इच्छारहित मानिस शान्त भएर स्थित रहन्छ । परमात्मा हो इच्छाविनिर्मुक्त, आफू हो प्रकाश र आनन्दस्वरूप । चित्त रहनु सम्म जो चित्तवृत्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक हो त्यो वास्तवमा अज्ञान-कार्यचित्तदेखि पृथक् प्रत्यगात्मा हो ।

[४] शरीरानुप्रविष्ट चैतन्य नै हो शरीरानुप्रवेश कर्ता ब्रह्म चैतन्य । द्वैत जगत् हो प्रमाताको कल्पनामात्र (चित्तका द्रष्टा दर्शन र दृश्य रूप सात्विक राजसिक र तामसिक वृत्तिमात्र) । बाहिर नानाप्रकार पदार्थ र देश, काल वस्तु विद्यमान छ; यिनीहरूसित मेरो अवश्य सम्बन्ध छ र यो सम्बन्धबाट मलाई नानाप्रकार भोग जनित सुख—जन्मजन्मान्तरमा मिलेको थियो र मिल्छ पनि, यसप्रकार दृढ आग्रहवशात् चित्तमा नित्य निरन्तर वृत्तिको उदय हुनु हो त्यो अजस्र कल्पनाको कारण ।

[५] आत्मस्वरूपको यथार्थ निरूपणका लागि आत्मस्वरूप हो अद्वितीय वस्तु यो देखाउनु हो अत्यन्त आवश्यक । आत्मस्वरूपमा कुनै कालमा कुनै प्रकारको कल्पना छैन । अर्थात् अज्ञान र अज्ञानको कार्य केवल कल्पित भएको छ । त्यसकारण मुमुक्षु पुरुषले निश्चय गर्नुपर्दछ कि आत्मादेखि भिन्न अरू कुनै वस्तु नै छैन (जस्तो सुषुप्ति समाधि कालमा अनुभूत हुन्छ) । त्यसकारण मुमुक्षु पुरुषले कहिले पनि द्वैतको ग्रहण गर्दैन र आत्मस्वरूपको अग्रहण पनि गर्दैन । यसरी त्यसले जाग्रत र स्वप्नमा अन्यथा ग्रहण गर्दैन र आफ्नो वास्तव स्वरूपलाई कहिल्यैं पनि विर्सदैन (मुमुक्षुबाट स्वरूपको अग्रहण हुँदैन र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्वरूपको ग्रहण पनि हुँदैन)। त्यसैले कहिले पनि द्वैतको अवलम्बन गर्दैन, अर्थात् प्रमाता भावलाई स्वीकार गर्दैन। यसरी जाग्रत् स्वप्न र सुषुप्ति अवस्थाको परित्याग सम्भव हुन्छ। किनकि अवस्थात्रय हो अज्ञानको र तत्कार्य अन्तःकरणको वृत्तिरूप मात्र। त्यसको परित्याग भएमा नै आत्मस्वरूपमा सजिलोसित स्थिति बनिहाल्छ।

[६] चित्त निरन्तर चलिरहेको हुनाले (मानिस प्रमातारूपले सर्वदा स्थित भैराखेको हुनाले) त्यसले आत्मालाई ग्रहण गर्न (अनुभव गर्न) सक्दैन। आत्मस्वरूपदेखि भिन्न कुनै वस्तुको चिन्तन नभए आत्माको अनुभव स्वतः सिद्ध हुन्छ। दुई वस्तुको चिन्तनको अन्तराल अवस्थामा केवल आत्मस्वरूपको नै अनुभव हुन्छ। त्यसकारण प्राण अपानको अन्तरालमा, घट पट चिन्तनको अन्तरालमा जाग्रत् स्वप्नको अन्तरालमा, स्वप्न सुषुप्तिको अन्तरालमा र लय विक्षेपको अन्तरालमा क्षणिक समाधि हुन्छ। आत्मस्वरूपको परोक्ष ज्ञानपूर्वक यसप्रकार समाधि प्राप्त भए मोक्ष सिद्ध हुन्छ।

[७] आत्मा अद्वितीय भएको हुनाले त्यसमा अज्ञानको वृत्ति र चित्तवृत्ति वास्तवमा छैन। अर्थात् आत्मा हो जाग्रदादि अवस्थात्रयदेखि रहित।

[८] अनात्मालाई संसार जगत् र दृश्य प्रपञ्च भनेको छ। अज्ञान र त्यसको कार्य हो अब्रह्म वस्तु; यो ब्रह्मस्वरूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्पित भएको छ; ब्रह्म हो साराको अधिष्ठान। अधिष्ठानमा कल्पित वस्तु छैन। कल्पित जगत् हो ब्रह्मस्वरूप। जगत् हो मिथ्या यसको अर्थ जगत्को शून्यता हैन; जगत्को ब्रह्मरूपता हो।

[९] प्रमाताभाव रहनुसम्म मनुष्यको दृश्य प्रपञ्चमा प्रवृत्ति रहिरहन्छ। इच्छारहित आत्मज्ञानी पुरुषको संसारमा प्रवृत्ति हुँदैन। परमात्मामा दृश्य छैन। परमातमा हो दृश्यरहित चैतन्यमात्र।

[१०] साभास चित्तको सात्विक वृत्तिलाई ग्राहक भनेको छ। तामसिक वृत्तिलाई ग्राह्य भनेको छ; प्रमाता हो ग्राहक, प्रमेय वस्तु हो ग्राह्य। चित्तको परित्याग भए ग्राह्य ग्राहक रहँदैन; आत्मा नै परिशिष्ट रहन्छ (आत्मस्वरूपको अनुभव हुन्छ र प्रमाताभाव नष्ट हुन्छ)। यसैलाई त्वंपदको शोधन किम्वा प्रमाताभावको उल्लंघन भनेको छ।

[११] जगत् चित्तवृत्तिरूप भएको हुँनाले तमो रजोहीन चित्त हो आत्मदर्शन किम्वा ईश्वरदर्शन। यसबाट आत्माको ज्ञान र जगतको अभाव (जगत्को मिथ्यात्व) सिद्ध हुन्छ। किन्तु वासनाको नाश नभएको हुनाले जगत्को आत्यन्तिक निवृत्ति सम्भव हुँदैन। चित्त जब विनष्ट हुन्छ (चित्तको जब सारा वृत्ति नष्ट हुन्छ, अर्थात् निर्विकल्प समाधि प्राप्त हुन्छ) तवमात्र जगत्को आत्यन्तिक निवृत्ति (अत्यन्त अभाव) सिद्ध हुन्छ।

[१२] आनन्दस्वरूप आत्मा परिज्ञात नभए आनन्दको

Acc. No. ८६१६
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्पष्ट अनुभव हुन सक्दैन। त्यसकारण प्रमाताले सधैं दुःखको नै अनुभव गरिरहन्छ। चित्त हो दुःख चिन्ता र भयको हेतु। वास्तवमा चित्त छैन त्यसकारण दुःख पनि छैन। सुषुप्तिमा कुनै दुःख हुँदैन। त्यसैले आनन्दको अस्पष्ट अनुभव हुन्छ। बुद्धिपूर्वक आनन्दको अनुभव समाधिमा मात्र हुन्छ। ब्रह्मानन्दको सुस्पष्ट अनुभव निर्विकल्प समाधिमा संभव हुन्छ।

[१३] द्वैतको आत्यन्तिक निवृत्तिलाई मोछ्र भनेको छ।

[१४] अज्ञानको विनाशलाई ज्ञान भनेको छ; किनकि तब अद्वय ब्रह्म स्पष्टरूपले भासमान हुन्छ र ज्ञानवान् पुरुषले स्वतः र सर्वदा आनन्दको अनुभव गर्नुहुन्छ।

[१५] पहिले चित्तलाई शुद्ध सत्त्वगुणयुक्त गर्नुपर्दछ। त्यसपछि चित्तलाई सारा विकारबाट रहित (ब्रह्मस्वरूपमा अभिन्नरूपले स्थित) गर्नुपर्दछ। चित्त ब्रह्माकार प्राप्त भए उपशान्त भैहाल्छ। किनकि ब्रह्माकार चित्तमा नै ब्रह्म स्वतः आविर्भूत भैहाल्छ।

[१६] भ्रान्त अनुभवहरूको निरसन भए मन सारा वृत्तिबाट रहित भएर स्थित हुन्छ। मनको यो अमनीभाव प्राप्ति हो ब्रह्मस्वरूपलाई जान्नुको एकमात्र उपाय। जाग्रत् स्वप्न र सुषुप्तिमा मानिस जो जो अनुभव गर्छ त्यो नै हो त्यसको संपूर्ण अनुभव किम्वा भ्रान्त ज्ञान। त्यसको परित्याग भए सर्वाधिष्ठान ब्रह्म आफ्नो आनन्दस्वरूपमा स्वतः प्रकट भैहाल्छ। त्यसकारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्तलाई क्रम-क्रमले मार्जन गरीकन चित्स्वरूपमा परिणत गर्नुपर्दछ। चित्त हो ब्रह्मस्वरूप नै। केवल आरोपित सारा वृत्तिलाई परित्याग गर्नुपर्दछ। सारा वस्तुको परित्याग भए आत्मब्रह्म नै परिशिष्ट रहन्छ। ब्रह्म हो स्वयंप्रकाश। परिणामले नित्य निरन्तर आफ्नो आनन्दस्वरूपको स्फुरण भैरहन्छ। सारा वृत्तिको परित्याग हो सारा इच्छाको परित्याग। सारा इच्छाको परित्याग भए पनि मानिस त्यसको अवश्यम्भावी प्रारब्धको बलले बाँचिरहन्छ। सुखपूर्वक पान भोजन गरिरहन्छ। प्रारब्धले शरीरको रक्षा अवश्य गर्दछ। यो हो श्रीधर स्वामीको जन्मको पछि नै पिताद्वारा रुखको माथि प्रच्छन्न भागमा परित्यक्त आफ्नो शरीर रक्षाको र कुनै राजाद्वारा पालन-पोषण एवं ब्रह्मविद्या अर्जनको दृष्टान्तद्वारा अत्यन्त परिस्फुट। जन्मदेखि लिएर मरणसम्म सारा प्राणीको अवलम्बन हो आफ्नो प्रारब्ध कर्म र त्यसको फलप्रदाता हुनुहुन्छ सर्वशक्तिमान् परमेश्वर। भक्तिद्वारा मुमुक्षु पुरुषको चित्त भगवत्स्वरूपमा एकाग्र हुन्छ। यसरी मुमुक्षु पुरुष सजिलोसित नै सारा इच्छालाई परित्याग गर्न समर्थ हुन्छ र परिणामले ब्रह्मस्वरूपलाई जानीकन चिरसुखी हुन सक्छ। गीता ९।२२मा कृष्ण परमात्मा भन्नुहुन्छ—"जो महापुरुष मदेखि अभिन्न भएर सधैं मेरो नै चिन्तन गरिरहन्छ (सर्वदा ईश्वरस्वरूप भैकन नै स्थित रहन्छ) नित्य मसित नै युक्त रहन्छ, त्यो उपासकको भोजन आच्छादन आदिको प्रवन्ध सर्वशक्तिमान् मबाट नै भैरहन्छ"। यसप्रकार ईश्वरको संकल्पको नाम हो प्रारब्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किम्वा ईश्वर नियति। यो प्रारब्धको प्रतापले कुनै योग्य मानिसको मनमा (जस्तो स्वामी श्रीधरको प्रारब्ध अनुसार राजाको मनमा) यसप्रकार प्रेरणा हुन्छ कि अमुकको भोजन आदिको आवश्यकता पूर्ण गरिहालुँ, जस्तो राजाको मनमा श्रीधरको पालन-पोषण शिक्षा आदिको निम्ति प्रेरणा मिलेको थियो।

चित्तसित निरन्तर मिलिरहनु (व्यापारयुक्त भैरहनु) हो अनल्प रजोगुणको कार्य। यसप्रकारको व्यक्तिलाई असावधान प्रमाता भनेको छ। गुरु, शास्त्र र सत्संगबाट आफ्नो वास्तव स्वरूपको ज्ञान (श्रवण) भए प्रमाताभाव शिथिल हुन्छ र त्यो मानिस ईषद् रजोगुणयुक्त (मिश्र सत्वयुक्त) भैकन आत्मस्वरूप-को चिन्तनमा लागिरहन्छ। यसैलाई आत्मध्यान भनेको छ। त्यसपछि सम्पूर्ण व्यवहार परित्याग गरीकन (उपरति प्राप्त गरीकन) ईषद् रजोगुण पनि विनष्ट हुन्छ र मुमुक्षु शुद्ध सत्त्व-गुणयुक्त भएर निरन्तर आत्मचिन्तन गरिरहन्छ। (यसैलाई प्रमाताभावत्यागको प्रयत्न भनेको छ) र परिणामले आत्म-साक्षात्कार प्राप्त हुन्छ। यो हो सविकल्प समाधि किम्वा तनु मानसा ज्ञानभूमिका। त्यसपछि आत्मध्यानको पनि परित्याग गर्नुपर्दछ। यसैलाई चित्तको विनाश भनेको छ। यसरी चित्तको सारा इच्छाको (वृत्तिको) परित्याग सम्भव हुन्छ; सात्विक सुख-को (रसास्वादको) पनि परित्याग हुन्छ। यसैको नाम नै हो सर्वत्याग। फलले ब्रह्मस्वरूप प्रकट हुन्छ। ब्रह्मस्वरूप ज्ञानी नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाताभावको माथि अवस्थित हुनुहुन्छ। प्रमाताको जन्म-मरण भैरन्छ।

इच्छा हो दुःखदायी; जति जति इच्छाको परित्याग (चित्तवृत्तिको अनुदय) भैरन्छ त्यति त्यति आनन्दको अनुभव भैहाल्छ। आनन्द हो जीवको स्वभाव; स्वभावको कहिल्यै पनि अभाव हुन सक्दैन। इच्छाको उदय भए केवल स्वभाव आवृत्त भैहाल्छ। इच्छाको उत्पत्ति (सर्वनाश) कसरी हुन्छ? चित्तसित मिलेपछि। "म हुँ बिम्वभूत आत्मा, म प्रतिबिम्ब हैन" यसप्रकार जानेपछि (यो जान्नुलाई कहिले पनि छोड्नु हुँदैन) चित्तसित सम्बन्ध मेटिइहाल्छ। यो चित्तसित सम्बन्ध हो दुई प्रकार :

(क) चित्तको सात्विक भागसित सम्बन्ध;

(ख) राजसिक र तामसिक भागसित सम्बन्ध।

प्रथम प्रकारको सम्बन्ध टुटेपछि "म चित्तको साक्षी हैन"; यसप्रकार आपेक्षिक साक्षीभाव हराइहाल्छ। र त्यसपछि बाहिरी पदार्थ र त्यसको ग्रहण बन्द भैहाल्छ। यसरी ग्राह्य, ग्रहण र गृहीता; प्रमाता, प्रमाण र प्रमेय; भोक्ता, भोग र भोग्य हराइ-हाल्छ।

सम्पूर्ण साक्ष्य (त्रिपुटी) परित्यक्त भए म साक्षी हैन; किन्तु प्रत्यगात्मा भैहालेको छु। साक्षी आत्मा नष्ट भैहाल्छ। तिमी प्रत्यगात्मा भैकन पनि भ्रमले साक्षी आत्मा बनेकाथियौ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाता बनेर दुःख पाएका थियौ। ऐले तिमी सजिलोसित (चित्त-रूप भूतसित सारा सम्बन्ध छोडेर) प्रत्यगात्मा भैहाल्यौ। भूत-सित सारा सम्बन्ध छोड्नु हो ठूलो प्रयत्न। यसैलाई प्रमाताभाव-को शोधन भनेको छ। प्रमाताभाव गयो त सारा आपत् हरायो। मरणको डर अलिकति पनि रहन पाएन। चित्तरूप भूतले उमेर-दार तिमीलाई पनि डर देखाएको थियो र सत्संगरहित असाव-धान तिमी पनि धेरै डर मानेका थियौ। ऐले हेर, कुनै डर छैन। किनकि डरको कुनै हेतु रहेन।

वास्तवमा जगत् अलिकति पनि छैन; चित्त पनि छैन। सब कुछ हो एक अद्वितीय नित्य सुखरूप ब्रह्म। चित्तको शुद्ध सत्वलाई पनि परित्याग गरेपछि प्रत्यगात्मा ब्रह्म बनिहाल्छ। प्रवेष्टा नै अज्ञानवशात् प्रविष्ट प्रत्यगात्मा बनेको थियो।

एकै ब्रह्म पहिले (अज्ञानवशात्) प्रत्यगात्मा भैकन पछि साक्षी आत्मा भएको थियो र त्यसपछि भ्रमले अध्यासवशात् प्रमाता बनेको थियो। तिमी पनि यसरी आत्मज्ञानवशात् प्रमाता भावलाई शिथिल गरीकन अन्तरात्मरूपले स्थित भएका थियौ र त्यसपछि पुण्यादिको अर्जनवशात् श्रीगुरुदेवको कृपाले अन्तिम प्रमा प्राप्त गरीकन प्रमाताभावलाई मूल सहित परित्यागपूर्वक निज सनातन ब्रह्मस्वरूपमा अवस्थित भैहाल्यौ।

[१७] प्रश्नको उत्तर ग्रन्थको अन्तमा हेर्नु।

[१८] अवस्थात्रययुक्त आत्मा हो तीन प्रकार; जाग्रत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिमानी विश्व, स्वप्नाभिमानी तैजस र सुषुप्ति अभिमानी प्राज्ञ। विश्वले स्थूल विषयलाई देख्दछ, धर्माधर्मवशात् इष्ट र अनिष्ट विषय प्राप्त गरीकन सुखी-दुःखी बन्दछ। सुख-दुःखको प्रतिभास हो दृश्य; विश्व त्यसलाई जान्दछ। अभिमानी भएकोले विश्व विकार प्राप्त हुन्छ। विश्व सुखाकार दुःखाकार वृत्तिहरूको प्रकाशकर्ता हो। विश्व वृत्तिनिरपेक्ष साक्षीदेखि भिन्न हो। त्यो हो प्रमाता। त्यसकारण सुखी दुःखी संसारी र जन्म-मरणशील। साक्षी हो कुटस्थ (निर्विकार) प्रत्यगात्मा। विश्व हो जाग्रत् अवस्थापन्न (जाग्रत् अवस्थामा अवस्थित) चैतन्य; जाग्रत् अभिमानी सहित जाग्रत् अवस्थाको साक्षी हो तुरीय प्रत्यगात्मा।

तैजस सूक्ष्म विषयलाई (किम्वा वासनालाई) जान्दछ। परिणामयुक्त मन हो उपाधि। त्यो उपाधिमा अभिव्यक्त आत्मा हो तैजस पुरुष। अविद्याप्रयुक्त कर्मबाट उद्भूत वासना स्वाप्निक विषयको आकारमा आकारित हुन्छ। त्यो नै हो तैजसको दृश्य। वासनामय विषयलाई तेज भनेको छ। त्यो तेजमा अभिव्यक्त भएकोले आत्मालाई तैजस भनेको छ। स्वप्नावस्थामा जो कर्म, सुख-दुःख आदि भासमान हुन्छ त्यो हो मनोमात्र, त्यो नै हो तैजसको दृश्य। स्वप्नावस्थाको साक्षी को हो ? तैजस र तैजसको दृश्यलाई जसले प्रकाश गर्छ त्यो हो तुरीय स्वयंज्योति आत्मा।

जब अन्तःकरणमा स्थूल र सूक्ष्म वासना कर्मद्वारा उद्भूत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदैन तब अभिमानी आत्मालाई प्राज्ञ भनेको छ। प्राज्ञ हो सुषुप्तिमा स्थित अभिमानी आत्मा।

विश्व तैजस र प्राज्ञ यो तीनको अपेक्षामा निर्दिष्ट आत्मा प्राज्ञको पनि साक्षी हो तुरीय प्रत्यगात्मा। यो प्रत्यगात्मा हो नित्य विज्ञानस्वरूप। अवस्थात्रयको साक्षी बिम्ब झैं विविक्त शुद्ध चैतन्यस्वरूप हो अवस्थात्रयवर्जित र अवस्थात्रयको साक्षी-रूपले अवस्थित परमात्मा (ब्रह्म)। यो साक्षी नै हो द्रष्टाभाव-को, दर्शनको र दृश्यभावको प्रकाशक।

[१९] तुरीय स्वरूपको अवगतिको लागि अवस्थात्रयको विवेक अत्यन्त आवश्यक छ। बिविक्त शुद्ध चैतन्य हो साक्षी। त्यसकारण साक्षी र साक्ष्यको अन्वय व्यतिरेक आलोचना हो अत्यन्त प्रयोजनीय।

धेरै प्रयोज-नीय

साक्षी हर समयमा विद्यमान रहन्छ र जो भावी हो साक्ष्य; त्यसको विलापन हुन्छ। द्रष्टा र दृश्य हो साक्ष्यकोटिको अन्तर्भूत। द्रष्टा र दृश्यभाव अवस्थात्रयमा विद्यमान रहन्छ। ज्ञानद्वारा त्यसको विलय भए विविक्त शुद्ध चैतन्य नै अवस्थात्रयको साक्षीरूपले सर्वदा विद्य-मान रहन्छ।

साक्ष्य हो आगमापायी। जाग्रत् अवस्था स्वप्नमा स्वतः विलीन हुन्छ। विश्व तैजसमा हराइहाल्छ। स्वप्न-को विलय सुषुप्तिमा अवश्यंभावी रूपले भैहाल्छ। तैजस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घेरै प्रयोज- नीय

प्राज्ञमा विलीन हुन्छ। सुषुप्ति चैतन्यस्वरूपमा विलापित हुन्छ; प्राज्ञ मेरो प्रकाश स्वरूपमा हराइहाल्छ। जुन प्रकाश स्वरूपमा मूढता (अज्ञता) किम्वा ज्ञानवत्ता (प्राज्ञभाव) दुवैको कल्पना हुंन सक्दैन; किनकि म हुँ सुषुप्तिको (अज्ञानको) अवभासक तुरीय वस्तु। यसरी साक्षी-साक्ष्य अन्वय व्यतिरेक देखाइयो।

द्रष्टा र दृश्यको बारेमा अन्वय व्यतिरेक अव्यवहित पूर्वको उत्तरमा भनेको हो। द्रष्टा, दर्शन र दृश्य हो साभास अन्तःकरणको सात्विक, राजसिक र तामसिक वृत्ति। दृश्यको आवरणलाई (घटाकार सुखाकार दुःखा-कार वृत्तिको अज्ञानलाई) (दर्शनले तदाकार वृत्तिले) हटाइदिन्छ र द्रष्टाले त्यसलाई जान्दछ (प्रकाश गर्छ)। यसरी प्रमाताको (अज्ञानी मनुष्यको) जगत् सन्वन्धी सारा सामान्य अनुभव हो अवस्थात्रयको अन्तर्गत। यो सारा अनुभव-को स्वतः परित्याग भए (किनकि स्थूल सूक्ष्म विषयको र तत्का-रण अज्ञानको क्रमिक रूपले पूर्वको अनुभव परवर्ती अनुभवमा स्वतः र सर्वदा विलय भैराखेको छ) अवस्थात्रयको साक्षी तुरीय प्रत्यगात्मा स्वतः प्रकाशित भैहाल्छ। यो साक्षी नै हो द्रष्टा-भावको (दर्शनको) र दृश्यभावको प्रकाशक। द्रष्टा र दृश्य दुवै साक्ष्य अन्तःपाती भए पनि द्रष्टाले दृश्यलाई जान्दछ। (निरावरण दृश्यलाई प्रकाश गर्छ मात्र)। यो नै हो द्रष्टा दर्शन दृश्य र तुरीय साक्षी चैतन्यको रहस्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[२०] विश्व तैजस र प्राज्ञ हो यथाक्रमले जाग्रत्, स्वप्न र सुषुप्ति अवस्था प्राप्त आत्मा; तद्अवस्था अभिमानी आत्मा किम्वा अज्ञान र तत्कार्यरूप उपाधियुक्त (उपाधि प्रतिबिम्बित) आत्मा। आत्मा उपाधियुक्त भए द्रष्टा, ज्ञाता, कर्ता, अल्पज्ञ, सर्वज्ञ भनी व्यवहारको आस्पद हुन्छ। निरुपाधि आत्मा हो कूटस्थ (शुद्ध चैतन्य) ब्रह्म। यो नै हो विश्वादिको साक्षी, मन वाणीको अगोचर। मनको अगोचर भए पनि सर्ववृत्तिरहित मनमा ब्रह्म (साक्षी) स्वतः आविर्भूत हुन्छ।

[२१] तुरीय प्रत्यगात्माको बारेमा अव्यवहित पूर्वको दुई उत्तरमा भनिएको छ। त्यो नै हो निरुपाधि ब्रह्मस्वरूप। जो जगत्लाई सृष्टि गरीकन त्यसमा प्रवेश गर्नुभएको छ उहाँ जगत् प्रविष्ट प्रत्यगात्मादेखि भिन्न हैन।

[२२] अवस्थात्रयको स्वरूप जानेपछि मात्र त्यसको परिहार सम्भव हुँन्छ। त्यसकारण अवस्थात्रयको विवेचना गरिएको छ।

धेरै प्रयोजनीय — अवस्थात्रय हो अज्ञानी मानिसको सम्पूर्ण अनुभव। त्यो हो केवल कल्पनारूप; अज्ञानको र अज्ञानकार्यको विलास-मात्र। त्यो सारा अनुभवको (अज्ञानवृत्तिको) र इन्द्रिय मन बुद्धिको सर्वप्रकार वृत्तिको (मिथ्या भएको हुनाले) परित्याग गर्नुपर्दछ। यसरी चित्त सर्ववृत्तिरहित (ब्रह्म-स्वरूप स्वयं प्रकाशित) भैहाल्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घेरै प्रयोजनीय

एक आत्मब्रह्म भिन्न-भिन्न उपाधिसित युक्त भए ईश्वर जीव र जगत् बनिहाल्छ। जस्तो एक आकाश– घट मठ र शकटसित सम्बन्धवशात् सानो आकाश ठूलो आकाश भनी प्रतीत हुन्छ। यसप्रकार सन्देहरहित भैकन जानेपछि कल्पित आकाशहरूको सजिलोसित परित्याग हुन्छ। त्यसका लागि कुनै प्रयत्न गर्नुपर्दैन। ठीक त्यसरी नै मिथ्या ईश्वर, जीव र जगत्भाव सजिलोसित नै परित्यक्त भैहाल्छ। अज्ञानवशात् (वस्तुस्वरूपलाई नजान्नु सम्म) एकै आत्मा—सर्वज्ञ ईश्वर, अल्पज्ञ जीव र विशाल जगत्-रूपले (देश-काल वस्तु कार्यकारण भाव—ब्रह्म हो जगत-को कारण जगत् हो ब्रह्मको कार्य यसप्रकार कल्पनारूपले) प्रतीत भैराखेको छ। तिमी वास्तवमा अल्पज्ञ पनि हैन र सर्वज्ञ पनि हैन। किन्तु तिमी ह्वौ ज्ञानमात्र (सद्रूप ज्ञानरूप आनन्दरूप ब्रह्म वस्तु)।

[२३] अवस्थात्रयको निराकरण पूर्वोक्त चारवटा उत्तर-मा बताइएको छ। त्यहाँबाट जान्नुपर्दछ।

[२४] सुषुप्ति अवस्थालाई (जाग्रत् र स्वप्नको बीज-रूप भएको हुनाले) सारा अवस्थाको प्रतीक भने हुन्छ। यसको विवेचना हो अत्यन्त सफल ज्ञानप्रसू।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निद्रा

↓

स्वप्न (अदृढ निद्रा)

- द्रष्टा — तैजस (भोक्ता)
- दृश्य — निद्रा सुख (भोग्य)

मन द्रष्टा र दृश्य-रूपले प्ररिणाम प्राप्त हुन्छ ।

सुषुप्ति (गाढ निद्रा)

- म पनि रहँदैन; अज्ञान रहन्छ। चिदाभास छैन; ब्रह्म अज्ञात रहन्छ; चित्त सर्ववृत्तिरहित भएमा नै ब्रह्मज्ञात हुन सक्छ ।
- आत्मादेखि भिन्न क्यैं पनि छैन । अज्ञानवृत्तिद्वार (अस्पष्ट रूपले) अज्ञात आत्माले आफ्नो आनन्द स्वरूपलाई अनुभव गर्छ अज्ञात आत्मालाई प्राज्ञ भनेको छ । दृश्यरहित प्राज्ञ हो सुषुप्तिको द्रष्टा अज्ञान उपाधिवशात् आत्मा सर्वज्ञ भनी कथित हुन्छ (प्राज्ञ=सर्वज्ञ) ।
- आनन्द हो स्वयंप्रकाश, यो अज्ञानलाई पनि प्रकाश गर्दछ । अज्ञानवशात् आनन्दको स्पष्ट अनुभव हुन पाउँदैन । सुषुप्तिमा "आफू छ" यसप्रकार अस्पष्ट अनुभव सबैको हुन्छ आफ्नो स्वरूपको स्पष्ट अनुभव निर्विकल्प समाधिमा मात्र सम्भव हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्रयोजनीय

अज्ञायमानरूपले आत्मब्रह्मको अवस्थितिलाई सुषुप्ति अवस्था भनेको छ। यो अज्ञात आत्मा हो प्राज्ञ; अर्थात् सर्वज्ञ। यसैलाई नै मायोपाधि ईश्वरभाव भनेको छ। व्यष्टि प्राज्ञ हो समष्टि ईश्वरदेखि अभिन्न।

अस्पष्टरूपले ब्रह्मानन्दको (निस्सीम आनन्दको) अनुभव हो सुषुप्ति अवस्था; ससीम आनन्दको अनुभव हो स्वप्नावस्था। स्वप्नमा आनन्दको भोग हुन्छ, सुषुप्तिमा आनन्दको अनुभव हुन्छ।

बुद्धिपूर्वक स्पष्ट अनुभव केवल निर्विकल्प समाधिमा सम्भव हुन्छ। यो अनुभवको विषय हो ब्रह्मानन्द र ब्रह्मस्वरूप दुवै।

यो दुई शब्दको भेद के हो? भेद यो हो कि ब्रह्मानन्द सर्वदा विद्यमान भए तापनि (ब्रह्मानन्दको सामान्य अनुभव किम्वा छिन छिनमा यसको अनुभव भैराखेकै हो तापनि) ब्रह्मस्वरूपको अनुभव निर्विकल्प समाधिविना हुन सक्दैन। त्यसकारण ज्ञानीजन भन्नुहुन्छ कि ब्रह्मज्ञान केवल अज्ञानलाई नष्ट गर्दछ। ब्रह्मानन्दलाई उत्पन्न गर्दैन।

प्राज्ञको स्वरूप देखाइसकियो; आत्मब्रह्मको अज्ञातता हो प्राज्ञरूपता। ज्ञातता हो स्पष्टरूपले अनुभूत ब्रह्मस्वरूपता। पूर्व पश्चिम उत्तर दक्षिण जस्तो विपरीत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै दिशा भनी कथित हुन्छ, त्यस्तो सुषुप्ति र समाधि
प्रयोज- हो विपरीत प्रत्यय । एउटा हो अज्ञान, अर्को हो
नीय ज्ञान ।

सुषुप्तिमा प्राज्ञको स्थान के हो ? जाग्रत्मा विश्वको स्थान के हो ? बुद्धिको परिपूर्ण विकास हो जाग्रत् । त्यो विकास कसको हो ? विश्वको—जाग्रत्को द्रष्टा पुरुषको विकास प्राप्त बुद्धि हो विश्वको दृश्य । द्रष्टा दृश्यदेखि प्रधान हुन्छ ।

सुषुप्ति हो अज्ञानको अवस्था । निस्सीम आनन्दको अनुभव होस्; आत्मब्रह्मको अनुभव होस् । यो अनुभव कसको ? प्राज्ञको । केही पनि छैन त्यसलाई को जान्छद ? प्राज्ञले जान्दछ । सम्पूर्ण जगत्को सामान्य अभाव कसले जान्दछ ? त्यो सर्वज्ञ प्राज्ञले जान्दछ ।

किन्तु यो सर्वज्ञ हो अज्ञान (माया) उपाधिकृत; वास्तव हैन । ठीक जस्तो अल्पज्ञता, सुखिता, दुःखिता र मरणशीलता हो अज्ञानको कार्य (चित्त उपाधिकृत); त्यसकारण मिथ्या ।

सुषुप्तिमा प्राज्ञको स्थान के हो ? प्राज्ञ को हो ? "प्राज्ञ हो केवल अज्ञानयुक्त तिमी", ठीक जस्तो विश्व हो बुद्धिवृत्तियुक्त तिमी; तैजस हो वासनायुक्त (मनको परिणामयुक्त) तिमी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्रयोज- नीय

किन्तु तिमी हो वास्तवमा सारा उपाधिरहित अद्वितीय ब्रह्म। ऐले तिमी उपाधियुक्त रहेको हो; सत्त्व-प्रधानचित्त (यसैको नाम हो अज्ञान) पनि हो उपाधि (तिमीले आत्मालाई जाने तापनि ब्रह्मलाई जान्नु बाँकी छ।) प्राज्ञलाई जाने तापनि अभिमानी सहित सुषुप्तिको साक्षी (र प्राज्ञको अपेक्षाले तुरीय) प्रत्यगात्मालाई (ब्रह्मस्वरूपलाई) जान्नु पर्दछ।

यो जान्नु चित्तद्वारा सम्भव छैन; ब्रह्मस्वरूप हो चित्तको अतीत। तिमी सारा चित्तको वृत्तिलाई (अज्ञानको वृत्तिलाई पनि) परित्याग गरीकन यथास्थित अवस्थित हुनु। तिमीले अज्ञानवृत्तियुक्त आत्मस्वरूपलाई (प्राज्ञलाई) पनि परित्याग गर। तिमी स्वतः प्रत्यगात्मा भैहाल्छौ।

कसरी ? अज्ञानको वृत्ति (अर्थात् अज्ञान) परित्यक्त भए अज्ञानको अधिष्ठान ब्रह्म स्वयं आविर्भूत भैहाल्छ। फलले ज्ञान (अनुभवस्वरूपको वृत्तिपूर्वक अनुभव)—उत्पत्तिशील भएको हुनाले—तिरोहित हुन्छ। केवलब्रह्मस्वरूप तिमी सकृत् (सधैं) प्रकाशित रहन्छौ (ब्रह्मस्वरूप तिम्रो कहिले पनि अभाव हुन सक्दैन)।

(२५) प्राज्ञ—सुषुप्तिको अभिमानी पुरुष भएको हुंनाले—तिमी वास्तव हैन; ब्रह्मस्वरूप नै हो वास्तव। तिम्रो वास्तव ब्रह्मस्वरूप प्राप्तिको लागि मिथ्या प्राज्ञ स्वरूपको परित्याग गर्न-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दछ। प्राज्ञको निराकरण नै हो एकमात्र कर्तव्य। प्राज्ञको निराकरण नै हो अज्ञानको निराकरण र ब्रह्मज्ञान प्राप्तिको—एकमात्र उपाय। प्राज्ञको स्वरूप जानीकन प्राज्ञ स्वरूपको परिहार हो ब्रह्मज्ञानको साक्षात् साधन; त्यसको साधन हो चित्तको अचलता। चित्तलाई निश्चल गर्नुको साधन हो सम्पूर्ण द्वैतको अभाव निरीक्षण (आफ्नो प्राज्ञस्वरूपको जाग्रत्-मा अनुभव गर्नु)। **परिणामले निश्चलीकृत चित्तमा ब्रह्म स्पष्ट-रूपले भासमान हुन्छ र सम्पूर्ण द्वैत प्रपञ्चको आत्यन्तिक अभाव—सम्पूर्ण** अब्रह्म जगत्को बाध **दृष्ट हुन्छ। जस्तो उज्यालोमा रज्जुको दर्शन भए** भयानक सर्पको टाउको र पुच्छर तीनै कालमा मिथ्या सिद्ध हुन जान्छ।

अज्ञानबाट विनिर्मुक्त हुनका लागि नान्तरीयक (अवश्यं-भावी र फलदायी) साधन हो प्राज्ञको निराकरण।

(२६) प्राज्ञलाई जानेर प्राज्ञको निराकरण नगरेपछि-जाग्रत् अवस्थाको वीजलाई (वीज जाग्रत्लाई) नष्ट नगरे—जन्ममरण प्राप्ति चलिरहन्छ। मनुष्य शास्त्रज्ञ भैकन पनि तत्त्व-दर्शी हुन सक्दैन, ज्ञानवन्धुनै रहन्छ।

यसको कारण के हो ? प्राज्ञले जगत्को सृष्टि गरिहाल्छ। **जागरण हो सृष्टि; जाग्नु हो सृष्टि गर्नु। जगत्को सृष्टि कर्ता हो प्राज्ञ किम्वा सर्वज्ञ ईश्वर (सुषुप्तिको अभिमानी तिमी नै)।**

(२७) प्राज्ञरूप वीज जाग्रत्लाई (जाग्रत् अवस्थाको वीजलाई) नष्ट गरे भृगु झैं तत्त्वदर्शी भैकन मरणको डरबाट तिमी विनिर्मुक्त भैहाल्छौ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्राज्ञ यसरी तिमी तुरीय प्रत्यगात्मा भयौ। ज्ञानवन्धु-
प्रयोज- भावलाई छोडेर ज्ञानी भयौ। मनुष्य जन्म पाइकन तिमी
नीय श्रीगुरुको प्रसादले मरणरहित भयौ।

(२८) माया किम्वा अज्ञानद्वारा अन्नमय आदि सारा अनात्म वस्तु (कोष) कल्पित भएको छ। आनन्दमयकोषको अन्तर्गत हो प्राज्ञ। त्यो आनन्दमयकोषको अधिष्ठान—प्राज्ञ सहित आनन्दमयकोषको (सुषुप्ति अवस्थाको) जो साक्षी तुरीय प्रत्यगात्मा त्यो—हो आनन्दमयकोषको आन्तर। अर्थात् आनन्दमयकोषको पञ्चम अवयवरूप; आनन्दमयकोषको आधाररूप जो ब्रह्म हो त्यसबाट आनन्दमयकोष व्याप्त भैराखेको छ। त्यसकारण प्राज्ञलाई परित्याग गरीकन सुषुप्ति अवस्थाको साक्षीलाई आफ्नो स्वरूप भनी मुमुक्षुले जान्नुपर्छ।

कसरी ? सुषुप्ति अवस्थामा अनुभूत संपूर्ण जगत्को अभावलाई अनुभव गरीकन। कार्य नभए कारण पनि हुँदैन। यसरी अज्ञानको पनि निश्चित असत्ता जानीकन चित्त सारा वृत्तिबाट रहित हुन्छ। र त्यस्तो चित्तमा आफ्नो ब्रह्मस्वरूपताको अवश्यंभावीरूपले स्पष्ट अनुभव हुन्छ।

पहिले सुषुप्तिमा दृश्यको अभाव आपादन (प्राज्ञभाव प्राप्ति); र त्यसपछि विचारद्वारा सर्ववृत्तिरहित चित्तमा (अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्विकल्प समाधिमा) अभावको पनि अभाव निरीक्षण (प्रश्नोत्तर ३ हेर्नु) गर्नुपर्छ। यसरी सुषुप्तिको साक्षी तुरीय ब्रह्म नै हुन्छ। भृगु र इन्द्रले यसरी ब्रह्मज्ञान प्राप्त गरेका थिए। (तैत्तिरीय र छान्दोग्य उपनिषद्)।

विद्यारण्यले पञ्चदशीको तृप्तिदीप प्रकरणमा (श्लोक ६५ र ६६मा) भृगु र इन्द्रको अपरोक्ष ज्ञान प्राप्तिको कुरा उठाउनुभएको छ; किन्तु ज्ञान प्राप्तिको प्रणाली प्रदर्शन गर्न उहाँ समर्थ हुनु भएन।

आज तिमी भगवान् व्यासको कृपाले "शिव गीता", "सूत संहिता" आदि ग्रन्थमा प्रदर्शित यो सरल प्रणाली बुझीकन कृतार्थ भयौ।

साक्षी-साक्ष्यको अन्वय व्यतिरेक आलोचना बिना अवस्थात्रयबाट आत्माको विवेक सम्भव छैन। त्यसकारण अवस्थात्रय साक्षी तुरीय रूपले परिज्ञात हुन सक्दैन। अत्यन्त प्रयोजनीय यो अवस्थात्रयको विवेक पञ्चदशी ग्रन्थमा स्पष्टपूर्वक प्रदर्शित भएको छैन।

जगतको मिथ्यात्व निश्चय बिना ब्रह्मज्ञान उदित हुन सक्दैन; अहंकार, बुद्धि, मन, प्राण र इन्द्रिय, दृश्य र विनश्वर भएको हुनाले यिनीहरू तुच्छ वस्तु हुन्। स्थूल शरीर त हो क्षणभंगुर र अत्यन्त तुच्छ।

शास्त्रज्ञ पुरुषले पनि अनात्म चिन्तनको परिहार गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्दैन । जबसम्म मन निश्चल हुँदैन तबसम्म चित्तदेखि विविक्त आफ्नो ब्रह्मस्वरूपको अनुभव हुन सक्दैन ।

त्यसकारण साक्ष्यरूप अवस्थात्रयलाई स्पष्टरूपले जान्नुपर्दछ । जाग्रदादि अवस्थात्रयको ज्ञान हो अत्यन्त सीमित र भ्रमपूर्ण । साक्षीलाई अनुभव गर्नु हो यथार्थ ।

विशाल प्रासादमा अर्थात् ठूलो-ठूलो घरमा बसीकन धनी मानिसलाई जो नानाप्रकार विषयचिन्ता—कोटि-कोटि धनागमनको, सय-सय बिगाहा जमीन खरीद गर्ने, देश विदेश जाने, राजाबादशाह बन्ने जो-चिन्ता हुन्छ, त्यो हो केवल मनोरथमात्र, केवल चञ्चल चित्तको चिन्तन परम्परा । त्यसको शेष हुँदैन र त्यसको पूरण पनि हुँदैन । ठीक त्यस्तै अज्ञानी अविवेकी शास्त्रज्ञ पुरुषको पाँचकोषमा बसीकन नानाप्रकार कल्पित दृश्यको द्रष्टा बनीकन इष्ट अनिष्ट र इष्टानिष्ट दुवै मिथ्या विषयको अनुभव गर्नु पनि हो !

यो पञ्चकोषको स्वप्नदर्शनबाट चाँडै नै जाग्नुपर्दछ । यो स्वप्नदर्शन हो आगमापायी साक्षी भास्य । यसको सुस्पष्ट रूपले आलोचना गर्नु हो अत्यन्त आवश्यक । यो पञ्चदशी ग्रन्थमा दुर्लभ र ज्ञानकन्था ग्रन्थमा यो हो अत्यन्त सुलभ ।

जाग्रदादि तीन अवस्था हो पञ्चकोषको अन्तर्गत, यहाँ चित्रको सहाराबाट तीन अवस्था स्पष्टरूपले देखाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुमुक्षुको तीन अवस्था (तीन प्रकार अनुभव)

जाग्रत् अनुभव

विश्वले स्थूल विषयको अनुभव गर्छ। बुद्धि पूर्णरूपले विकास प्राप्त हुन्छ। इन्द्रियद्वारा शब्द, स्पर्श आदि स्थूल विषयको उपलब्धि हुन्छ। विषयहरूको ग्रहणबाट विषयमा आसक्ति हुन्छ; पुण्यपापद्वारा लिप्त हुन्छ। विश्वले स्थूल पदार्थको भोग गर्छ। विश्व हो द्रष्टा; बुद्धिको नाना वृत्ति हो दृश्य।

स्वप्न अनुभव

स्वप्नमा स्थूल शरीर र इन्द्रिय रहँदैन; मन रहन्छ र वासनावशात् मनोमय विषयमा परिणाम प्राप्त हुन्छ। **दृश्य र द्रष्टा दुवै मन नै हो।** त्यसकारण स्वप्नमा अन्ध पुरुष पनि देख्न सक्छ।

तैजस आफ्नो वासना अनुसार उद्भूत वासनालाई भोग्दछ। सूक्ष्म विषयहरूलाई देख्दछ। स्वप्नमा भासमान कर्म र सुख-दुःख हो मनोमय मात्र।

सुषुप्ति अनुभव

सुषुप्ति अवस्थामा मन पनि रहँदैन। मन भए गाढ निद्रा हुन सक्दैन। मन अज्ञानमा लय हुन्छ। अज्ञान आत्मादेखि भिन्न हैन। अज्ञान हो आत्मामा कल्पित। सुषुप्ति हो अज्ञात आत्मामा स्थिति।

मन नभएको हुनाले प्रमाताभाव पनि रहँदैन, किन्तु प्रमाताभाव नष्ट हुँदैन। सुषुप्तिमा जीव ब्रह्म हुन्छ। त्यसकारण ब्रह्मस्वरूपको सामान्य अनुभव र आनन्दको अज्ञानवृत्तिद्वारा अनुभव हुन्छ।

सुषुप्तिमा स्थूल विषय किम्वा सूक्ष्म विषय (वासना) रहँदैन; किन्तु दृश्य न रहे तापनि द्रष्टा रहन्छ। प्राज्ञ हो अपरिच्छिन्न दर्शी (सर्वज्ञ) सुषुप्तिमा दृश्यको अत्यन्त अभाव हुँदैन। दृश्यको सम्भावना रहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐले तुरीय अनुभव र मुक्त पुरुषको स्थिति (सुषुप्तिसित तुलनापूर्वक) देखाइन्छ :—

सुषुप्ति	तुरीय
सुषुप्तिमा दृश्यको अभाव हुन्छ; यो अविद्याकृत हैन, किन्तु स्वाभाविक हो ।	प्राज्ञ नभए पनि द्वैतको अदर्शन अव्याहत हुन्छ । कार्यको अभावले गर्दा कारण अज्ञानको सत्ता निश्चित् रूपले सिद्ध भएको हुनाले चित्त सर्ववृत्तिरहित भयो; र वृत्तिहीन चित्तमा ब्रह्म स्वतः प्रकट भयो ।
अज्ञात आत्माको स्थिति; दृश्यको सम्भावना ।	दृश्यको (द्वैत प्रपञ्चको) अत्यन्त अभाव सिद्ध भयो ।
अज्ञात ब्रह्म भएको हुनाले प्राज्ञ अज्ञानको (सुषुप्तिको) साक्षी हैन; किन्तु भोक्ता र केही पनि जान्दिनको साक्षी र सुषुप्तिको अन्तर्गत हो । प्रश्नोत्तर ३० हेर ।	

धेरै प्रयोजनीय

पञ्चदशीकार छन्दोबद्ध असंख्य मधुर श्लोकरचनामा पारदर्शी भए तापनि—अवस्थात्रयको स्पष्ट विवेकद्वारा—अवस्थात्रयको साक्षी तुरीय ब्रह्मस्वरूपको प्राप्तिको प्रणाली देखाउन समर्थ हुनु भएन । विद्यारण्यले पञ्चदश प्रकरणमा सुषुप्ति अवस्थाको स्पष्ट विवेचना गर्नु भएको छैन; सुषुप्ति अवस्था हो अरू दुई अवस्थाको बीज र केवल सुषुप्ति अवस्थामा मूल अज्ञान उपलब्ध हुन्छ । अरू दुई अवस्थाको (जगत्को) सृष्टिकर्ता को हो यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्रयोजनीय

पनि स्पष्ट विवेचन पञ्चदशी ग्रन्थमा उल्लिखित भएको छैन। आधिदैविक सृष्टिकर्तालाई माने ब्रह्मज्ञान कसलाई हुन्छ ? जो सुषुप्ति अवस्थामा रहँदैन, त्यो समाधि अवस्थामा कहाँबाट आउला ? वास्तवमा जो विश्व तैजस हो त्यो सुषुप्तिमा प्राज्ञ बन्दछ। समाधिमा तुरीय प्रत्यगात्मा बनिहाल्छ। यसरी अज्ञानयुक्त पुरुष नै अज्ञान-विनिर्मुक्त हुन सक्दछ। सुषुप्ति अवस्थालाई नजानेपछि आफ्नो प्राज्ञ-स्वरूप बुझ्नमा आउँदैन र सुषुप्तिमा आकाश आदि भूत (कार्य) नभएको हुनाले कारण अज्ञान पनि वास्तवमा छैन, यो जाग्रत्-कालीन विचारद्वारा निश्चित हुन्छ;

त्यस कारण अज्ञान (र त्यसको कार्य) हो आत्म-स्वरूपमा कल्पित यो सिद्ध हुन्छ। यसरी द्वैतको आत्यन्तिक अभाव निश्चित भएको हुनाले विचारक चित्त सर्ववृत्ति-रहित हुन्छ। परिणामले निश्चल चित्तमा मुमुक्षुको तुरीय निजी स्वरूप स्पष्टरूपले भासमान हुन्छ।

एक जीववादविना (सत्तैक्य स्वीकारविना) ब्रह्मज्ञान हुंन सक्दैन; सत्तैक्यवादको उल्लेख पञ्चदशी ग्रन्थमा छैन। "सृष्टि समीक्षा" "आनन्द तत्त्वमीमांसा" आदि ग्रन्थमा यसको स्पष्टी-करण मिल्छ। वर्तमान ग्रन्थमा पनि एक जीववाद प्राचूर्य हो सुस्पष्ट। "शिवगीता" "सूत संहिता" आदि ग्रन्थमा भगवान् व्यास प्रदर्शित सत्तैक्यवाद अनुसार मात्र ब्रह्मज्ञान उत्पन्न हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्छ। पञ्चदशी आदि ग्रन्थ हो यो निश्चित ज्ञानमार्गबाट धेरै टाढा अवस्थित।

मधुसूदन सरस्वतीको गीता टीकामा जस्तो गीतोक्त ज्ञान दुर्लभ हो; त्यस्तै पञ्चदशी ग्रन्थ हो वेदान्त सिद्धाञ्जनद्वारा अत्यन्त अस्पृष्ट।

यसप्रकार वेदान्तका व्याख्याताहरू ज्ञानी भए पनि तत्त्व-दर्शी हैनन्। यिनीहरूको ग्रन्थमा ज्ञानाभास छ, यथार्थ ज्ञान छैन। यथार्थ ज्ञानविना मुमुक्षु जन्ममरणबाट रहित हुन सक्दैन। यिनीहरूको ग्रन्थमा "ज्ञानवार्ता हो सुदुर्लभ"। "वेदान्तविज्ञानको प्रमाण हो आफ्नो अनुभूति"।

यो हो प्रणिधानयोग्य विषय : तिमी यो विषयमा साव-धान भएर अवस्थाचतुष्टयलाई स्पष्टरूपले अनुभव गर्न सक्छौ।

धेरै प्रयोजनीय

(२९) प्राज्ञलाई परित्याग गर्नु हो निश्चलीकृत चित्तमा स्वाभाविक रूपले सुषुप्तिको विलापनलाई अनुभव गर्नु। जस्तो स्पष्टरूपले प्रकाशित रज्जुमा सर्पको विलापन देखिन्छ; त्यस्तो स्पष्टभासमान आफ्नो ब्रह्मस्वरूपमा सुषुप्तिको सम्यक् विलय मुमुक्षुले अनुभव गर्छ। सर्प जस्तो हिंडेर जाँदैन, त्यस्तो सुषुप्ति पहिले थियो ऐले गैहाल्यो यसप्रकार अनुभव हुँदैन। त्यसकारण ज्ञानवान्-को फेरि जागरण र फेरि सुषुप्ति वास्तवमा प्राप्त हुँदैन। किनकि जाग्रत् अवस्थाको बीज नष्ट भैहाल्यो (फेरि जागरण किम्वा सुषुप्ति हुन सक्दैन)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घेरै प्रयोजनीय

मायाद्वारा ज्ञानीको जागरण स्वप्न र सुषुप्ति दृष्ट हुन्छ । यो हो अज्ञानीको दृष्टि । अज्ञानीले मायिक व्यवहारलाई सत्य भनी जान्दछ । यसरी ज्ञानीको मायिक मरण पनि देखिन्छ ।

मायावी पुरुषद्वारा कल्पित हात्ती र मायावी पुरुषको त्यसमा आरोहण र गमन देखिए तापनि सत्य हैन । त्यस्तै ज्ञानीको जाग्रत्व्यवहार, स्वप्न, सुषुप्ति, सुख-दुःखको भोग र मरण आदि देखिन्छ तापनि त्यो हो मिथ्या ।

ज्ञानवानको शरीर रहनुसम्म मायाको कार्य विद्यमान रहन्छ । ज्ञानी त्यसलाई मिथ्या भनी जान्नुहुन्छ । अज्ञानी त्यसलाई सत्य भनी मान्दछ ।

(३०) माया र अज्ञान हो पर्याय शब्द; त्यसको स्वरूप अव्यवहित पहिलेको उत्तरमा देखाइएको छ ।

अज्ञाननिरसनको युक्ति अव्यवहित पूर्व दुई उत्तरमा प्रदर्शित भएको छ । त्यहाँबाट फेरि देखिलिनु ।

ऐले ब्रह्मज्ञानको उत्पत्तिको संक्षिप्त क्रम देखाइन्छ ।

चित्तको परिणामलाई विकार किम्वा वृत्ति भनेको छ । दृश्य र द्रष्टा हो चित्तको वृत्तिमात्र । दृश्य र द्रष्टा किम्वा दृश्यरहित द्रष्टा (दृश्याभावको द्रष्टा) हो वृत्ति (यथा क्रमले चित्तको र अज्ञानको; शुद्ध सत्त्वलाई अज्ञान भनेको छ) । यसरी कोषपञ्चक हो केवल वृत्तिरूप ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्रयोज-नीय

प्राज्ञ (सर्वज्ञ) हो आनन्दमयकोषको अन्तर्गत; त्यसको भिन्न अवस्थित (आनन्दमयकोषदेखि आन्तर) वस्तु हो वृत्तिको अधिष्ठान (प्राज्ञको साक्षी), सारा वृत्ति-रहित तुरीय प्रत्यगात्मा (ब्रह्म)। ब्रह्मको अनुभव स्वतः हुन्छ। वृत्तिगम्य नभए पनि सर्ववृत्तिरहित चित्तमा ब्रह्म आविर्भूत हुन्छ ("म हुँ ब्रह्म" यसरी स्पष्ट प्रकाशित हुन्छ) ब्रह्मस्वरूपलाई कुनै वृत्तिद्वारा जान्नु सम्भव छैन। ब्रह्म ब्रह्माकार वृत्तिमा स्वतः भासमान हुन्छ।

(क) कोष हो वृत्तिरूप; (ख) कोषको आन्तर वस्तु हो साक्षी, जसमा कुनै वृत्ति रहँदैन। वृत्तिगम्य नभए पनि त्यो हो अनुभवगम्य (त्यसको स्वतः अनुभव हुन्छ; वृत्ति-रहित चित्तमा त्यो स्पष्टरूपले प्रकाशित हुन्छ)। यसैलाई ब्रह्म-ज्ञान भनेको छ। यसको फलले मुमुक्षु मुक्त हुन्छ।

सबैलाई ब्रह्मज्ञान किन हुन सक्दैन? संसारी मनुष्य सर्वदा कल्पना गरिरहन्छ (संकल्प गरिरहन्छ र वृत्ति उठाइरहन्छ); परिणामले कल्पित धारणालाई सत्य भनी मान्दछ (कल्पनालाई सत्य भनी विश्वास गर्दछ) र परमार्थ सत्य तुरीय साक्षी स्वरूपलाई देख्न सक्दैन (बुझ्न सक्दैन)।

केवल गुरु र वेदान्तको वाक्यलाई अवलम्बन गरे कल्पना-लाई मिथ्या भनी बुझ्न सकिन्छ। जो अतीत, वर्तमान र भविष्य-मा रहँदैन त्यो सारा हो कल्पित वस्तु; जो हो आगमापायी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF .

धेरै प्रयोजनीय

भावाभावरूप र चित्तवृत्तिरूप (अज्ञानवृत्तिरूप)। त्यो प्रतीत भए तापनि मिथ्या भनी सिद्ध हुन्छ। यो केवल वेदान्तबाट जान्नमा आउँछ; अरू कुनै उपायले यो जान्न सकिदैन। उत्तम मुमुक्षु वेदान्तवाक्यमा श्रद्धा गर्दछ र जाग्रदादि अवस्थाको सारा वृत्तिरूप अनुभवलाई मिथ्या जानेर परित्याग गर्छ। त्यसकारण उत्तम मुमुक्षु पुरुषका लागि ब्रह्मज्ञान सजिलोसित प्राप्त हुन्छ।

परिशेषमा चित्रको सहाराले यत्नविना ब्रह्मज्ञान देखाइन्छ :—

शान्तमूर्ति हस्तामलक आचार्यको ब्रह्म-ज्ञान प्राप्ति

आनन्दमय आदि पाँचकोषको सम्पूर्ण अनुभव हो वृत्तिरूप र मिथ्या, यसप्रकार श्रद्धापूर्वक निश्चय।	विश्व आदि तीनको अपेक्षाले तुरीय, विश्वादि सहित तीन अवस्थाको साक्षी हो सर्ववृत्ति-रहित। प्राज्ञको साक्षी हो आनन्दमय कोषको अधिष्ठान ब्रह्म प्राज्ञको परित्यागले अधिष्ठान ब्रह्म स्वयं अनुभूत हुन्छ।	प्राज्ञको विलापन (क्रमिक रूपले स्वतः मैराखेको छ, यसप्रकार जान्नु पर्छ) तिमी अनुभव गर। तिम्रो चित्त सजिलोसित नै सारा वृत्तिबाट रहित भयो र त्यो अचल चित्तमा ब्रह्म प्रकट भयो। उत्तम अधिकारी तिम्रो अल्प समयमा नै ब्रह्मज्ञान भयो। वस्तुस्थिति राम्ररी जानेर तिमी बुझिहाल्यौ र एकक्षण ध्यानमग्न भए र द्वितीय क्षणमा समाहित चित्तमा तिमी तिम्रो आफ्नो ब्रह्मस्वरूपलाई साक्षात् अनुभव गऱ्यौ। आधुनिकजनक झैं तिमीलाई पनि गुरु कृपाले ब्रह्मज्ञान प्राप्त भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानको दृढताका लागि फेरि सुनः तिमीमाथि अशेष कृपा गरीकन बताउँछु :—

सुषुप्ति अवस्थाको स्पष्ट परिज्ञान बिना सुषुप्तिबाट आत्मस्वरूपको विवेक सम्भव छैन। विवेक नभए सुषुप्तिको साक्षी तुरीय प्रत्यगात्माको साक्षात्कार हुन सक्दैन।

सुषुप्तिको भित्र जाग्रत् र स्वप्न निहित भएको छ; जाग्रत् र स्वप्न सुषुप्तिमा हराउँछ र फेरि मानिस सुषुप्तिबाट उठिहाल्छ। यो "सुषुप्ति र सृष्टि" ग्रन्थमा देखाइएको छ।

सुषुप्तिको विचारको भित्र ब्रह्मज्ञान निहित भैराखेको छ। सुषुप्तिको विचार हो ब्रह्मज्ञानको नान्तरीयक साधन। सुषुप्तिको विचारबाटमात्र ब्रह्मज्ञान सम्भव हुन्छ। ब्रह्मज्ञानको अरू कुनै उपाय छैन। यो हो वेदको सिद्धान्त। तिम्रो स्वरूप सुनः जाग्रत् र स्वप्न हो तिम्रो आठपहरिया-स्वरूप। आठपहरिया मानिस दिन भरी त सरकारी काम गर्छ तर जब साँझ घर जान्छ तब त्यो आठपहरिया रहँदैन। त्यसले धेरै हिस्सामा आफ्नो वास्तव स्वतन्त्र स्वरूपलाई प्राप्त गर्दछ। यसप्रकार स्थिति हो सुषुप्ति अवस्थाको सदृश (बराबर)। किनकि आठपहरिया स्वरूप फेरि प्राप्त हुन्छ (जस्तो सुषुप्तिबाट फेरि जाग्रत् हुन्छ)। पहिलेको अवस्थाको फेरि प्राप्ति (पूर्वावस्थाको सम्भावना) हो प्रच्छन्न आफ्नो वास्तव स्वरूप।

त्यसकारण अज्ञानयुक्त प्राज्ञस्वरूपलाई जाग्रत्‌को सृष्टिकर्ता भनिएको छ। सुषुप्ति हो सृष्टिको बीज। जबसम्म अज्ञानविनिर्मुक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो ब्रह्मस्वरूप प्राप्त हुँदैन तबसम्म जन्म-मरण चक्र झैं घुमिरहन्छ। त्यसकारण प्रच्छन्न आफ्नो स्वरूपलाई परित्याग गरीकन सारा आच्छादनबाट रहित आफ्नो पूर्ण स्वतन्त्र ब्रह्मानन्द स्वरूपलाई प्राप्त गर्नुपर्दछ।

यो हो आठपहरियाको सरकारी कामबाट मुक्ति प्राप्ति। यसरी विश्व र तैजस तिमी हो बिलकुलै लुकेको मान्छे। प्राज्ञ तिमी हो अलिकतिमात्र लुकेको मान्छे। सुषुप्तिको (अज्ञानको) साक्षी तिमी हो जस्ताको तस्तो (अलिकति पनि नलुकेको) मान्छे। तिमी केवल सोपाधिक हैन; तिमी हो वास्तवमा निरुपाधिक ब्रह्म वस्तु।

आठपहरिया घरमा बस्दा घरको मान्छे हुन्छ; पछि फेरि आठपहरिया हुन्छ। सरकारी कामबाट सदा कालका लागि छुट्टी मिलेपछि सधैं घरको मान्छे हुंन्छ। त्यसकारण अज्ञान विनिर्मुक्त ब्रह्मस्वरूपलाई सृष्टिकर्ता र मुक्तिकर्ता भनेको छ।

सृष्टिकर्ता र मुक्तिकर्ता हो एक अद्वितीय वस्तु (ब्रह्म)। ब्रह्म नै इन्द्रियपूर्वक बुद्धियुक्त विश्व हुन्छ। वासनापूर्वक मनयुक्त तैजस हुन्छ। पछि अज्ञानयुक्त प्राज्ञ बन्दछ र सारा नाटकको अन्तमा फेरि अज्ञानयुक्त ब्रह्म हुन्छ। अज्ञानयुक्त रहनुसम्म सृष्टिकर्ता भैरहन्छ।

ब्रह्मव्यतिरिक्त अरू कोही किम्वा केही पनि छंन। यो हो वेदको सिद्धान्त।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीताको वचन (९।२) हो यथार्थ। वृत्तिपरित्यागको लागि वृत्तिको साक्षीलाई जान्नुपर्दछ। साक्षीमा वृत्ति रहँदैन। यसरी वृत्तिको अभाव पनि रहँदैन। **यसरी साक्षी सारा विकल्प र त्यसको मूल अज्ञानबाट रहित भयो। अज्ञान हो सत्वप्रधान चित्त। मूलसहित वृत्ति साक्षीमा स्वतः विलापित भयो। यो बुझेर यसको अनुभव गर्नुपर्दछ। अर्थात् साक्षीरूप ममा चित्तको सात्विक वृत्ति पनि बस्न पाएन।** सत्त्वप्रधान चित्त किम्वा अज्ञानको परिहार भयो। **ठीक जस्तो प्रकाशमा सम्पूर्ण सर्पको रज्जुमा विलय स्वतः अनुभूत हुन्छ। सर्पको अभाव पनि रहँदैन (रज्जुमा सर्पको अभाव छैन) त्यस्तै साक्षीमा साक्ष्यको गन्ध (सत्त्वप्रधान चित्त किम्वा अज्ञान) पनि रहँदैन।** साक्षी तुरीय ब्रह्म बनिहाल्छ। **यसैलाई सर्वविकल्प-रहित ब्रह्मस्वरूपमा साक्षीको विलापन किम्वा ब्रह्मसित साक्षी-को एकीकरण भनेको छ। मन जब वृत्तिहीन हुन्छ तबमात्र क्षेत्रज्ञ र परमात्माको एकीकरण हुन्छ, यसप्रकार भगवान् मनुले भन्नु-भएको छ। मन वास्तवमा सारा समयमा नै वृत्तिहीन हो (विषय-को आरोप हो मिथ्या)। त्यसकारण मन ब्रह्मदेखि भिन्न हैन;** "सारा हो ब्रह्म", यो हो वेदको निर्घोष। श्रद्धालु पुरुषले यसलाई कहिल्यै पनि बिर्सदैन।

यसरी यो स्पष्ट भयो कि ब्रह्मज्ञानमा कुनै यत्न अपेक्षित छैन। मुमुक्षु पुरुष सर्वदा अवहितचित्त भैरहन्छ। **सावधान हुनु हो योग; तबमात्र स्वरूपसित जुट्नु सम्भव हुन्छ। परिणामले परमार्थयोग (ब्रह्मानुभव) सम्भव भयो।**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्यत्र पनि भनेको छ :—

जो कुछ देखिन्छ, जुन कुराको बारेमा चिन्ता गरिन्छ, जो कुनै कुरा हुन्छ, जे घट्छ, यो सारा अवस्थामा निर्विकार रहने सहज उपाय शास्त्रमा उपदिष्ट भएको छ।

जस्तै घट माटोदेखि अलग हैन, किन्तु घट हो माटोरूप; त्यस्तै सारा कार्य हो कारणरूप। त्यसैले दुःख, चिन्ता, भय यो सारा चित्तवृत्ति (कार्यरूप भएको हुनाले) कारण अज्ञानदेखि भिन्न हैन। यसरी सारा द्वैत प्रपञ्चलाई अज्ञान रूप भनी जानेपछि कुनै द्वैत प्रपञ्च रहन पाएन; किनकि कारणमा कार्यरूपता छैन। कार्यको जब अभाव भयो, तब कारणभाव पनि रहन पाएन। यसरी द्वैत प्रपञ्चरूप कार्य नभएको हुनाले त्यसको कारणरूप अज्ञान पनि रहन पाएन। परिणामले चित्त सर्ववृत्तिरहित भयो।

सारा वृत्ति किम्वा विकार यसरी सजिलोसित नै नष्ट भैहाल्छ। पहिले विकार देख्नमा आयो। त्यो विकार छैन। त्यो हो केवल अज्ञान (आत्मस्वरूपलाई नजान्नुमात्र) यसप्रकार बुझ्नु। त्यसो भए सारा विकार नष्ट भयो। विकार नभए त्यसको कारण अज्ञान पनि नष्ट भयो। पुत्र नभए पिता रहँदैन; पुत्रको नै त पिता हुन्छ। यसरी कार्य र कारणभाव दुवै नष्ट भए सारा उपाधिवर्जित तिमी नै (तिम्रो आफ्नो सनातन निरुपाधि ब्रह्म स्वरूप नै) परिशिष्ट भयो। तिम्रो आफ्नो स्वरूपको कहिल्यै पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्याख्यान हुन सक्दैन। "म छैन" यसप्रकार कहिल्यै पनि कसैलाई पनि अनुभव हुन सक्दैन।

कुरा हो तीन (१) भ्रमले विज्ञानमयकोषमा स्थित कर्ता भावलाई स्वीकार गरेको थिएँ, तर म वास्तवमा कर्ता हैन।

त्यसो भए म कर्ताको साक्षी हुँ कि? म आनन्दको भोक्ता हुँ कि? यदि हैन त कसरी हैन? म कसरी विज्ञाताको साक्षी हुन सक्ने? विज्ञाता हो कल्पित वस्तु (साभास चित्तको सात्विक वृत्तिरूप भएको हुनाले)। जब म विज्ञाताको सापेक्ष साक्षी सुखको भोक्ता हुन पाइन तब म तीन अवस्थादेखि अतीत, तीन अवस्थाको प्रकाशकताद्वारा लक्षित तुरीय ब्रह्म वस्तु हुँ। यसरी साक्षीभावको सजिलोसित निराकरणपूर्वक तुरीय ब्रह्मरूप सर्वनिरपेक्ष साक्षी वस्तु हुँ म, यो सिद्ध भयो।

यसरी विज्ञाता हो विज्ञानमयकोषमा स्थित; विज्ञाताको साक्षी आनन्दको भोक्ता; र तुरीय ब्रह्म (आनन्दमयकोषको अधिष्ठान अद्वितीय सुखरूप ब्रह्म (कोषातीत वस्तु)।

ऐले विज्ञानमयकोष, आनन्दमयकोष र ती दुई कोषको आन्तर वस्तुको स्पष्ट निरूपण गरिन्छ:

(क) विज्ञानमयकोष—

(१) बुद्धिको तीन प्रकार वृत्ति-कर्ता, क्रिया, कर्म;

(२) त्रिपुटीको साक्षी, त्रिपुटीसित मिलेको र विज्ञानमयकोषको अन्तर्गत। अर्थात् सम्पूर्ण विज्ञानमयकोष हो साभास बुद्धिको त्रिपुटी (तैजस)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) बुद्धिको त्रिपुटीदेखि रहित, वृत्तियुक्त बुद्धिद्वारा असंस्पृष्ट (अर्थात् विज्ञानमयकोषको अन्तर्गत हैन) साक्षी चैतन्य ।

(क) आनन्दमयकोष—

(१) अज्ञानको तीन प्रकार वृत्ति; अज्ञानाकार, सुखाकार र साक्षी आकार ।

(२) त्रिपुटीको साक्षी, त्रिपुटीसित मिलेको, आनन्दमयकोषको अन्तर्गत अर्थात् सम्पूर्ण आनन्दमयकोष हो साभास अज्ञानको त्रिपुटी (प्राज्ञ) ।

(ख) अज्ञानको त्रिपुटीदेखि रहित वृत्तियुक्त अज्ञानद्वारा (प्राज्ञभावद्वारा) असंस्पृष्ट अर्थात् आनन्दममकोषको अन्तर्गत हैन किन्तु आनन्दमयकोषको व्यापक आनन्दमयकोषको आन्तर तुरीय प्रत्यगात्मा (ब्रह्म) ।

अज्ञानसित आत्माको अध्यास पहिले हुंन्छ; र त्यसपछि अज्ञानको कार्य जो अन्तःकरण हो त्योसित पनि आत्माको अध्यास हुन्छ। यो चित्रद्वारा तल स्पष्टरूपले देखाइन्छ—

सर्वप्रथम परमार्थ सत्य वस्तु एक अद्वितीय ब्रह्ममात्र विराजमान थियो तापनि त्यसबाट प्रच्युतिको फलरूपले ईश्वर जीव र जगत्भाव बन्न आयो। तलको चित्रमा यो च्युति क्रमिकरूपले प्रदर्शित भएको छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिला चित्र

ब्रह्म

↓

प्राज्ञ (अज्ञानसित युक्त ब्रह्म; यसैलाई आनन्दमयकोष भनेको छ। अज्ञान आत्मादेखि पृथक् नभएको हुनाले; अर्थात् अज्ञानको कार्य खडा न भएको हुनाले—"म अज्ञानी हुँ" यसप्रकार प्रतीति नभएको हुनाले—अज्ञान कार्यकर भएन। अज्ञानले आत्मालाई अज्ञानी तुल्याउन सकेन। त्यसैले ब्रह्मानन्दको सामान्यरूपले अनुभव सम्भव भयो)।

↓

तैजस (अन्तःकरणसित युक्त ब्रह्म, यसैलाई प्राणमय, मनोमय र विज्ञानमयकोष भनेको छ)।

↓

विश्व (स्थूल शरीर र इन्द्रियसित युक्त तैजस; यसैलाई अन्नमयकोष भनेको छ)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस्रो चित्र

ब्रह्म

↓

आनन्दमयकोष

(प्राज्ञले आनन्दको अनुभव गर्छ)

↓

विज्ञानमयकोष

(विज्ञाताले नानाप्रकारको निश्चित ज्ञान प्राप्त गरिरहन्छ)

↓

मनोमयकोष

(तैजस पुरुषले नाना कुरा सामान्यरूपले जानिराख्दछ; "म जान्दछु" यसको अभिव्यक्ति यो कोषमा हुन्छ)

↓

प्राणमयकोष

(प्राणी "म बाँचिराखेको छु" भनी अनुभव गर्छ)

↓

अन्नमयकोष

(जीव "म मनुष्य हुँ" यसप्रकार जान्दछ)

सरल कुरा यो हो कि "मन्मना भव मद्भक्तः" आदि उपदेशद्वारा हामीहरूबाट भैराखेको शरीर, इन्द्रिय मन र बुद्धिको सम्पूर्ण चेष्टा (मनन परम्परा) निश्चितरूपले अभाव प्राप्त भए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो चित्त सर्ववृत्तिरहित बनिहाल्छ (यो हो पूर्णरूपले हामीबाट नित्य निरन्तर ईश्वरलाई ग्रहण गर्नु); त्यसपछि त्यो ब्रह्माकार वृत्तिमा ब्रह्म स्वतः आविर्भूत हुन्छ (यो हो ईश्वरको अनुग्रह)।

अनुग्रहको लक्षण र अन्तिम फल के हो ? "मन्मना" र "मद्भक्तः" भए हामीहरूको देहादिको सम्पूर्ण चेष्टा परमात्मा-परक भैराखेको (हुनाले हामीबाट नित्य निरन्तर अभ्यासवशात् परमात्माको चिन्तन भैराखेको हुनाले) हाम्रो चित्तमा यो जन्म-मा किम्वा आगामी जन्ममा अद्वैतवासना बनिहाल्छ। फलरूपले अद्वैतवासनाले आफ्नो प्रतापले हाम्रो निम्ति श्रवण, मनन, निदि-ध्यासन, सविकल्प समाधि र निर्विकल्प समाधिलाई प्राप्त गरा-उँछ। यसरी क्रमिकरूपले र निश्चितरूपले ब्रह्मस्वरूपको स्पष्ट अनुभव हुन्छ। यो बाहेक अरू कुनै प्रकारले ब्रह्मज्ञान उत्पन्न हुन सक्दैन। भृगु र इन्द्रले पनि यसरी ब्रह्मज्ञान प्राप्त गर्नुभएको थियो।

यसरी चित्तलाई वृत्तिरहित तुल्याउन दुई उपाय गीता आदि शास्त्रमा बताइएको छ :—

(१) ईश्वर भक्ति र

(२) (कारण कार्यभावको) विचार

यो दुवै साधन वर्तमान ग्रन्थमा प्रतिपादित भयो।

□

नोट :—प्रश्नावली [१७] को उत्तरलाई परिशिष्ट ८ हेर्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूचीपत्र

विषय	पृष्ठ	स्थान
प्रस्तावना		
अन्तिम प्रमा	३	तल
वृत्तिहीन मनरूप आँखा	१	बीच
सिद्धाञ्जन	१	तल
सुषुप्ति र अज्ञान	२	माथि
सुषुप्तिकालीन संशयरहित अनुभव	२	बीच
सुषुप्तिको विचारद्वारा सम्यक् ज्ञान	२	तल
सृष्ट जगत्‌मा जीवरूपले प्रवेश	२	तल
सुषुप्ति अवस्था हो स्वाभाविक स्थितिको द्योतक	३	बीच
प्रथम अध्याय		
अज्ञान-स्वरूपको प्रमाद	१३	टि० ७
आनन्दमय हो सुषुप्ति अवस्था	८	तल
आत्मस्वरूपको परोक्ष ज्ञान प्राप्ति	९	माथि
आत्मा-ईश्वरको साक्षात्कार	१०	,,
ईश्वर दर्शन	७	बीच
ईश्वर साक्षात्कार	७	तल
ईश्वर निर्भरता	९	तल
ईश्वर हुनुहुन्छ कर्ता र कारयिता	१०	माथि
गौण म भाव	१३	टि० ७
जाग्रत्‌बाट जाग्नुको अर्थ	११	टि० ४
त्वंपदार्थको शोधनको उपाय	९	बीच
तत्पदार्थ	९	तल
तत्पदार्थको शोधनको फल हो ब्रह्मसाक्षात्कार	१०	बीच
तृतीय ज्ञानभूमिका-सविकल्प समाधि	१०	तल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पृष्ठ	स्थान
तृतीय ज्ञानभूमिकामा संसारको तुच्छता हुन्छ		
नष्टता हुँदैन	११	तल
ध्यानावस्था	८	वीच
निर्गुण भक्त	८	माथि
निर्विकल्प समाधि चतुर्थी ज्ञानभूमिका	९	वीच
प्रवृत्ति परायण र निवृत्ति परायण	७	माथि
परोक्ष ज्ञान	८	माथि
परोक्ष ज्ञान र अपरोक्ष ज्ञान	१०	वीच
ब्रह्मसाक्षात्कार हो ईश्वर साक्षात्कारको दृढता	९	वीच
ब्रह्मस्वपरूको प्रमादको फल	१२	माथि
वन्धन	१२	तल
भगवदाकार वृत्तिप्रवाहको उत्पत्ति	८	माथि
भावना अनुसार सिद्धि	१३	माथि
मलिन सत्वगुणयुक्त चैतन्य जीव	८	तल
म भावको लक्षण	१३	टि० ७
मुख्य समष्टि अहंकार	१३	टि० ७
मुक्ति	१२	तल
वृत्तियुक्त चित्त	८	माथि
वासनाको फल	१३	टि० ७
शुद्ध सत्वयुक्त चित्त	७	तल
शुद्ध सत्वगुणयुक्त चैतन्य	८	वीच
सम्यक् ज्ञानवाट सुषुप्तिको उल्लंघन	७	माथि
सविकल्प समाधि दशा	७	वीच
सुषुप्तिमा आनन्दको अनुभव	७	तल
सविकल्प समाधि	८	वीच

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पृष्ठ	स्थान
सारा विषयको अभाव देख्नु	८	तल
संकल्प राहित्यको फल	१३	टि० ७
द्वितीय अध्याय		
अन्वय व्यतिरेक	१८	तल
आत्माको द्रष्टा र दृश्यरूपले विवेचन	१९	बीच
आत्मा हो साराको द्रष्टा	२१	तल
आत्मा हो अदृष्ट द्रष्टा	२२	टि० १३
आत्मा ज्ञेय हैन	२२	तल
आत्मा ज्ञात हुन्छ	२३	तल
आत्मा हो सर्वदा मरूपले प्रकाशित	२३	तल
आत्मामा कुनै ज्ञान र अज्ञान छैन	२४	बीच
ईश्वर साक्षात्कार—निर्गुण उपासना	१५	तल
उपाशना	१५	बीच
कृतोपास्ति पुरुष	१५	तल
चित्तको एकाग्रता	१५	माथि
जागरण	१८	तल
ज्ञान हो अखण्ड वस्तु	१७	माथि
तुरीय र नित्य ज्ञानस्वरूप	१८	बीच
निदिध्यासन	१७	टि० ९
पुण्यकर्म	१५	बीच
पारमार्थिक सत्यवस्तु	१७	बीच
प्राज्ञ	१९	माथि
ब्रह्म साक्षात्कार	२३	बीच
मनको सात्विक वृत्ति	१७	तल
मूलाज्ञान	२०	टि० ११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पृष्ठ	स्थान
म मेरो भावको परित्याग	२४	तल
विपरीत भावना	१५	माथि
शिव स्वरूपको प्राप्ति	१६	बीच
स्वप्न	१८	तल
सुषुप्ति	१६	माथि
सुषुप्ति-अज्ञानको परित्याग	२०	तल
तृतीय अध्याय		
आत्माकार र विषयाकार बुद्धिवृत्तिको निरसन	२८	बीच
आत्मा कहीं पनि जाँदैन र आउँदैन	३०	बीच
जाग्रत्, स्वप्न र सुषुप्ति	३०	तल
तुरीयातीत स्थिति	३२	तल
परम हंस	२७	तल
प्रसन्न चित्त	२८	माथि
ब्रह्मज्ञान हो ब्रह्मस्वरूपको उपलक्षण	२८	बीच
मनको ब्रह्मरूपले स्थिति	२७	माथि
सर्वात्मभावको उदय	२९	बीच
चतुर्थ अध्याय		
अवस्थात्रय हो त्याज्य	४१	तल
अज्ञान हो तीन अवस्थाको तमोमय बीज	४१	टि० २५
आत्मामा कुनै धर्म छैन	३६	तल
आवरणको नाश	३६	टि० २४
ज्ञानेन्द्रिय	३४	माथि
त्रिपुटीको मिथ्यात्व	३९	बीच
ध्यान किम्वा निदिध्यासन	४०	बीच
नान्तरीयक तथा ब्रह्माकार वृत्ति	४०	माथि
निर्विकल्प समाधि	४०	तल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पृष्ठ	स्थान
प्रमाता चेतन र विषय चेतन	३४	तल
प्रकाशक आत्मा हो प्रकाश्य बुद्धिवृत्तिदेखि पृथक	३६	माथि
ब्रह्मसाक्षात्कार	३८	तल
मन-एकादश इन्द्रिय	३५	वीच
महावाक्यबाट ज्ञान	४२	तल
स्थूल शरीर	३३	वीच
सुषुप्तिको परित्याग	४१	वीच
पञ्चम अध्याय		
अविद्या	४५	माथि
अवान्तर वाक्य	४५	वीच
अज्ञानको विवेकको फल	४८	माथि
अज्ञान स्वतन्त्र हैन	५०	टि० ३४
आत्मा हो शब्दको अगोचर	४३	वीच
आत्माको स्वयं प्रकाशता	४३	तल
आत्मलाभ	४५	माथि
आत्मैक्य ज्ञान	४९	वीच
आत्मा बुद्धि ग्राह्य	५२	माथि
आत्मा को ज्ञान स्वरूपता	५३	माथि
आत्मा हो नित्य अपरोक्ष र निर्विकार	५३	वीच
कर्मकाण्ड हो चित्त शुद्धिको हेतु	४५	बीच
गुरु भक्ति हो विद्या प्राप्तिको अन्तरङ्ग साधन	४४	बीच
जगत्को आत्मस्वरूपता	४५	तल
त्वंपदार्थ हो तत्पदार्थको स्वरूप	४३	तल
तत्त्वम् असि महावाक्य	४५	बीच
तीन प्रकारको दृश्य	४९	तल
देवता भक्ति	४३	माथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पृष्ठ	स्थान
पद वाक्य प्रमाण	४४	तल
ब्रह्मस्वरूपको साक्षात्कार	५२	टि० ३५
भेद ज्ञान हो अज्ञान	४९	बीच
मनको स्थिरता-परम धर्म	४९	बीच
विश्व, तैजस र प्राज्ञको मिथ्यात्व	५१	बीच
सर्वदृक्	४४	माथि
सुखरूप सुषुप्तिको दीर्घकाल चिन्तन	४८	बीच
षष्ठ अध्याय		
अज्ञानको स्वरूप	६०	टि० ४५
आत्म स्वरूपमा प्रीति गर्नुपर्छ	५६	तल
चार प्रकारको कर्म	५६	बीच
विविदिषा	५५	बीच
स्थूल उपाधि हो केवल वासनारूप स्वप्नमात्र	६०	माथि
सप्तम अध्याय		
अमा आदि नाम	७६	बीच
आत्मस्वरूपमा स्थित रहनु हो उत्तम मौन	७१	माथि
चिज्जड ग्रन्थि	६५	टि० ४९
परम शान्ति	६५	टि० ५०
प्रणव र यसका मात्राहरू	७७	बीच
भूमानन्दको अनुभव	७७	बीच
सत्व प्राप्ति	६७	टि० ५३
सौषुप्तिक समाधि, तुरीय समाधि र तुरीयातीत समाधि	७२	माथि
सारा मंगलको भित्र प्रधान मंगल	७७	माथि
परिशिष्ट		
अद्वैत संस्था हो एकरूप नै	८५	तल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पृष्ठ	स्थान
अज्ञानको सात विभाग	९०	तल
आत्मस्वरूपमा अग्रहण र अन्यथा ग्रहण छैन	८२	माथि
निर्विकल्प समाधिको अभ्यास	८९	वीच
ब्रह्मस्वरूपको स्पष्ट अनुभव	८७	वीच
प्रश्नोत्तर		
अज्ञात आत्मा हो प्राज्ञ	११२	माथि
अज्ञान हो सत्वप्रधान चित्त	१२८	माथि
अद्वैत वासना	१३४	वीच
आत्मा र प्रमाता	९७	वीच
आत्मस्वरूपको अनुभवको ठाउँ	९९	वीच
आत्म ध्यान	१०३	वीच
आनन्द हो जीवको स्वभाव	१०४	माथि
आनन्दमय कोषको पञ्चम अवयव	११६	वीच
इच्छारहित मानिस शान्त भएर रहन्छ	९७	तल
ईश्वर, जीव र जगत्	११०	माथि
उत्तम मुमुक्षु	१२५	माथि
एक जीववाद (सत्तैकवाद)	१२१	तल
कल्पित जगत् हो ब्रह्मस्वरूप	१००	माथि
कोष हो वृत्तिरूप	१२४	वीच
कार्य-कारणको आपेक्षिक सम्बन्ध	१२९	वीच
ग्राहक ग्राह्यभाव	१००	वीच
चित्तसित सम्बन्ध हो दुई प्रकार	१०४	वीच
जाग्रत् अनुभव, स्वप्न अनुभव र सुषुप्ति अनुभव	११९	वीच
ज्ञानवान् पुरुषको अनुभव	१०१	वीच

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पृष्ठ	स्थान
तेजमा अभिव्यक्त भएकोले आत्मालाई तैजस भनेको छ	१०६	तल
द्रष्टा र दृश्य भाव	१०८	बीच
ध्यानको परित्याग	१०३	तल
निद्राको विश्लेषण	१११	माथि
प्रारब्ध, नियति एवं ईश्वरको संकल्प	१०२	बीच
प्रमाताको शोधन	१०५	माथि
प्राज्ञको परित्याग	१२२	तल
परमार्थ योग	१२८	तल
ब्रह्मानन्दको सुस्पष्ट अनुभव	१०१	माथि
ब्रह्मस्वरूप बाट च्युतिको क्रम	१३२	माथि
मन्मना भव मद्भक्त	१३३	तल
व्यष्टि प्राज्ञ	११२	माथि
श्रीगुरुदेवको कृपाले अन्तिम प्रमा प्राप्ति	१०५	तल
सात्विक सुखको परित्याग	१०३	तल
साक्षी आत्मा	१०४	तल
सुषुप्ति अवस्था	११२	माथि
स्वप्नमा आनन्दको भोग हुन्छ	११२	माथि
सुषुप्तिमा आनन्दको अनुभव हुन्छ	११२	माथि
सुषुप्ति र समाधिको पार्थक्य	११३	माथि
सुषुप्ति र तुरीयको पार्थक्य	१२०	माथि
सुषुप्तिमा कारण अज्ञानको अभाव	११६	तल
सुषुप्तिको विचार हो ब्रह्मज्ञानको नान्तरीयक साधन	१२६	बीच
सुषुप्ति हो सृष्टिको बीज	१२६	तल

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री जगतलाल श्रेष्ठ र श्रीमती तुलसी श्रेष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रन्थ प्रकाशकको संक्षिप्त परिचय

अत्यन्त सरलप्रकृति र भगवद्भक्तिद्वारा मनमा शान्ति लिइरहने श्री जगतलाल श्रेष्ठले यद्यपि अद्वैत संस्थाको सत्संगमा त्यति भाग लिनुभएको छैन तापनि उहाँ अद्वैत सिद्धान्तका अनुगामी हुनुहुन्छ भन्ने कुरा यो उच्चतर ग्रन्थको प्रकाशनमा देखाउनुभएको उहाँको उदारतापूर्ण रुचिले नै पुष्ट गर्दछ। प्रतिदिन भोटाहिटीबाट पैदल पशुपतिनाथको दर्शन गर्न जानु गरीब सन्तमहात्माहरूको उपकार सेवा गर्नु आदि पुण्यकर्ममा लागिरहनुको फल स्वरूप उहाँ देहादि देखि अलग सौषुप्त आनन्दमयलाई (जसको नाम साक्षी हो) आफ्नो स्वरूप भनी प्रतिपादन गरिएको यो उच्चकोटीको ग्रन्थलाई छाप्न प्रेरित हुनुभयो। ४३ वर्षीय श्री श्रेष्ठज्यू यसरी पुण्य बटुलेर आफ्नो परमार्थलाई सुधार्न कटिबद्ध भएका देखिनुहुन्छ यो नै हो उहाँको सारपूर्ण परिचय।

वेदान्तमा प्रवेश गर्नु भएकी ४२ वर्षीय श्रीमती तुलसी श्रेष्ठ आफ्ना आदरणीय पतिदेवबाट आज्ञा पाएर अद्वैत संस्थाको सत्संगमा भाग लिन शुरु गर्नुभयो। गत १० वर्षदेखि लगातार पशुपतिनाथको प्रतिदिन दर्शन गर्ने नियमले ऐले हृदयभित्र साक्षीरूपले पशुपतिनाथलाई प्राप्त गर्न मदत गऱ्यो। उहाँले अद्वैत संस्था केन्द्रीय कार्यालयको सत्संगमा प्रायः भाग लिनुहुन्छ। आफू देहादि संघात हैन साक्षी हो भन्ने कुरामा उहाँको दृढ पत्यार भैसकेको छ।

सद्भक्तिमती मन्दोदरी बज्यैको एकै वचनमा उहाँले आफ्ना श्रीमानको आज्ञा लिएर यो अमूल्य ग्रन्थ प्रकाशनमा अर्थदान गर्नु भयो। उहाँ भन्नु हुन्छ :—"आफूलाई थाहा स्वरूप भनेर संझेकी छु। धन संपत्ति कर्म अनुसार भगवानबाट मिल्छ। पशुपतिमा गएर पनि ब्रह्मज्ञान माग्छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो संस्थाकै सत्संग गर्न मन लाग्छ। पशुपतिनाथ मेरो हृदयभित्र मेरो स्वरूप भएर रहनु भएको कुरा थाहा पाएँ। छोरा छोरीहरूको पालन-पोषण परमात्माबाट भैरहन्छ भन्ने कुरामा ढुक्क भएर केवल ब्रह्मज्ञानको मात्र इच्छा राखेकी छु" इत्यादि।

फजूलमा खर्च नगरी सके सम्म सत्कर्ममा धनको उपयोग गर्न चाहने उहाँको स्वभाव देखिन्छ।

श्रीमती तुलसी श्रेष्ठज्यूका पिता ब्रह्मानन्द भजन गाउनुहुन्थ्यो यसले गर्दा उहाँलाई बाल्यावस्थादेखिनै वेदान्त तर्फको प्रेम रहेको हो। आफू बिलकूलै अनपढ भएर पनि संस्थाबाट प्रकाशित नेपाली ग्रन्थहरू अरुबाट पढाएर उहाँ सुनिरहनुहुन्छ।

यसरी यी दुई दम्पती भवसागर तारक अद्वैत संस्थाको सहारा लिएर आफ्नो जीवनलाई सफल गर्न तत्पर हुनुहुन्छ।

प्रेषक
—एक भक्त

अद्वैत संस्था नेपालद्वारा प्रकाशित पुस्तक प्राप्ति स्थान

[१] अद्वैत संस्था केन्द्रीय कार्यालय,
अद्वैत मार्ग बागबजार,
काठमाण्डौं।

[२] अद्वैत संस्थाका सबै अञ्चल कार्यालय,
जिला कार्यालय र शाखाहरू।

[३] अद्वैत संस्था प्रधान शाखा
ब्रह्माघाट, वाराणसी (भारत)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(9)

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शंकराचार्य र भगवद्दर्शन

(अंगरेजी संस्करण)

आत्मज्ञानविषयक अद्‌भूत प्रकारको यो ग्रन्थ हो। ग्रन्थ-कारले ब्रह्मज्ञानको उत्पत्तिको लागि सुषुप्ति अवस्थाको सम्यक् विचारलाई एकमात्र साधनको रूपमा यहाँ बताउनु भएको छ। किनकि केवल सुषुप्तिमा परमात्माको स्वरूप पाइन्छ। त्यसको आवरक अज्ञानको पूर्णतया अपसारणको लागि जो साधन चाहिन्छ त्यसको पूरा संकेत केवल सुषुप्तिमा नै पाइन्छ।

अद्वैत वेदान्त विषयक चिन्ताधारामा एक नवीन दिशाको उद्‌घाटन गरिएको, ब्रह्मज्ञान प्राप्तिको पूरा बाटो अत्यन्त सरल-रूपमा सम्पूर्ण उपनिषद्‌को सहाराबाट प्रदर्शित भएको यो ग्रन्थ पढे पछि मुमुक्षु चिर सुखी हुनसक्छ।

"वेदान्तविद्या'

तीर्थ प्र

काठम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu